"कृषि पर्यटन पूर्वाधार र रोजगारी : समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी"

## चिङ्गाड गाउँपालिकाको

# शिक्षा योजना

## Education Sector Plan (ESP)

आर्थिक वर्ष २०८१/२०८२ देखि २०९१/२०९२

**(दश वर्षे शैक्षिक रणनीति)**


चिङ्गाड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

**शिक्षा, युवा तथा खेलकुद शाखा**

**अवलचिङ्ग, सुर्खेत**

## संरक्षक तथा सल्लाहकार

श्री बोधबिक्रम जि.सी., अध्यक्ष
श्री मिना कुमारी रोकाय, उपाध्यक्ष
श्री मणिराम खराल, प्रमुख प्रशासकीय अधिकृत
तुलसी के.सी., वरिष्ठ शिक्षा अधिकृत

## योजना निर्माण कार्यदल

| | |
|---|---|
| संयोजक | : श्री बोधबिक्रम जि.सी., अध्यक्ष |
| सदस्य | : श्री मिना कुमारी रोकाय, उपाध्यक्ष |
| सदस्य | : श्री मणिराम खराल, प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | : श्री विर बहादुर जि.सी. |
| सदस्य | : श्री लाल बहादुर जि.सी. |
| सदस्य | : जनक राज शर्मा |
| सदस्य | : दिप बहादुर जि.सी |
| सदस्य | : मान बहादुर राना |
| सदस्य | : इन्द्रा कडेल |
| सदस्य | : तेज कुमार राना |
| सदस्य | : पदम राज हमाल |
| सदस्य | : बिन्दुलाल रेग्मी |
| सदस्य सचिव | : तुलसी के.सी., वरिष्ठ शिक्षा अधिकृत |
| टंकनकर्ता | : सुवास वि.सी. |

## प्राविधिक सहयोग

यूएसएआईडी प्रारम्भिक कक्षा सिकाइ, कार्यक्रम। किर्डाक नेपाल

**प्रकाशकः** चिङ्गाड गाउँपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा
अवलचिङ्ग, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
**ईमेल :** chingadeducation@gmail.com
**Website** : www.chingardmun.gov.np

**प्रकाशन वर्ष** : २०८१
**सर्वाधिकार** : चिङ्गाड गाउँपालिकामा सुरक्षित
प्रकाशन मिति : २०८१

# अध्यक्षको भनाई



नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ। उक्त धाराको उपधारा १ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, उपधारा २ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने, उपधारा ३ मा अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, उपधारा ४ मा दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकहरूलाई साँस्कृतिक भाषाको माध्यमबाट कानून बमेजिम नि:शुल्क शिक्षा पाउने हक हुने र उपधारा ५ मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसको लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने हक धारा ३८ मा उल्लेखित महिलाको हक को उपधारा ५ मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका अधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने र धारा ४० मा उल्लेखित दलितको हक अन्तर्गत उपधारा २ मा दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षा सम्म कानून बमोजिम छात्रवृत्तिसहित नि:शुल्क शिक्षाको व्यवस्था गरिने छ।

प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिने छ। त्यसै गरि दिगो विकास को लक्ष्य नं. ४ मा समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गर्ने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ। नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तहसम्मको शिक्षामा पहुँच पुर्‍याउने व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय तहलाई माध्यामिक र आधारभूत विद्यालय सम्बन्धी २३ वटा अधिकारहरू प्रदान गरिएको छ। जसको बुँदा नं. १ मा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख भएको हुनाले यस पालिकाको शिक्षा क्षेत्रको विकास, सुधार र गुणस्तरीयताको सुनिश्चितता गर्ने हेतुले यस पालिकाको शिक्षा क्षेत्र सुधार योजना २०८१–२०९१ निर्माण गरिएको छ। मानवीय विकासका साथ साथै विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गरी समग्र चिङ्गाडको विकास गर्न सक्ने क्षमतावान, साक्षर सीप विकास, आत्मनिर्भर, अनुशासित र नैतिकवान नागरिक तयार हुनेछन्। यस योजनालाई कार्यान्वयनका लागि चिङ्गाड गाउँपालिका भित्रका सम्पूर्ण विद्यालय, शिक्षा शाखा, शिक्षक, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सँघ, गाउँकार्यपालिका गाउँसभा, गाउँ शिक्षा समिति र चिङ्गाडभित्र रहेका राजनितिक दलहरू तथा शिक्षासँग सरोकार राख्ने सम्पूर्ण सरोकारवाला निकायहरूलाइ हार्दिक अनुरोध गर्दछु। यस योजना निर्माणको क्रममा अहोरात्र खटिने योजना निर्माण कार्यदलका सदस्यहरू, यस पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका सम्पूर्ण कर्मचारीहरू, कार्यपालिका र गाउँ शिक्षा समितिका पदाधिकारीहरू सदस्यहरू, सम्पूर्ण विद्यालयका प्र.अ., शिक्षकहरू, अन्य स्थानीय बुद्धिजिवीहरू लगायत अन्य सहयोग उपलब्ध गराउने सबैप्रति हार्दिक आभार प्रकट गर्दछु।

..............................

बोध विक्रम जि.सी.

अध्यक्ष

चिङ्गाड गाउँपालिका, सुर्खेत

# उपाध्यक्षको भनाई



नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । उक्त धाराको उपधारा १ ले पत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, उपधारा २ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने, उपधारा ३ मा अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, उपधारा ४ मा दृष्टिविहिन नागरिकलाइ ब्रेल लिपि तथा बहिरा र स्वर वा बोलाइ सम्वन्धि अपांगता भएका नागरिकलाई साँस्कृतिक भाषाको माध्यमबाट कानून बमेजिम नि:शुल्क शिक्षा पाउने हक हुने र उपधारा ५ मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसको लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने हक धारा ३८ मा उल्लेखित महिलाको हकको उपधारा ५ मा महिलालाइ शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका अधारमा विशेष अवसर प्रराप्त गर्ने हक हुने र धारा ४० मा उल्लेखत दलितको हक अन्तर्गत उपधारा २ मा दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षा सम्म कानून बमाजिम छात्रवृति सहित नि:शुल्क शिक्षाको व्यवस्था गरिने छ, प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमेजिम विशेष व्यवस्था गरिने छ । त्यसै गरि दिगो विकास को लक्ष्य नं ४ मा समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गर्ने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ, नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्‍याउने व्यवस्था गरिएको हुनाले उक्त व्यवस्थालाई स्थानीय स्तरमा कार्यन्वयन गर्ने जनताको नजिकको सरकार स्थानीय सरकार भएको र संविधान, ऐन कानुनले समेत माध्यमिक तहसम्मको शिक्षाको रेखदे, व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारको जिम्मेवारी भएकाले यस पालिकाले यस योजना निर्माण गरी कार्यान्वयन क्रममा छ । स्थानीय परिवेश सुहाउँदो शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गर्ने र प्रतिफल प्राप्त गर्न चिङ्गाड गाउँपालिका दत्तचित्त भएर लागेको कुरा जानकारी गराँउदछु ।

यस सन्दर्भमा म यति महत्त्वपूर्ण दस्ताबेज तयार गर्न खटिने शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारीहरू, कार्यदलका सयोजक लगायत पदाधिकारिहरू, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलगायत अन्य कर्मचारीहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

..........................................

मिना कुमारी रोकाय
उपाध्यक्ष
चिङ्गाड गाउँपालिका, सुर्खेत



# शिक्षा विकास तथा समन्वय ईकाइ प्रमुखको भनाई

आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा नि:शुल्क र माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुने संविधानको व्यवस्थालाई कार्यान्वन गर्न अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन-२०७५ तथा नियमावली-२०७७ लागु भएको छ। यसैगरी शिक्षा सम्बन्धीको व्यवस्था संविधानको धारा ३१ लगायतका अन्य धारा तथा धारा ५१ नीतिहरूको निति (ज) मा पनि गरिएको छ, जसलाई व्यवहारमा कार्यान्वयन गर्न सबै बालबालिकाहरूलाई शिक्षामा समान तथा समतामूलक पहुँचको व्यवस्था हुनुपर्ने छ।

यसैगरी शिक्षाको समतामूलक पहुँच नि:शुल्क तथा गुणस्तरीय शिक्षा सबैलाई सुनिश्चिततताका लागि सन् २०१६ देखि २०३० सम्मको १५ वर्षीय दिगो विकासका १७ वटा लक्ष्यमध्ये लक्ष्य नं. ४ मा शिक्षाको व्यवस्था गरिएको छ। शिक्षाको अधिकारलाई विकेन्द्रित गर्ने हेतुले स्थानिय सरकार सञ्चालन ऐन-२०७४ कार्यान्वयनमा आएको छ, जसको दफा ११ (२) को उपदफा (ज) मा स्थानीय तहलाई आधारभूत तथा माध्यमिक विद्यालय सम्बन्धी २३ वटा अधिकारहरू प्रदान गरिएको छ।

माथि उल्लेखित शिक्षा सम्बन्धी व्यवस्थाहरूलाई आत्मसात् गर्ने हेतुले यस चिङ्गाड गाउँपालिकाले निर्माण गरेको यो दश वर्षे शिक्षा क्षेत्र योजना (२०८१-२०९१) मा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछु।

...............................
प्रमुख
शिक्षा विकास तथा समन्वय इकाई
सुर्खेत

# प्रमुख प्रशासकीय अधिकृतको भनाई



सुर्खेत जिल्लाको ९ वटा स्थानीय तहमध्ये चिङ्गाड गाउँपालिका भौगोलिक दृष्टिकोणले पछि परेको भएतापनि विभिन्न जातजाति, पेशा, वर्ग, समुदाय आदिमा विविधताले भरिएको पालिका हो। शैक्षिक क्षेत्रमा पनि विविधता रहेको पाइन्छ। यस प्रकारको विविधतालाई सम्बोधन गर्न नेपालको संविधानले माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४, आवधिक योजनाहरू, अनिवार्य शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, विद्यालय क्षेत्र सुधार कार्यक्रम लगायत गाउँपालिकाले तर्जुमा गरेको शिक्षा सम्बन्धी कानुनको प्रदत्त अधिकारको उपयोग गरी जनप्रतिनिधि, विज्ञ तथा सरोकारवाला सबै पक्षसँग गहन छलफल गरी निर्माण गरिएको गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना (२०८१-२०९१) गाउँपालिकाको शैक्षिक विकासको लागि एउटा महत्वपूर्ण दस्तावेजको रुपमा रहेको छ।

गाउँपालिकाको शैक्षिक क्षेत्रमा सबै वर्गको पहुच स्थापना गरी दक्ष, अनुशासित र सकारात्मक सोच भएका जनशक्ति उत्पादनमा सहयोग पुगोस भन्ने हेतुले पालिकाले यो योजना निर्माण गरेको हो। गाउँपालिकाको बहुपहिचानलाई आत्मसात गर्दै पालिकाको शैक्षिक अवस्थाको विश्लेषणसहित यो योजना तयार गरिएको छ। यस योजना निर्माण कार्यमा तदारुकता देखाउनु हुने अध्यक्षज्यू, उपाध्यक्षज्यूलगायत जनप्रतिनिधिज्यूहरू, शिक्षा शाखा प्रमुख लगायत कार्यालयका सम्पूर्ण कर्मचारी, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद्, विज्ञ टोली, लगायत योजनालाई मूर्त रुप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग गर्न प्रधानाध्यापक, शिक्षकलगायत सम्पूर्ण सरोकारवाला महानुभावहरूले आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको सहयोगबाट यो योजना निर्माण सम्भव भएकाले सम्पूर्णप्रति धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा यस योजनाले गाउँपालिकाको समग्र शैक्षिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्नुका साथै खोज अनुसन्धान र अध्यनको लागि समेत सरोकारवालालाई सहयोग गर्नेछ भन्ने विश्वासका साथ योजनाको प्रभावकारी र सफल कार्यान्वयनको कामना गर्दछु।

.....................................

मणिराम खराल
**प्रमुख प्रशासकीय अधिकृत**
चिङ्गाड गाउँपालिका, सुर्खेत

# शिक्षा शाखा प्रमुखको भनाई



योजनालाई भविष्यको मार्गदर्शक पनि भनिन्छ। खासगरी संविधानद्वारा स्थानीय तहलाई प्रदत्त अधिकारहरू र नेपालले अन्तर्राष्ट्रिय समुदाय समक्ष गरेका विभिन्न प्रतिबद्धताहरू होस् या आफ्नै सिर्जनात्मक एवम प्रगतिशील सोचलाई पूर्णतातर्फ लैजान होस् एउटा रणनीतिक सोचको खाँचो त अवश्य पर्दछ।

संविधानमा उल्लेखित शिक्षा सम्बन्धी अधिकार, सोह्रौं आवधिक योजना, दिगो विकासका शिक्षा सम्बन्धी लक्ष्य जसको लक्ष्य नम्बर ४ अन्तर्गत गुणस्तरीय शिक्षाको जिकिर गरिएको छ। त्यसैगरी विद्यालय क्षेत्र विकास योजनाका लक्ष्यहरू हाँसिल गर्न र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ को विक्रम संवत् २०८५ सम्ममा सबै नेपाली नागरिकलाई आधारभूत शिक्षामा पहुँच पुगाउने लक्ष्य लगायतका पक्षहरूमा चिङ्गाड गाउँपालिकाले राख्ने दूरदृष्टि लक्ष्य उद्देश्य रणनीति तथा कार्यहरू सम्बन्धमा स्पष्ट हुन जरुरी भएको र उक्त आवश्यकतालाई सम्बोधन गर्न चिङ्गाड गाउँपालिकाको आफ्नै गाउँ शिक्षा योजनाको आवश्यकता महशुस अझ बढी गरिएको हो। यस योजना निर्माण प्रक्रियामा हामीले चिङ्गाड गाउँपालिकाका शिक्षासँग सरोकार राख्ने विभिन्न व्यक्तित्त्वहरूका प्रत्यक्ष एवम परोक्ष सल्लाह संकलन गरी योजनालाई तथ्यपरक बनाउन चिङ्गाड गाउँपालिकाको एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा भएका विभिन्न शैक्षिक सूचाङ्कहरू राष्ट्रिय जनगणना २०७८ का विभिन्न तथ्यांकहरू र कतिपय विद्यालयका भौतिक विवरणहरू प्रत्यक्ष विद्यालयमा नै गएर समेत संकलन गरिएको छ। त्यसैगरी पालिकाको वार्षिक बजेट नीति तथा कार्यक्रम पुस्तिकाको पनि तथ्यपरक ढङ्गले प्रयोग गरिएको छ। चिङ्गाड गाउँपालिका गाउँ शिक्षा समितिले निर्माण गरेको योजना निर्माण समितिका सम्पूर्ण सदस्यहरूको सहभागिताले यस योजनाले पूर्णता पाएको हो र योजना निर्माणमा प्राविधिक सहयोग गर्ने किर्डाक नेपालका प्रतिनिधि सरहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको छ। योजना निर्माण प्रकृयामा प्रारम्भदेखि अन्तसम्ममा अभिभावकीय भूमिका निर्वाह गर्नुहुने पालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, अन्य कर्मचारी साथीहरू र शिक्षा शाखाका प्राविधिक सहायकज्यूको सह्रानीय भूमिका रहेको छ।

योजनाको दस्तावेज निर्माणसँगै आगामी दिनमा योजना कार्यान्वयनको जिम्मेवारी अब स्पष्ट भएको छ। आगामी दिनमा योजना कार्यान्वयन कार्यमा सबै सरोकारवालाहरूको सकारात्मक सहयोगको अपेक्षा गर्दै पुनः योजना निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने सबै जनालाई धन्यवाद व्यक्त गर्दछु।

.....................................

तुलसी के.सी.

**वरिष्ठ शिक्षा अधिकृत**

चिङ्गाड गाउँपालिका

शिक्षा, यूवा तथा खेलकुद शाखा

# विषय सूची


**योजनाको सारांश** **१**

क. विषय प्रवेश १

ख. शिक्षा योजना निर्माणको आवश्यकता ४

ग. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य ५

घ. शिक्षा योजना निर्माण प्रक्रिया ९

ङ. योजनाको लेखाजोखा १०

च. योजना दस्तावेजको स्वरूप ११

**परिच्छेद १ : परिचय** **१२**

१.१ वर्तमान अवस्था १२

(क) भौगोलिक अवस्थितिको विश्लेषण १३

(ख) जनसाङ्खिक संरचनाको विश्लेषण १३

(ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण १३

(घ) आर्थिक अवस्थाको विश्लेषण १४

(ङ) शैक्षिक अवस्थाको विश्लेषण १४

१.२ मुख्य अवसर समस्या तथा चुनौती विश्लेषण १६

१.३. शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण १७

१.४ अवसर १८

**परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** **१९**

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधारहरू १९

२.१.१ संवैधानिक प्रावधान १९

२.१.२ स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४ १९

२.१.३ संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी) २०

२.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ २०

२.२ दूरदृष्टि २०

२.३ लक्ष्य २०

२.४. उद्देश्य २०

२.५ रणनीतिहरू २१

२.६ कार्यनीति २२

२.७ अपेक्षित उपलब्धि ३१

२.८ प्रमुख उपलब्धि सूचकहरू ३२

**परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू** **३९**

३.१ प्रारम्भिक बालविकास र शिक्षा ३९

३.१.१ वर्तमान अवस्था ४०

३.१.२ लक्ष्य ४०

३.१.३ उद्देश्य ४०

३.१.४ रणनीति ४१

३.१.५ प्रमुख उपलब्धि तथा नतिजा ४१
३.१.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ४२
३.२ आधारभूत शिक्षा ४३
३.२.१ वर्तमान अवस्था ४४
३.२.२ उद्देश्य ४४
३.२.३ रणनीति ४५
३.२.४ प्रमुख उपलब्धि तथा नतिजा ४६
३.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य ४७
३.३ माध्यमिक शिक्षा ४९
३.३.१ वर्तमान अवस्था ५०
३.३.२ उद्देश्य ५०
३.३.३ रणनीति ५०
३.३.४ प्रमुख उपलब्धि तथ नतिजा ५१
३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ५२
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ५४
३.४.१ वर्तमान अवस्था ५४
३.४.२ उद्देश्य ५४
३.४.३ रणनीतिहरू ५५
३.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ५५
३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य ५६
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ५६
३.५.१ वर्तमान अवस्था ५७
३.५.२ उद्देश्य ५७
३.५.३ रणनीति ५८
३.५.४ प्रमुख उपलब्धि तथा नतिजा ५८
३.५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ५९

**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू** **६१**

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ६१
४.१.१ वर्तमान अवस्था ६१
४.१.२ उद्देश्य ६२
४.१.३ रणनीति ६३
४.१.४ प्रमुख उपलब्धि तथा नतिजा ६४
४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ६५
४.२ शिक्षक व्यवस्थापन र विकास ६६
४.२.१ वर्तमान अवस्था ६६
४.२.२ उद्देश्य ६७
४.२.३ रणनीति ६७
४.२.४ प्रमुख उपलब्धि तथा नतिजा ६७

४.३ शैक्षिक समता र समावेशीकरण ६८
४.३.१ वर्तमान अवस्था ६९
४.३.२ उद्देश्य ७०
४.३.३ रणनीति ७१
४.३.४ प्रमुख उपलब्धि तथा नतिजा ७२
४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ७२
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ७३
४.४.१ वर्तमान अवस्था ७३
४.४.२ उद्देश्य ७४
४.४.३ रणनीति ७५
४.४.४ प्रमुख उपलब्धि तथा नतिजा ७५
४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ७६
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ७८
४.५.१ वर्तमान अवस्था ७८
४.५.२ उद्देश्य ८०
४.५.३ रणनीति ८१
४.५.४ प्रमुख उपलब्धि तथा नतिजा ८१
४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ८२
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ८३
४.६.१ वर्तमान अवस्था ८३
४.६.२ उद्देश्य ८३
४.६.३ रणनीति ८४
४.६.४ प्रमुख उपलब्धि तथा नतिजा ८४
४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ८५
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ८६
४.७.१ वर्तमान अवस्था ८६
४.७.२ उद्देश्य ८६
४.७.३ रणनीति ८६
४.७.४ प्रमुख उपलब्धि तथा नतिजा ८७
४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ८८

**परिच्छेद ५ : अन्य उपक्षेत्र तथा अन्तरसम्बन्धित विषयहरू ८९**

५.१ उच्च शिक्षाको व्यवस्थापन ८९
५.१.१ वर्तमान अवस्था ८९
५.१.२ उद्देश्य ८९
५.१.३ रणनीतिहरू ८९
५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ९०
५.१.५ मुख्य क्रियाकलापहरू ९०
५.२ सामुदायिक पुस्तकालय ९०

५.२.१ वर्तमान अवस्था ९०
५.२.२ उद्देश्यहरू ९१
५.२.३ रणनीतिहरू ९१
५.२.४ उपलब्धि तथा नतिजा ९१
५.२.५ मुख्य क्रियाकलापहरू ९१
५.३ युवा तथा खेलकुद विकास ९२
५.३.१ वर्तमान अवस्था ९२
५.३.२ उद्देश्य ९२
५.३.३ रणनीतिहरू ९२
५.३.४ मुख्य उपलब्धि र नतिजा ९३
५.३.५ मुख्य क्रियाकलापहरू ९३

**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन** **९५**

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ९५
६.१.१ वर्तमान अवस्था ९५
६.१.२ उद्देश्य ९५
६.१.३ रणनीति ९६
६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ९६
६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ९७
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ९७
६.२.१ वर्तमान अवस्था ९७
६.२.२ उद्देश्य ९७
६.२.३ रणनीतिहरू ९८
६.२.४ प्रमुख उपलब्धि तथा नतिजा ९८
६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ९९

**परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन** **१००**

७.१ वर्तमान अवस्था १००
७.२ उद्देश्य १००
७.३ रणनीतिहरू १०१
७.४ प्रमुख उपलब्धि १०१
७.५ प्रमुख क्रियाकलापहरू र परिमाणत्मक लक्ष्य १०१
७.६ प्रमुख क्रियाकलाप र लक्ष्य १०२

**परिच्छेद ८:** **१०४**

८.१ वर्तमान अवस्था १०४
८.२ उद्देश्य १०५
८.३ रणनीतिहरू १०५
८.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य १०६
८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य १०६

# योजनाको सारांश

## क. विषय प्रवेश

कर्णाली प्रदेशको प्रदेश सदरमुकाम रहेको जिल्ला सुर्खेतको उत्तर पूर्वीभेगमा पर्ने यस चिङ्गाड गाउँपालिकाको शिक्षामा विकास र परिवर्तनका लागि तयार पारिएको प्रस्तुत दश वर्षीय आवधिक शिक्षा योजनामा मुलुकमा भएको राजनीतिक परिवर्तनपछि नेपालको संविधानमा उल्लिखित अनिवार्य र नि:शुल्क शिक्षाको मर्मलाई समेट्ने प्रयास गरिएको छ । योजना निर्माण गर्दा दिगो विकास लक्ष्य, सोह्रौ योजना, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षासम्बन्धी सङ्घीय कानुनहरू, कर्णाली प्रदेशको पहिलो आवधिक योजनाको आधारपत्र, गाउँ शिक्षा ऐन एवं संघीय स्तरमा भएका आयोगका प्रतिवेदन समेतलाई आधार लिइएको छ । यस योजनामा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत र माध्यमिक शिक्षा, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ, गुणस्तरीय शिक्षा, पाठ्यक्रम र पाठ्यसामग्री, विद्यालय व्यवस्थापन, शिक्षक व्यवस्थापन र पेसागत विकास, शिक्षासँग सम्बन्धित सवालहरू, शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि, उच्च शिक्षा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, संस्थागत क्षमता विकास, लगानी र स्रोत व्यवस्थापन, शिक्षामा कमजोर वर्गको पहुँच, समावेशी शिक्षा र अनुगमन तथा मूल्याङ्कनसम्बन्धी अलग अलग सवालमा दश वर्षको उद्देश्य, रणनीति र कार्यक्रमहरू विस्तृत रूपमा तयार गरिएको छ ।

सबैका लागि शिक्षा (२००१-२०१५) का लक्ष्य र उद्देश्य पूरा गर्नका लागि आर्थिक वर्ष २०६६/०६७ देखि सुरु भएको विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६-०७२) विद्यालय शिक्षाको समग्र दस्तावेजको रूपमा अगाडि ल्याइएको थियो । सो कार्यक्रमको समाप्ति र प्रभावकारीतासँगै आर्थिक वर्ष २०७३/०७४ देखि विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४-०७९/०८०) को निर्माण भई कार्यान्वयन भएको थियो । यस पश्चात् विद्यालय शिक्षा क्षेत्र योजना (**SESP**) कार्यान्वयनमा लगिएको छ । शिक्षा क्षेत्रमा भएको विकेन्द्रीकरणको प्रयासको फलस्वरुप एकातिर विद्यालयहरूले आफ्नो विद्यालयको सुधार र रुपान्तरणको लागि पाँच वर्षे विद्यालय सुधार योजना निर्माण गर्नेदेखि लिएर गाउँ वा गाउँपालिकाले गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन हुदै गएका छन् । नेपाल सरकारले विद्यालय शिक्षाका सबै कार्यक्रमहरू विद्यालय शिक्षा क्षेत्र योजनामार्फत सर्सत अनुदानका रूपमा स्थानीय तहमा हन्तान्तरण हुँदै आएका छन् । शिक्षक र कर्मचारीको तलब भत्तादेखि नि:शुल्क पाठ्यपुस्तक, छात्रवृत्ति वितरण, दिवा खाजा वितरण लगायत थुप्रै शीर्षकमा अनुदान नियमित रूपमा विद्यालयहरूलाई प्रदान गरिँदै आइएको छ । प्रदेश र स्थानीय तहले समेत शिक्षातर्फ वित्तीय समानीकरण अनुदान पनि विनियोजन गरी विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिरहेको अवस्था छ । चिङ्गाड गाउँपालिकामा समेत वित्तीय समानीकरण अनुदान, आधारभूत शिक्षा परीक्षा सञ्चालन र बालवालिकाको शिक्षामा समतामूलक पहुँच र शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि सहयोग गर्ने खालका थुप्रै कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ ।

गाउँपालिका क्षेत्रभित्र सञ्चालित सबै सामुदायिक विद्यालयहरूले आफ्नो विद्यालयको सुधार र रुपान्तरणको लागि विगतदेखि नै पाँच वर्षे विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्ने कार्य निरन्तर गरिरहेका छन् । साविककका तीन वटा गाउँ विकास समिति र एक वटा सामुदायिक सिकाइ केन्द्र एवं सामुदायिक

विद्यालयहरूको नेतृत्त्वमा गाउँपालिकाको साक्षरता दरमा समेत उल्लेख्य वृद्धि गरेको अवस्था छ । विद्यालय शिक्षामा समतामूलक पहुँच, टिकाउ दरमा वृद्धि, भौतिक पूर्वाधारमा सुधारोन्मुख, विद्यालयमा सूचना प्रविधिको विस्तार, समावेशी र समतामूलक शिक्षा, बालमैत्री विद्यालय र विद्यालय शान्ति क्षेत्र जस्ता पक्षमा उल्लेख्य प्रगति भएको पाइन्छ ।

सबै बालवालिकाहरूका लागि सर्वाङ्गीण विकासमा केन्द्रित गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु र अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु योजनाको मुख्य उद्देश्य हो । यस योजनाले योजना अवधिभर गाउँपालिकालाई अनौपचारिक वैकल्पिक र खुला शिक्षाका माध्यमबाट जीवनपर्यन्त निरन्तर शिक्षाको अवसरहरूको सुनिश्चित गर्ने र प्राविधिक शिक्षा तथा व्यवसायिक सिप विकासमा सबैको समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्ने समेत उद्देश्य लिएको छ । विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधताअनुकूल बनाई बालवालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्ने र आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालवालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने कार्य समेत यस योजनाको उद्देश्यमा समेटिएका छन् ।

बदलिंदो परिवर्तन तथा परिस्थितिलाई मध्यनजर गर्दै शिक्षामा समयानुकूल परिवर्तन गर्न जरूरी छ भन्ने महसुस गरेर विद्यालय तहको संरचनामा भएको परिवर्तन एवं आन्तरिक सुशासन, सुधार एवं दक्षतामा अभिवृद्धि गरी गुणात्मक परिवर्तनका कार्यक्रमहरू योजनामा समावेश गरिएका छन् । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गरी यसलाई सबै बालवालिकाका लागि अनिवार्य गर्ने र नक्साङ्कनका आधारमा पालिका क्षेत्रभित्र विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालवालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्ने रणनीति योजनाले अगाडि सारेको छ । योजनाले अपनत्त्वको सिर्जना, नेतृत्वको सवलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेसागत नैतिकताको प्रवर्द्धन र लगानी अभिवृद्धिद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालवालिकाहरूलाई विद्यालयमा भर्ना गरी निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धी सुधारमा सहयोग गर्न आवश्यक पर्ने सहयोग प्रणाली लागू गर्ने र साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवम् व्यवसाय, सामाजिक जीवन र सहभागीतासँग आवद्ध गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रहरूको कार्यक्षमतामा सवलीकरण गर्ने कार्यलाई प्राथमिकता दिएको छ । विद्यालय शिक्षामा सुशासन प्रवर्धन गर्नका लागि विद्यालयको नेतृत्व प्रणालीमा सुधार गरी सूचना प्रविधिमा आधारित व्यवस्थापन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गर्ने पाटो पनि योजनाको मुख्य रणनीतिका विषय बनेका छन् । त्यसैगरी योजनामा आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि विद्यालयको शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत एवं मानवीय स्रोत व्यवस्थापन गर्ने र शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कार्यसँग सम्बन्धित कार्यक्रमहरू पनि समावेश गरिएका छन् ।

योजना बिनाको कार्य गन्तव्य बिहीन यात्रा जस्तो हुनेमा सचेत हुँदै दश वर्षीय शिक्षा योजना निर्माण गरिएको हो । चिङ्गाड गाउँपालिकाको आवधिक दश वर्षीय शिक्षा क्षेत्र योजना २०८१ देखि २०९१ निर्माण गरी

कार्यान्वयन गर्ने गरी तयार गरिएको छ। स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गरी योजना निर्माण प्रक्रियालाई अगाडि बढाउनका लागि गाउँपालिकाका अध्यक्ष बोध विक्रम जी.सी. ज्यूको संयोजकत्वमा शिक्षा योजना निर्माण कार्यदल गठन गरी जिम्मेवारी विभाजन गरिएको थियो । योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट भएको थियो । योजना निर्माणका लागि सरोकारवालाहरूसँग व्यापक छलफल र अन्तरक्रिया गरिनुका साथै  योजनालाई प्रधानाध्यापक बैठक, सामाजिका विकास समिति, गाउँ शिक्षा समिति, गाउँ कार्यपालिकाको बैठकमा समेत छलफल तथा स्वीकृतिको लागि प्रक्रिया पूरा गरी अन्तमा गाउँ सभाबाट स्वीकृत गरिएको थियो।

यस योजनाको अन्तसम्ममा सबै बालवालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने र अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिक र गुणस्तरमा सुधार हुने अपेक्षा गरिएको छ। गाउँपालिका क्षेत्रभित्र का सबै सामुदायिक विद्यालयहरूमा उच्च भौतिक संरचना निर्माण, यस पालिका भित्र बसोबास गर्ने सबै नागरिकहरूको साक्षरता दर बृद्धि, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने योजनाले परिकल्पना गरेको छ।

दिगो विकास को लक्ष्य नं ४ मा समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ। नेपालको अनिवार्य तथा नि;शुल्क शिक्षा सम्बन्धी ऐन २०७५ अनुसार वि.सं २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्‍याउने व्यवस्था उल्लेख गरिएको छ। यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय तहलाई माध्यामिक र आधारभूत विद्यालय सम्बन्धी २३ वटा अधिकारहरू प्रदान गरिएको छ। जसको बुँदा नं १ मा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन,मापदण्ड, योजना तर्जुमा,कार्यान्वयन, अनुगमन,मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख छ।

शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९, मा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ। संघीय सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ। यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सु–व्यवस्थित बनाउन आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपुर्ण समाजको विकास सहित गुणस्तरीय र समावेशी, समतामुलक शिक्षा सबै नागरिकलाई प्रदान गरी सुखी नेपाली सम्वृद्ध नेपालको नारालाई साकार पार्न गाउँपालिकाले शिक्षा योजना २०८१–२०९१ तयार गरिएको छ। यसका साथै गाउँपालिका अन्तर्गतका शिक्षा सम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठीहरू सञ्चालन गरी शिक्षा सम्बन्धी सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो । यस योजनाले प्रत्येक बालवालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन्। यसै परिवेशमा  यस स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न शिक्षा सम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्त्वपूर्ण भूमिका सहित योजना निर्माण  गरिएको छ।  यसमा भएका व्यवस्थाहरूलाई आ आफ्नो क्षेत्रमा लागु गर्नु सबै

नागरिकको कर्तव्य रहनेछ। गुणस्तरीय शिक्षाको विकास गरी सीपयुक्त नागरिक तयार गर्न र समृद्ध गाउँपालिकाको रुपमा विकास गर्न यो नीतिले उल्लेख्य भूमिका खेलेको छ।

## ख. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान २०७२ को धारा ३१ को उपधारा ५ सम्म शिक्षालाई मौलिकहकका रूपमा व्यवस्था गरेको छ। शिक्षामा पहुँच वढाउन र शिक्षा लाई नि:शुल्क र अनिवार्य बनाउने सम्बन्धी धारा ३१ को उपधारा १ र २ मा व्यवस्था गरेको छ। त्यसैगरी उपधारा क्रमशः ३,४ र ५ ले अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ।

दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ (सन् २०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने महत्त्वपूर्ण साधनका रूपमा पनि यस योजनालाई हेरिएको देखिन्छ। साबिकका उपलब्धि, सिकिएका पाठहरू तथा सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (सन् २००१–२०१५) अन्तर्गत सञ्चालन गरिएका सबैका लागि शिक्षा कार्यक्रम (सन् २००४–२००९) र विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९–२०१६) का एकीकृत कार्यसूचीहरू यस योजनाका प्रमुख मार्गदर्शक हुन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षा सम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँट, मुलुकको आर्थिक–सामाजिक रुपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, पन्ध्रौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मूल आधारकोरुपमा लिएको छ। शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहूँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन यो नयाँ शिक्षा नीति आवश्यक रहेको र संघीय ढाँचा अनुरूप सरकारका तीन वटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढंगले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकुल शिक्षा नीतिको जरुरत पर्ने भएकाले सोहि ध्येय पुरा गर्न यो शिक्षा योजना निर्माण गरिएको हो।

नि;शुल्क तथा अनिवार्य शिक्षा सम्बन्धी ऐन २०७५ मा शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवं संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यन्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मखु राष्ट्र निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गरी शिक्षालाई सर्वव्यापी जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरीय बनाउनका लागि अनिवार्य तथा नि:शुल्क शिक्षाको व्यवस्था गरेको र यस सम्बन्धी नियमावली २०७७ ले परिच्छेद ६ सम्म व्यवस्था गरेको छ।

दिगो विकासको लक्ष्य २०३० मा शिक्षा सम्बन्धी लक्ष्य ४- समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने दिगो विकास लक्ष्य ४ अन्तर्गतः

(क) सन् २०३० सम्ममा सबै छात्र छात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकुन् भन्ने उद्देश्यले नि:शुल्क, न्यायोचित तथा गुणात्मक आधारभूत र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने,

(ख) सबै छात्र छात्राहरूलाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्ने,

(ग) क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक, व्यावसायिक र विश्वविद्यालयसम्मकै शिक्षामा सबै महिला र पुरुषहरूको समान पहुँचको सुनिश्चितता गर्ने,

(घ) रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सीपदक्षता भएका युवा र वयस्कहरूको सङ्ख्या वृद्धि गर्ने,

(ङ) शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने र कमजोर अवस्थामा रहेका मानिसहरूको लागि शिक्षा र व्यावसायिक तालिमका सबै तहहरूमा समान पहुँचको सुनिश्चितता गर्ने जस्ता परिमाणात्मक लक्ष राखेको छ ।

यसरी शिक्षाको समग्र विकासका लागि विभिन्न क्षेत्रसँग सहकार्य गर्दै स्थानीय तहको जनशक्ति र आवश्यकतालाई समेटि कार्यान्वयन गर्दा अझ प्रभावकारी हुने देखिन्छ । शैक्षिक क्षेत्रको विकेन्द्रिकरण सँगसँगै नेपालको संविधान स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकार सञ्चालनका लागि अधिकार प्रत्यायोजन  गरेको छ । सोहि अनुसार आधारभूत र माध्यमिक तहको शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र परेकोले शैक्षिक योजना बनाइ सोको कार्यान्वयन गर्नका लागि महत्त्वपूर्ण रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ भित्र पर्ने शिक्षा सम्बन्धी २३ वटा अधिकार व्यवस्था गरेको छ । नेपाल आफैंमा विविधतायुक्त देश हो । नेपालमा सयभन्दा बढी जातजाति र भाषाभाषी, विविध धर्मावलम्बी र संस्कृति छन् । नेपालमा भौगोलिक विविधतामा आधारित सांस्कृतिक र सामाजिक विविधता पनि विद्यमान रहेको छ । यो विविधतामा अनेकौं सौन्दर्यता पनि लुकेको छ । विधितामा एकता नेपाली समाजको विशेषता हो । विविधताको सौन्दर्यतालाई राष्ट्रिय भावनामा बदल्न सके मात्र विविधताले सकारात्मक परिणाम दिन सक्छ । सकारात्मक परिणाम दिन सक्ने गरी गरिएको व्यवस्थापन अहिलेको सामयिक आवश्यकता हो । विविधता नेपाल राज्यको मौलिक पहिचान हो ।  यसैले विविधताको व्यवस्थापन नेपालको सन्दर्भमा समेत उपयोगी रहेको छ ।

## ग. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

चिङ्गाड गाउँपालिकाले शिक्षालाई सदैव पहिलो प्राथमिकताको रुपमा लिएको छ । गुणस्तरीय शिक्षाको वातावरण तयार गर्न सकेमात्र समृद्ध पालिका हुन्छ भन्ने कुरालाई गाउँपालिकाले मनन गरेको छ । गाउँपालिकाले शिक्षाको विकासलाई मुख्य प्राथमिकतामा राखेको छ । विद्यालय शिक्षा क्षेत्र योजना (SESP) लाइ लिएर पालिका शिक्षा  कस्तो हुने भन्ने कुराको प्रतिविम्बनसहित नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता, शिक्षा नीति, विभिन्न घोषणाहरू, नेपालको संविधानले प्रदत्त गरेको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था अनुरुप कार्य गर्न शिक्षालाई महत्त्वपूर्ण विषयका रुपमा आत्मसात् गर्दै आएको छ । साथै यस क्षेत्रको शैक्षिक विकासका लागि गाउँपालिकाले विभिन्न प्रयासहरू गरेको छ । शिक्षा

योजना निर्माणको क्रममा योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, अपेक्षित उपलब्धि र मुख्य मुख्य कार्यसम्पादन सूचकको लक्ष्य निर्धारण उल्लेख गरिएका छ ।

छरिएर रहेका बस्तिहरू र समुदायमा  बाल विकास केन्द्रहरू स्थापना गरी पहुँच बृद्धि गर्ने  । कम्तिमा एक सामुदायिक विद्यालयमा एक बालविकास कक्षा तथा समग्र शैक्षिक क्षेत्रमा समावेशी, बालमैत्री र अपाङ्ग मैत्री प्रणालीको नीति अवलम्बन गर्ने । साथै निरन्तर तथा अनौपचारिक शिक्षाको माध्यमबाट साक्षरता र साक्षरोत्तर शिक्षाका कार्यक्रमहरू सबै वडाहरूमा सञ्चालन गरी  निरक्षरता उन्मूलन गर्ने । विद्यालयको भौतिक पूर्वाधार विकासका लागि भवन, कक्षाकोठा निर्माण, खानेपानी, शौचालय निर्माण, छात्रा सेनेटरीको व्यवस्था जस्ता पक्षलाई महत्त्वका साथ बजेट विनियोजन  प्राथिमिकतामा छन् ।

तीनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्धन स्थापित गर्न, संघ र प्रदेशबाट प्रदान गरिने स्रोतलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न, कार्यक्रम र स्रोतमा देखिएका अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता आदि जस्ता समस्याहरूलाई न्यूनीकरण गर्न, साझा विषयहरूमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन । स्थानीय शैक्षिक आवश्यकता, लक्ष्य तथा उद्देश्य, नीति नियम, शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता समेतलाई प्रभावकारी कार्यान्वयन गराउन ।

मुलुकको समृद्धि र समुन्नतिका लागि आवश्यक पर्ने सबै प्रकारको दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाहरूको सञ्चालन र व्यवस्थापनमा शैक्षिक सुशासन कायम भएको हुनेछ । साधारण शिक्षा, प्राविधिक शिक्षा र सीपमुलक तालिमलाई एकीकृत र समन्वयात्मक ढंगले अघि बढाउदै यस पालिका शिक्षाको लागि सबैको आकर्षणको केन्द्र बनाउने तर्फ अगाडि बढाउन यो योजनाको आवश्यक छ ।यही सन्दर्भलाई मध्यनजर गरेर  यस शिक्षा क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा  निःशुल्क आधारभूत, माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा पालिकाले अवको १० वर्ष सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि,  उद्देश्यहरूले र रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरीएको छ ।

यस गाउँपालिका भित्र ४१ वटा सामुदायिक र १  वटा संस्थागत गरी जम्मा ४२ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । जसमा कक्षा १ देखि ३ सम्म सञ्चालित सामुदायिक विद्यालय १८, कक्षा १ देखि ५ सम्म सञ्चालित सामुदायिक विद्यालय ११ र १ संस्थागत गरेर १२ विद्यालय, कक्षा १ देखि १० सम्म सञ्चालित सामुदायिक विद्यालय २, कक्षा १ देखि ८ सम्म सञ्चालित सामुदायिक विद्यालय ५, कक्षा ६ देखि १२ सम्म सञ्चालित सामुदायिक विद्यालय ५, सामुदायिक सिकाइ केन्द्र ३ र प्राविधिक धारका विद्यालय सीटीइभिटी तहको प्रि-डिप्लोमा ३ वटा रहेका छन् ।

| क्र.सं. | विवरण | संख्या | सामुदायिक | संस्थागत |
|---|---|---|---|---|
| १ | विद्यालय | ४२ | ४१ | १ |
| २ | प्रारम्भिक बालविकास र शिक्षा (संघ) | ३३ | ३३ | |
| ३ | प्रारम्भिक बालविकास र शिक्षा (पालिका) | ९ | ९ | |
| ४ | कक्षा १-३ सम्मका विद्यालय | १८ | १८ | |

| क्र.सं. | विवरण | संख्या | सामुदायिक | संस्थागत |
|---|---|---|---|---|
| ५ | कक्षा १-५ सम्मका मात्र विद्यालय | १२ | ११ | १ |
| ६ | कक्षा१-८ सम्मका मात्र विद्यालय | ५ | ५ | |
| ७ | कक्षा १-१० सम्मका मात्रविद्यालय | २ | २ | |
| ८ | कक्षा १-१२ सम्मका विद्यालय | ५ | ५ | |
| ९ | कक्षा ६-१२ सम्मका विद्यालय | ५ | ५ | |
| १० | प्राविधिक धारका विद्यालय सिटिइभिटी तहको प्रि डिप्लोमा | ३ | ३ | |
| ११ | सामुदायिक सिकाइ केन्द्र | ३ | ३ | |
| १२ | क्याम्पस | ० | ० | |

*तालिका: गाउँपालिकामा रहेका शैक्षिक संस्थाहरूको संख्या*

IEMIS प्रतिवेदन २०८१ अनुसार चिङ्गाड गाउँपालिकाको शिक्षक विद्यार्थी अनुपात बालविकासमा १:१५.३, आधारभूत तह (१-५) १:२०, आधारभूत तह (६-८) १:२३, माध्यामिक तह (९-१०) १:१६ र माध्यामिक तह (११-१२) १:५३ रहेको छ। यस पालिकामा विभिन्न तहमा अध्ययनरत बालवालिका ४५१९ रहेका छन्, जसमा छात्रा २२८३ र छात्र २२३६ छन्। पालिकामा रहेका सामुदायिक विद्यालयमा ४३७७ (२२३३ छात्रा र २१४४ छात्र) बालवालिका र निजी वा संस्थागत विद्यालयमा १४२ (५० छात्रा र ९२ छात्र) बालवालिका अध्यनरत रहेका छन्। विभिन्न तह अनुसार बाल विकासमा ६५०, जसमा छात्रा २९८ र छात्र ३५२, आधारभूत तह (१-५) २१०३ जसमा छात्रा १०१९ र छात्र १०८४, आधारभूत तह (६-८) १०२१ जसमा छात्रा ५४२ र छात्र ४७९,माध्यामिक तह (९-१०) ५३२ जसमा छात्रा २९३ र छात्र २३९ र माध्यामिक तह (११-१२) १३१जसमा छात्रा १३१ र छात्र ८२ रहेको छ।

| क्र.सं. | तह | शैक्षिक सत्र २०८१ | | | सामुदायिक विद्यालयमा मात्र | | | निजी विद्यालयमा मात्र | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | प्रारम्भिक बालबिकास तह | २९८ | ३५२ | ६५० | २७९ | ३२४ | ६०३ | १९ | २८ | ४७ |
| २ | आधारभूत तह कक्षा (१-५) | १०१९ | १०८४ | २१०३ | ९८८ | १०२० | २००८ | ३१ | ६४ | ९५ |
| ३ | आधारभूत तह कक्षा (६-८) | ५४२ | ४७९ | १०२१ | ५४२ | ४७९ | १०२१ | ० | ० | ० |
| ४ | माध्यामिक तह (९-१०) | २९३ | २३९ | ५३२ | २९३ | २३९ | ५३२ | ० | ० | ० |
| ५ | माध्यामिक तह (११-१२) | १३१ | ८२ | २१३ | १३१ | ८२ | २१३ | ० | ० | ० |

| क्र. सं. | तह | शैक्षिक सत्र २०८१ | | | सामुदायिक विद्यालयमा मात्र | | | निजी विद्यालयमा मात्र | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ६ | प्राविधिक धार (संख्या माथि जोडिएको) | ० | ० | ० | | | ० | ० | ० | ० |
| | **जम्मा** | **२२८३** | **२२३६** | **४५१९** | **२२३३** | **२१४४** | **४३७७** | **५०** | **९२** | **१४२** |

शिक्षा योजना निर्माणको आधार नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । उक्त धाराको उपधारा १ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, उपधारा २ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने, उपधारा ३ मा अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, उपधारा ४ मा दृष्टिविहिन नागरिकलाइ ब्रेल लिपि तथ बहिरा र स्वर वा बेलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुने र उपधारा ५ मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खेल्ने हक धारा ३८ मा उल्लेखित महिलाको हक उपधारा ५ मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका अधारमा विशेष अवसर प्रराप्त गर्ने हक हुने र धारा ४० मा उल्लेखित दलितको हक अन्तर्गत उपधारा २ मा दलित विद्यार्थीलाइ प्राथमिक देखि उच्च शिक्षा सम्म कानून बमोजिम छात्रवृति सहित नि:शुल्क शिक्षाको व्यवस्था गरिने छ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिने छ, जस्ता मौलिक हकहरू संविधानले प्रदत्त गरेको छ । दिगो विकासका लक्ष्य हाँसिल गरी वि.सं. २०८७ (सन्२०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने महत्त्वपूर्ण साधनका रूपमा पनि यस योजनालाई हेरिएको छ । राष्ट्रिय शिक्षा नीति,२०७६ ले नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षासम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँड, मुलुकको आर्थिक–सामाजिक रुपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिवद्धता, सोह्रौ योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मूल आधार मानिएको छ । शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन यो नयाँ शिक्षा नीति आवश्यक पर्दछ । संघीय ढाँचा अनुरूप सरकारका तीन वटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढङ्गले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकुल शिक्षा नीतिको आवश्यक पर्दछ । शिक्षा क्षेत्रका नीतिहरूलाई एकीकृत र संहिताबद्ध गरी एकीकृत राष्ट्रिय शिक्षा नीतिको खाँचो पूरा गर्ने ध्येयले यो राष्ट्रिय शिक्षा नीति तर्जुमा गर्नु परेको छ ।

अनिवार्य तथा नि: शुल्क  शिक्षा सम्बन्धी ऐन, २०७५ शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको  आधारभतू मानव अधिकार एवं संविधानमा प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यन्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा  आधारित समाजवाद उन्मखु राष्ट्र निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवं समतामूलक पहुँचु र निरन्तरता सुनिश्चित गरी  शिक्षालाई सर्वव्यापी जीवनोयोगी, प्रतिस्पर्धा एवं गुणस्तरिय वनाउनका लागि अनिवार्य तथा नि:शुल्क र अनिवार्य शिक्षाको व्यवस्था गरेको र यस सम्बन्धी नियमावली, २०७७ ले परिच्छेद-६ सम्म व्यवस्था गरेको छ। दिगो विकासको लक्ष्य २०३० मा शिक्षा सम्बन्धी लक्ष्य ४ मा  समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्न दिगो विकास लक्ष्य ४ अन्तर्गत निम्न उपलक्ष्यहरू तय गरिएको छ।

क. सन् २०३० सम्ममा सबै छात्रछात्रहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक परिणामहरू प्राप्त हुन सकुन् भन्ने उद्देश्यले नि:शुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने,

ख. सबै छात्र छात्राहरूलाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास हेरचाह र पूर्वप्राथमिक शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्ने, गुणस्तरीय प्राविधिक क्षमताले धान्न सकिने तथा, व्यावसायिक र विश्वविद्यालयसम्मकै शिक्षामा सबै महिला र पुरुषहरूको समान पहुँचको सुनिश्चितता गर्ने,

घ. रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सिप र दक्षता भएका युवा र वयस्कहरूको सङ्ख्या वृद्धि गर्ने र

ङ. शिक्षामा लैङ्गिक अवस्थामा रहेका मानिसहरूको लागि असमानताहरूको अन्त्य गर्ने र कमजोर शिक्षा र व्यावसायिक तालिमका सबै तहहरूमा समान पहुँचको सुनिश्चितता गर्ने जस्ता परिमाणात्मक लक्ष राखेको छ। यसरी शिक्षको समग्र विकासका लागि विभिन्न क्षेत्रसँग सहकार्य गर्दै स्थानीय तहको जनशक्ति र आवश्यकतालाई समेटी कार्यान्वियन गर्दा अझ प्रभावकारी हुने देखिन्छ।

यसका साथसाथै शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले बालमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, समता रणनीति, दिगो विकास लक्ष्य ४ अन्तर्गत गुणस्तरीय शिक्षाको राष्ट्रिय ढाँचा, १६औँ पञ्चवर्षिय योजना, सफा तथा स्वच्छ भौतिक पूर्वाधार निर्माण गरी अनुकूल सिकाई वातावरणको सुनिश्चितता गर्नु जस्ता पक्षलाई योजना निर्माणको आधार  बनाइएको छ।

## घ. शिक्षा योजना निर्माण प्रक्रिया

चिङ्गाड गाउँपालिकाले १० वर्षे आवधिक गाउँपालिका शिक्षा योजना निर्माणको लागि पालिकाभित्रका सवै पक्ष र तहको सहभागितालाई सुनिश्चित गरेको छ। गाउँपालिकाले पालिका भित्र योजनाको सुरुवातमा प्रत्येक विद्यालयका अभिभावक, शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजिवी लगायतका शिक्षासँग सरोकार राख्ने वर्गको प्रत्यक्ष सहभागितामा छलफल गरेको छ। शिक्षाको विगतको अनुभव, वर्तमान अवस्थाको पहिचान र भावि कार्यक्रमको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई कार्यान्वयन तहसम्म पुर्याइ प्रतिफल दिन आफैमा कठिन र चुनौतिपुर्ण छ। यसको कार्यान्वयनमा थप सफलता हासिल गर्नका लागि सहभागितामुलक तरिकाले योजना निर्माणलाई मुख्य जोड दिइएको छ। हाम्रो शिक्षाको विकास हाम्रै लागि भन्ने सोच राखेर स्थानीय

सरोकारवालाहरूको अधिकतम् सहभागितामा तयार पारिएको शिक्षा योजनाको निर्माणको चरणमा तपसिल बमोजिमको प्रकृया अवलम्वन गरिएको छ।

यस गाउँपालिकाको दश वर्षे आवधिक गाउँ शिक्षा क्षेत्र योजना निर्माणको लागि गाउँपालिका यस क्षेत्रभित्रका सबैपक्ष र तहको सहभागितालाई सुनिश्चित गरिएको छ। शिक्षा क्षेत्र योजना निर्माणको क्रममा शिक्षा,बिज्ञान तथा प्रबिधि मन्त्रालयले उपलब्ध गराएको स्थानीय तहको शिक्षा क्षेत्रको योजना नमूना दिग्दर्शन २०८१,शिक्षा योजना निर्माणका लागि प्रारम्भिक कक्षा सिकाइ कार्यक्रमले पालिकाका जनप्रतिनिधि, कर्मचारी र अन्य सरोकारवालालाई अभिमुखीकरण, योजना निर्माण कार्यदल गठन गरी योजना निर्माणका लागि जिम्मेवारी बाँडफाँड गरि योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको, सरोकारवालाहरू बिशेष गरि विद्यालयका शिक्षक, अभिभावक, शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजीवी लगायतका शिक्षासरोकारसँगको प्रत्यक्ष सहभागितामा छलफल तथा लेखन कार्य गरिएको, समूहगत छलफलगरि प्राप्त सुझावका आधारमा दोस्रो मस्यौदा तयार पुर्न लेखन गरि शिक्षा समिति,कार्यपालिकामा छलफल गरि गाउँ सभामा छलफल गरि अनुमोदन गरिएको। यसको कार्यान्वयनमा थप सफलता हासिल गर्नका लागि सहभागितामुलक तरिकाले योजना निर्माणलाई मुख्य जोड दिइएको छ। हाम्रो शिक्षाको विकास हाम्रै लागि भन्ने सोच राखेर स्थानीय शिक्षा सरोकारवालाहरूको अधिकतम सहभागितामा तयार पारिएको शिक्षा योजना निर्माणको चरणमा तपसिल बमोजिमको प्रकृया अवलम्बन गरिएको छ।

## ङ. योजनाको लेखाजोखा

योजनाको तयारी गरी सके पछि योजनाको विश्वसनियता, वस्तुनिष्ठ र लगानी योग्य छ छैन भनेर यसका विविध पक्षहरू समेटेर यसको लेखाजोखा गरिनु पर्छ। जुन योजना कार्यान्वयन गर्नु पूर्व महत्त्वपूर्ण कार्य तथा अङ्ग मानिन्छ। निर्माण भएको योजना लेखाजोखा कार्यलाई सम्बन्धित स्थानीय तहले आन्तरिक र बाहिरका विभिन्न विषयगत समिति तथा क्षेत्रगत कार्यदल गठन तथा परिचालन गरियो। साथै स्थानीय विज्ञ, शिक्षा शास्त्री, शिक्षक, बौद्धिक व्यक्तित्व र शिक्षा क्षेत्रमा लामो समय अनुभव संगालेका व्यक्तित्वहरूको सुझाव सल्लाह समावेश गरिएको थियो। योजना निर्माणको क्रममा समावेशिकरण हुनेगरी महिला, अपाङ्ग सञ्जाल, शिक्षक महासंघ तथा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको सक्रिय सहभागिता रहेको थियो भने, शिक्षा योजना निर्माण मूल समितिमा यस पालिकाका अध्यक्ष संयोजक सदस्यमा पालिकाको उपाध्यक्ष लगायत सम्पूर्ण कार्यपालिका सदस्यहरू र सदस्य सचिवमा शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख रहनुभएको थियो।योजनाको सान्दर्भिकतामा यस पालिकाको खुद भर्ना दर, कुल भर्नादर, लैङ्गिक समता र प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १मा भर्नाहुने दर, कक्षा १-३, कक्षा १-५, कक्षा १-८, कक्षा ९-१० र कक्षा ११-१२ मा उत्तीर्णदर र विद्यार्थीको टिकाउ दर लगायत अन्य उपलब्धि समेत कम देखिएको सन्दर्भमा यस योजनाको निर्माण तथा कार्यान्वयन गर्नु पर्ने प्रयाप्त आधार रहेकाले यसको सन्दर्भ विश्लेषण गरि तयार गरिएको छ, यस योजनामा आठ ओटा परिच्छेदको निर्माण गरिएको, यस योजनाले परिच्छेद २ मा राष्ट्रिय, प्रादेशिक तथा यस चिङ्गाड गाउँपालिका दुरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति निर्माण तथा त्यसको अन्तर सम्वन्ध विकास गरिएको छ जसले शिक्षा योजनाको सक्षमता देखाएको छ। यसैगरि परिच्छेद ३ मा शिक्षा क्षेत्रको उपक्षेत्र अनुसारको

विषयगत क्षेत्र प्रस्तुत गरिएको छ ,जसमा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यामिक शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिका र जीवनपर्यन्त शिक्षा को परिचय वर्तमान अवस्था अवसर तथा चुनौतिहरू, उपलब्धि र प्रमुख नतिजा, क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य सहभागितात्मक तरिकाले प्रस्तुत गरिएको छ। यसका साथै परिच्छेद ४ मा अन्तर सम्बन्धित विषय तथा क्षेत्र राखिएको छ भने परिच्छेद ५ मा प्राविधिक तथा व्यवसायिक शिक्षा र पुस्तकालय व्यवस्थापनलाई प्रस्तुत गरिएको छ । परिच्छेद ६ मा सुशासन तथा व्यवस्थापनलाई सस्थागत संरचनाको विकास र योजना कार्यान्वयको प्रवन्धमा राखेर विकास गरिएको छ । परिच्छेद ७ मा लगानी र स्रोत व्यवस्थापन पक्षा राखिएको छ भने परिच्छेद ८ मा भने अनुगमन तथा मूल्याङ्कन प्रस्तुत गरिएको छ साथै यसको प्रभावको बारेमा व्याख्या गरिएको छ ।

## च. योजना दस्तावेजको स्वरूप

चिङ्गाड गाउँपालिकाकले शिक्षा योजना निर्माण सम्बन्धी मार्ग दर्शन २०८१ को परिमार्जन तथा अध्यावधि संस्करण २०८१को अनुसूची १ बमोजिमको ढाँचामा आधारित भई तयार परिएको छ । यस योजनाको परिचय खण्डभन्दा पहिला योजनाकोकार्यकारी सारांश, विषयसूची, तालिकाहरूको सूची, चित्रहरूको सूची समावेश गरिएको छ ।

# परिच्छेद १ : परिचय

## १.१ वर्तमान अवस्था

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । उक्त धाराको उपधारा १ ले प्रत्येक नागरिकलाई अधारभुत शिक्षामा पहुँचको हक हुने, उपधारा २ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने, उपधारा ३ मा अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, उपधारा ४ मा दृष्टिविहिन नागरिकलाई ब्रेल लिपि तथ बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साँस्कृतिक भाषाको माध्यमबाट कानून बमेजिम नि:शुल्क शिक्षा पाउने हक हुने र उपधारा ५ मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसको लागि विद्यालय तथा शैक्षिक संस्था खेल्ने हक धारा ३८ मा उल्लिखत महिलाको हकउपधारा ५ मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने र धारा ४० मा उल्लिखित दलितको  हक अन्तर्गत उपधारा २ मा दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षा सम्म कानून बमोजिम छात्रवृतिसहित नि:शुल्क शिक्षाको व्यवस्था गरिने छ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिने छ ।

दिगो विकास को लक्ष्य नं ४ मा समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गर्ने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ । नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्‍याउने व्यवस्था उल्लेख गरिएको छ । यसै गरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२) को उपदफा (ज) अनुसार स्थानीय तहलाई माध्यमिक र आधारभूत विद्यालय सम्बन्धि २३ वटा अधिकारहरू प्रदान गरिएको छ । जसको बुँदा नं १ मा प्रारम्भिक बालविकास १ मा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा,कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख छ ।

शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ मा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ । संघीय सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ । यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्म अनुसार स्थानीय तहको शिक्षालाई सु-व्यवस्थित बनाउन, गुणस्तरीय र समावेशी, समतामूलक शिक्षा सबै नागरिकलाई प्रदान गरि सुखि नेपाली सम्वृद्ध नेपालको नारालाई साकार पार्न गाउँपालिकाले शिक्षा योजना २०८१–९१ तयार गरेको छ । यसका साथै गाउँपालिका अन्तर्गतका शिक्षा सम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठीहरू सञ्चालन गरी शिक्षा सम्बन्धी सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो । यस योजनामा व्यवस्था गरिएका सबै कुराहरू कार्यान्वयन गर्न शिक्षा सम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्त्वपूर्ण भूमिका रहनेछ । यसमा भएका व्यवस्थाहरूलाई आ-आफ्नो क्षेत्रमा लागु गर्नु सबै  नागरिकको कर्तव्य रहनेछ । गुणस्तरीय शिक्षाको विकास गरी सीपयुक्त नागरिक तयार गर्न र समृद्ध गाउँपालिकाको रुपमा विकास गर्न यो नीतिले उल्लेख्य भूमिका खेलेको छ ।

## (क) भौगोलिक अवस्थितिको विश्लेषण

सुर्खेत जिल्लाको उत्तरपूर्वमा रहेको अधिकांश भूभाग पहाडी क्षेत्रले बनेको यो चिङ्गाड गाउँपालिका साविकका रजेना, रानीवास, मटेला, अवलचिङ्ग र पाम्का गाविसहरू मिलेर बनेको छ । तुलानात्मक रूपमा गोलो आकृती भएको यो गाउँपालिकाको अक्षांश २८° ३१' ५०" उत्तरदेखि २८° ४३' ५०" उत्तर सम्म र देशान्तर ८१° ४४' ५१" पूर्व देखि ८१° ५५' १४" पूर्व सम्म फैलिएको छ । यस गाउँपालिकाको नाम चिङ्गाड गाउँपालीका नामकरण रहनुमा साविकमा यस क्षेत्रलाई चिङ्गाड दरा भनिने र सुर्खेत जिल्लाको चिङ्गाड खोला पनि यसै क्षेत्र भएर बग्ने हुँदा चिङ्गाड गाँउपालिका नाम प्रस्ताव गरिएको थियो । चिङ्गाड शब्द चिङ् र गाड शब्द मिलेर बनेको छ । चिङ् शब्दले बस्ती वा समुदायलाई बुझाउँछ उत्त बस्तीको बिचबाट खोला बगेको हुदाँ स्थानीय भाषामा खोलालाई भेल वा गाड भनिने हुदाँ यसलाई चिड़गाड भनिएको हो । चिड़गाड खोलाले यस गाउँपालिका भित्र पर्ने सबैजसो साविकका गाविसहरूलाई छोएर बग्दछ । यस गाउँपालिकाको सन्दर्भमा स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समिति सुर्खेतको मिति २०७३/०७/१९ गतेको निर्णय अनुसार ६ वटा वडाहरू कायम गर्दै सोको अस्थायी केन्द्र चिङ्गाड गाउँपालिका वडा नं ५ अवलचिङ्ग र यसको नाम चिङ्गाड गाउँपालिका राख्ने निर्यण गरि स्थानीय तह पुनसंरचना आयोगमा प्रतिवेदन पठाईएको थियो ।

## (ख) जनसाङ्खिक संरचनाको विश्लेषण

यस गाउँपालिकको २०७८ सालको राष्ट्रिय जनगणना अनुसार कुल जनसंख्या १५हजार ६सय जना रहेकोमा पुरूष ७ हजार ३ सय ६७ जना र महिला ८ हजार २ सय ३३ जना रहेका छन् भने क्षेत्रफल १७०.१ वर्ग किमि रहेको छ । यो गाँउपालिका सुर्खेत जिल्लाका ९ वटै स्थानीय तहरूमा क्षेत्रफल तथा जनसङ्ख्या दुबैको हिसाबले सबैभन्दा सानो स्थानीय तह रहेको छ ।

| वडा नं. | कुल परिवार संख्या | जनसंख्या | | | औसत परिवार सङ्ख्या | लैगिंक अनुपात | क्षेत्रफल (वर्ग कि.मि.) | जनघन्त्व (प्रति वर्ग कि.मि.) |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | | |
| १ | ५६५ | २५५४ | १२२८ | १३२६ | ५ | ९३ | ४० | ६४ |
| २ | ७०१ | ३२४३ | १४७७ | १७६६ | ५ | ८४ | ३७ | ८७ |
| ३ | ५८६ | ३०२१ | १४५७ | १५६४ | ५ | ९३ | १९ | १५७ |
| ४ | ५०२ | २६०३ | १२३६ | १३६७ | ५ | ९० | ३२ | ८१ |
| ५ | ४९७ | २२१४ | १०२४ | ११९० | ५ | ८६ | १४ | १५४ |
| ६ | ४४६ | १९६५ | ९४५ | १०२० | ४ | ९३ | २७ | ७३ |
| **कुल जम्मा** | **३२९७** | **१५६००** | **७३६७** | **८२३३** | ५ | ९० | **१७०** | ९२ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८, तथ्याङ्क कार्यालय सुर्खेत*

## (ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

यस क्षेत्रमा पशुपालन, कृषिको उच्च सम्भावना रहेको यस गाँउपालिका जातिय रूपमा क्षेत्री, दलित, मगर, गुरुङ तथा ब्राह्मणहरूको मिश्रित बसोबास रहेको देखिन्छ। यस क्षेत्रका समुदायले नेपाली भाषालाई

मातृभाषाको रूपमा प्रयोग गरेको पाईन्छ यस क्षेत्रमा खेतीयोग्य जमिनका अतिरिक्त ठुलो भु-भाग जङ्गलले ढाक्नुका साथै भिरालो जमिनले बनेको हुदाँ यस क्षेत्रका मानिसहरू जिविकोपार्जनका लागि परम्परागत कृषि, पशुपालनका अतिरिक्त नोकरी, व्यापार व्यावसायमा संलग्न रहेका छन् । अहिले पनि बाह्रै महिना सडक यातायातको पहुँच बाट बञ्चित यस क्षेत्रका समथर जमिनको अत्यन्त अभाव रहेको छ ।

## (घ) आर्थिक अवस्थाको विश्लेषण:

सिंचाईका लागि १२ महिना सिंचाईको सुविधाको लागि नदी खोला तथा भूमिगत जलश्रोत उपलब्ध यस क्षेत्रमा १७५४ हे. जमिनमा सिंचाईको सुविधा उपलब्ध रहेको छ । कुल क्षेत्रफलको १२.२% भूभाग खेतीयोग्य जमिन रहेको यस क्षेत्रमा व्यवसायिक रुपमा कृषि उत्पादनका लागि आवश्यक उर्वर खेतीयोग्य जमिन, वनजङ्गल तथा घाँसे क्षेत्र रहेको छ । बाख्रापालन, कुखुरापालन, मौरीपालन, बेसारखेती, अदुवाखेती, मकै तथा गहुँखेतीमा अधिक उत्पादकत्व र पकेट सम्भाव्य क्षेत्रका रुपमा रहेको छ । कृषि सेवाकेन्द्र तथा पशु सेवा केन्द्रहरूबाट सुलभ सेवा स्थानीय स्तरमा उपलब्ध रहेको छ । उद्योग तथा व्यवसाय तर्फ घट्ट सङ्ख्या ५८, मिल सङ्ख्या ५४ वटा तथा ६ वटा उद्योग, ६ स्थानमा थोक बजार तथा २० स्थानमा खुद्रा बजार र ५६९ व्यवसायिक फर्म रहेका छन् ।

## (ङ) शैक्षिक अवस्थाको विश्लेषण:

यस गाउँपालिकाको शैक्षिक सुधारका लागि सामुदायिक र संस्थागत गरेर ४२ वटा विद्यालय रहेका छन् । पालिकामा ४१ सामुदायिक र १ संस्थागत विद्यालय छन् । भने बालविकास ३३ संघ बाट ९ पालिका द्वारा सञ्चालित, कक्षा१– ३ सम्मका विद्यालय सम्म सञ्चालित १८, कक्षा१– ५ सम्मा मात्रका विद्यालय १२, कक्षा१–८ सम्मका मात्र विद्यालय ५ वटा, कक्षा१–१० सम्मका मात्र विद्यालय, कक्षा १–१२ सम्मका विद्यालय ५, कक्षा६–१२ सम्मका विद्यालय १२, प्राविधिकधारका विद्यालय सिटिइभिटी तहको प्रि डिप्लोमा ३ विद्यालयमा र ३ वटा सामुदायिक सिकाई केन्द्र सञ्चालनमा रहेका छन् :

| क्र.सं. | विवरण | संख्या | सामुदायिक | संस्थागत |
|---|---|---|---|---|
| १ | विद्यालय | ४२ | ४१ | १ |
| २ | प्रारम्भिक बालबिकास र शिक्षा केन्द्र (संघ ) | ३३ | ३३ | |
| ३ | प्रारम्भिक बालबिकास र शिक्षा केन्द्र(पालिका ) | ९ | ९ | |
| ४ | कक्षा१— ३ सम्मका विद्यालय | १८ | १८ | |
| ५ | कक्षा१— ५ सम्मा मात्रका विद्यालय | १२ | ११ | १ |
| ६ | कक्षा१—८ सम्मका मात्र विद्यालय | ५ | ५ | |
| ७ | कक्षा१— १० सम्मका मात्र विद्यालय | २ | २ | |
| ८ | कक्षा१— १२ सम्मका विद्यालय | ५ | ५ | |
| ९ | कक्षा६— १२ सम्मका विद्यालय | १२ | १२ | |

| क्र.सं. | विवरण | संख्या | सामुदायिक | संस्थागत |
|---|---|---|---|---|
| १० | प्राविधिक धारका विद्यालय सिटिइभिटी तहको प्रि डिप्लोमा | ३ | ३ | |
| ११ | सामुदायीक सिकाइ केन्द्र | ३ | ३ | |
| १२ | क्याम्पस | ० | ० | |

चिङ्गाड गाउँपालिकाको साक्षरता दर ७४ प्रतिशत रहेको छ जसमा महिला ६७ प्रतिशत र पुरूष ८३ रहेको छ। पालिकाको शैक्षिक अवस्था हेर्ने हो भने तपसिल बमोजिम प्रस्तुत गरिएको छ।

| क्र.सं. | साक्षरताको अवस्था | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | पढ्न र लेख्न दुबैजान्ने | ५३६९ | ४९७७ | १०३४६ |
| २ | पढ्न मात्र जान्ने | ४४ | ६१ | १०५ |
| ३ | पढ्न र लेख्न दुबैनजान्ने | १०७० | २४१२ | ३४८२ |
| ४ | साक्षरता उल्लेखनभएको | ३ | ३ | ६ |
| ५ | साक्षरता दर | ८३ | ६७ | ७४ |

*तालिका: गाउँपालिकाको साक्षरता अवस्था*

| क्र. सं. | विवरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | विद्यालय गईरहेका | ४४२४ | ७५ | २१५१ | ७७ | २२७३ | ७४ |
| २ | विद्यालय नगएका | १३२५ | २३ | ६०१ | २१ | ७२४ | २४ |
| ३ | विद्यालय कहिल्यै नगएका | ११६ | २ | ४८ | २ | ७८ | २ |
| ४ | नखुलेको | ८ | ० | ३ | ० | ५ | ० |

*तालिका: विद्यालय जाने/नजाने विद्यार्थी*

| क्र. सं. | विवरण | स्थायी | | | रहत | | | संघिय अनुदान | | | पालिका अनुदान | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | | |
| १ | बाल बिकास | ३३ | ० | ३३ | ० | ० | ० | ० | ० | ० | ९ | ० | ९ | ४२ | १८.८ |
| २ | आधारभूत तह कक्षा १-५ | १९ | ५६ | ७५ | १३ | १४ | २७ | | | ० | | | ० | १०२ | ४५.५ |
| ३ | आधारभूत तह कक्षा ६-८ | ३ | १६ | १९ | | ३ | ३ | | ४ | ४ | ३ | १५ | १८ | ४४ | १९.६ |

| क्र.सं. | विवरण | स्थायी | | | रहत | | | संघिय अनुदान | | | पालिका अनुदान | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | |
| ४ | माध्यामिक तह ९-१० | ० | ७ | ७ | २ | १० | १२ | ० | ६ | ६ | २ | ७ | ८ | ३२ | १४.३ |
| ५ | माध्यामिक तह ११-१२ | ० | ० | ० | ० | ४ | ४ | ० | ० | ० | ० | ० | ० | ४ | १.८ |
| ६ | प्राविधिक धार | ० | ० | ० | | | ० | | | ० | | | ० | ० | ०.० |
| | **जम्मा** | ५५ | ७९ | १३४ | १४ | ३१ | ४५ | ० | १० | १० | १३ | २२ | ३५ | २२४ | |
| | **प्रतिशत** | ४१.० | ५९.० | १००.० | ३१.१ | ६८.९ | १००.० | ०.० | १००.० | १००.० | ३७.१ | ६२.९ | १००.० | | |

*तालिका: शिक्षक दरबन्दी विवरण*

## १.२ मुख्य अवसर समस्या तथा चुनौती विश्लेषण

**मुख्य समस्याहरुः**

यस पालिकामा विशेषत विद्यालय उमेरका सबै बालवालिकाहरू विद्यालयको पहुँचमा पुर्याउन नसकिनु, विद्यालयमा बालवालिकाहरू उपयुक्त उमेरमा भर्ना नहुनुर बालविवाह न्यूनीकरण हुन नसक्नु, पालिका स्तरिय शिक्षा नीति निर्देशिका तथा मापदण्डहरूको निर्माण तथा कार्यान्वयन हुन नसक्नु, विद्यार्थीहरूको सिकाइ उपलब्धी अपेक्षित  हुन नसक्नु, भर्ना भएका बालवालिकाहरूलाई विद्यालयमा टिकाउन र सिकाउन नसक्नु, शिक्षक विद्यार्थी अनुपात नमिल्नु र विषयगत शिक्षकको अभाव, विद्यालयहरूमा भौतिक पूर्वाधारको अभाव, नियमित रुपमा विद्यार्थीहरूको स्वास्थ्य जाँच तथा रिफेरल सहयोगको अभाव (अपाङ्गताको स्क्रिनिङ समेत),विद्यालयमा स्वच्छ खानेपानी,  शौचालयको अभाव, छात्रामैत्री शौचालय तथा सेनिटरी प्याडको उचित व्यवस्थापन नहुनु र शिक्षकहरूको पेशागत विकास र प्राविधिक सहयोगको अभाव,नविद्यालयमा शैक्षिक सामग्री निर्माण र प्रयोगको अभाव, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको क्षमता विकासको अभाव  र शिक्षकबीच समन्वयको अभाव, विद्यालयको आन्तरिक सक्षमता कमजोर हुनु, विद्यालयहरूमा विपत प्रतिकार्य योजना निर्माण नहुनु, पाठ्यक्रमले निर्दिष्ट गरेको विद्यार्थी मूल्यांकन प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकिनु र विद्यालयमा सूचना प्रविधिको पहुँच र प्रयोगको अभाव जस्ता मुख्य  समस्या रहेका छन्।

**चुनौतीहरू**

विद्यालय शिक्षामा सर्वव्यापी पहुँचको सुनिश्चितता, भौगोलिक विकटता र छरिएको वस्ती, विद्यालय नक्सांकन गर्न नसकिनु, अपांङ्गता भएका बालवालिका, सबै बालवालिकाहरूलाई विद्यालय सम्मको पहुँच, अपांङ्गतामैत्री भौतिक संरचना नहुनु, सामाजिक तथा सांस्कृतिक रुपले पछि परेका समुदायका

बालवालिकाहरूलाई विद्यालय शिक्षामा मूलप्रवाहीकरण गर्ने विषय प्रमुख चुनौतीको रुपमा रहेको देखिन्छ। सबै विद्यालयमा न्यूनतम् सक्षमताको अवस्थाको सुनिश्चितता, निर्माणात्मक विद्यार्थी मूल्यांकनको कार्यान्वयन हुन नसक्नु, नतिजामूलक रुपमा शिक्षक विकास र व्यस्थापन गर्न नसक्नु, जीवनपर्यन्त सिकाइ अवसरको सुनिश्चितता वातावरण सृजना हुन नसक्नु, स्थानीय योजना तथा बजेट र कार्यक्रममा प्राथमिकता प्राप्त क्षेत्रका रुपमा शिक्षालाई सम्बोधन नगरिनु, पर्याप्तता, समता र नतिजामूलक रुपमा स्रोत साधनको व्यवस्थापन गर्न अप्ठेरो हुनु, सहभागितामूलक रुपमा विद्यालय तहका योजना, बजेट र कार्यक्रमको निर्माण र कार्यान्वयनमा चुनौति देखिनु,शैक्षिक संरचना र संगठनहरूलाई विद्यालयको सुधार, विकास र उन्नयनमा प्रभावकारी रुपमा परिचालन, सरोकारवालासँग शैक्षिक उन्नयका लागि साझेदारी र सहकार्यमा असहजताहुनु, विपद् जोखिमको अवधिमा शिक्षा पाउने अधिकारको सुनिश्चितता, मौजुदा शैक्षिक नीति कानुन र योजनाको प्रभावकारी कार्यान्वयनका लागि नतिजामूलक नियमन, अनुगमन, सुपरीवेक्षण र पृष्ठपोषण आदि चुनौति रहेका छन्।

## १.३. शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

### सवल पक्षहरू

यस गाउँपालिकाले शिक्षा क्षेत्र सुधारका लागि वार्षिक कार्यक्रममा प्राथमिकताका साथ २० प्रतिशत बजेट छुट्याउने गरेको छ। साथै पालिकामा कार्यरत सबै तहका शिक्षक कर्मचारी तथा शिक्षा संग सम्बन्धित सबैलाइ नियमित क्षमता विकासका लागि विभिन्न तालिम गोष्ठी सञ्चालन गरि क्षमतावान शिक्षक तथा कर्मचारी निर्माण गरि गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको छ। स्थानीय पाठ्यक्रम (हाम्रो चिङ्गाड) स्वीकृत गरी कक्षा १-३ सम्मको पाठ्यपुस्तक निर्माण भइ कार्यान्वयन भएको, शिक्षा समितिको गठन भइ शैक्षिक योजना तथा कार्यक्रम निर्माणमा सक्रिय भएको, शिक्षकको पेसागत विकासका लागि विषयगत शिक्षकहरूको सञ्जाल निर्माण भई क्रियाशील बनेको, शिक्षा क्षेत्रमा शिक्षक, संगै बालकालिका संगै अभिभावको आयआर्जन बृद्धि गरि पठन पाठनमा समतामुल पहुँच सुनिश्चित गर्दै, सिपयुक्त दक्ष जनशक्ति निर्माणका लागि नेपालकै एक मात्र नमुनाको रुपमा पढ्दै कमाउदै कार्यक्रमलाई यस गाउँपालिकाले प्राथमिक ताका साथ कार्यान्वयमा ल्याउनु पनि रहेको छ। प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा अनुगमन समिति निर्माण भएको, स्थानीय तह मार्फत नयाँ बाल विकास केन्द्रको स्थापना र थप तलब भत्ताको व्यवस्था भएको, विद्यालय कर्मचारीलाई न्यनूतम् पारिश्रमिक उपलब्ध गराइएको,वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गरी सोही अनुसार कार्यान्वयन गरिएको , पालिकाभरका सम्पूर्ण विद्यालयहरू IEMIS मा आवद्ध भएका, यातायात र खाजा खर्चको व्यवस्था गरी हरेक महिनामा नियमित प्र अ बैठक बसी शैक्षिक मुद्दामा छलफल गरी समाधान गर्ने गरिएको , विद्यालयका कार्यरत शिक्षकहरूको तलबभत्ता मासिक रुपमा EFT सिस्टम मार्फत सम्बन्धित शिक्षकको खातामा निकासा गर्ने गरिएको, अनाथ बालवालिकाहरूलाई पालिकाबाट शैक्षिक सहयोग भएकोर स्थानीय तहको शिक्षा योजना निर्माण प्रकृया अगाडी बढेको छ। साथै यस पालिकामा विद्यालयको गुणस्तर सुधारका लागि स्थानीय तहका विकास साझेदार निकायहरू शिक्षामा सुधार र विकासका लागि साझेदारी र सहकार्य गर्न तत्पर देखिएका।

### चुनौतीहरू

विद्यालय शिक्षामा सर्वव्यापी पहुँचको सुनिश्चितता, भौगोलिक विकटता र छरिएको वस्ती, विद्यालय नक्सांकन गर्न नसकिनु, अपाङ्गता भएका बालवालिका, सबै बालवालिकाहरूलाई विद्यालयको सम्मको पहुँच,

अपाङ्गतामैत्री भौतिक संरचना नहुनु, सामाजिक तथा सांस्कृतिक रुपले पछि परेका समुदायका बालवालिकाहरूलाई विद्यालय शिक्षामा मूलप्रवाहीकरण गर्ने विषय प्रमुख चुनौतीको रुपमा रहेको देखिन्छ। सबै विद्यालयमा न्यूनतम् सक्षमताको अवस्थाको सुनिश्चितता, निर्माणात्मक विद्यार्थी मूल्यांकनको कार्यान्वयन हुन नसक्नु, नतिजामूलक रुपमा शिक्षक विकास र व्यस्थापन गर्न नसक्नु, जीवनपर्यन्त सिकाइ अवसरको सुनिश्चितता वातावरण सृजना हुन नसक्नु, स्थानीय योजना तथा बजेट र कार्यक्रममा प्राथमिकता प्राप्त क्षेत्रका रुपमा शिक्षालाई सम्बोधन नगरिनु, पर्याप्तता, समता र नतिजामूलक रुपमा स्रोत साधनको व्यवस्थापन गर्न अप्ठेरो हुनु, सहभागितामूलक रुपमा विद्यालय तहका योजना, बजेट र कार्यक्रमको निर्माण र कार्यान्वयनमा चुनौति देखिनु,शैक्षिक संरचना र संगठनहरूलाई विद्यालयको सुधार, विकास र उन्नयनमा प्रभावकारी रुपमा परिचालन, सरोकारवालासँग शैक्षिक उन्नयका लागि साझेदारी र सहकार्यमा असहजता हुनु, विपद् जोखिमको अवधिमा शिक्षा पाउने  अधिकारको सुनिश्चितता, मौजुदा शैक्षिक नीति कानुन र योजनाको प्रभावकारी कार्यान्वयनका लागि नतिजामूलक नियमन, अनुगमन, सुपरीवेक्षण र पृष्ठपोषण आदि  चुनौति रहेका छन्।

## १.४ अवसर

संवैधानिक तथा कानूनी आधारहरू सहित आधारभतु तह सम्मको शिक्षा अनिवार्य तथा नि: शुल्क, र माध्यिमक तह सम्म निःशुल्क गरेर सबै बालवालिकाहरूको शिक्षामा पहुँचको अवसर नेपाल सरकारद्वारा प्रदान गर्नु, तीन तहको सरकारहरू बीच समन्वय, सहकार्य र जिम्मेवारी सहित गर्न सकिने अधिकारका साथै माध्यिमक तह सम्मको शिक्षा क्षेत्रको व्यवस्थापनको अधिकार स्थानीय तहको काम र कर्तव्य अन्तर्गत भएको हुँदा आफ्नो स्थानीय तह भित्रका विद्यालयको अनुगमन मूल्याङ्कन तथा पृष्ठपोषण गर्ने, शिक्षक व्यवस्थापन, सिकाइ उपलब्धि संगै अन्य थुप्रै गतिविधि सञ्चालन गरेर समय सापेक्ष शैक्षिक उपलब्धि वृद्धि गर्न सक्ने अवसर स्थानीय तहलाई हुन,  शिक्षामा लगानी वृद्धि गरी गुणस्तरिय गर्न सकिनु, स्थानीय सरकार सञ्चालन ऐन शिक्षाका अधिकारहरू स्थानीय तहमा प्रदान गर्ने, तीन वटै सरकार तथा अन्य संघ संस्थाहरू बाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुन, विभिन्न साझेदारी संस्थाको लगानी तथा सहभागितावाट शिक्षा क्षेत्रमा उल्लेखिय उपलब्धि हासिल गर्न तथा सिक्ने वातावरण हुनु, स्थानीय पाठ्यक्रमको निर्माण भई कार्यान्वयनको चरणमा हनु, नेपालको संविधान (२०७२) ले बालवालिकाहरूको शिक्षा प्राप्तीको अवसर सुनिश्चित गर्ने विषयलाई संबैधानिक दायित्वका रुपमा स्थापित गर्दै संबिधानको अनुसूची ८ मा माद्यामिक तहसम्मको शिक्षाको व्यवस्थापन र सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तह मातहत राखेको छ। संविधान जारी भए पश्चात् दोस्रो कार्यकालको लागि तिनै तहको निर्वाचन भइ संविधानले सिर्जना गरेका दायित्वहरू कार्यान्वयन गर्न तिनै तहका सरकार क्रियाशिल रहेको अवस्था देखिन्छ। संविधानले सिर्जना गरेको दायित्व पुरा गर्न उपलब्ध अवसरहरू रहेका छन्।

# परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधारहरू:-

संविधान, नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजलाई आधार लिएर स्थानीय तहको शैक्षिक योजना निर्माण गर्दछौँ। हामीले के के प्राप्त गर्ने तथा के के उपलब्धि हासिल गर्ने भन्ने बारेमा हाम्रो शैक्षिक योजनाको लक्ष्य निर्धारण यी कार्य गर्नुपूर्व तथा कार्यको दौरानमा हामीले उल्लिखित नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजको प्रावधानलाई योजनाको लक्ष्यमा प्रतिबिम्वित गर्नु अनिवार्य हुन्छ । विद्यालय शिक्षा क्षेत्र योजना (SESP) को अवधिभित्र स्थानीय तहको शिक्षा क्षेत्र कस्तो हुने भन्ने कुराको प्रतिविम्बन यस भागमा रहेकाले योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, अपेक्षित उपलब्धि र मुख्य मुख्य कार्यसम्पादन सूचकको लक्ष्य निर्धारण स्पष्ट हुन नसकेमा योजना प्रभावकारी बन्न सक्दैन । योजनाको दिर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, अपेक्षित उपलब्धि र मुख्य मुख्य कार्यसम्पादन सूचकलाई आधार बनाइएको छ ।

### २.१.१ संवैधानिक प्रावधान

**नेपालको संविधानको धारा ३१:** प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक, अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक, कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

### २.१.२ स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४

**स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४:** दफा ११ (२) ज (स्थानीय तहका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार) प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन, सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन, मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन, गाउँ तथा गाउँ शिक्षा समिति गठन तथा व्यवस्थापन, सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलानविद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन, आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि, स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग लगायत अनुगमन तथा मूल्याङ्कन योजना तयार गरि लागु गर्ने । यसका साथै संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्बन्ध ऐन, २०७७

(योजना निर्माण सम्बन्धी) तथा अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ मा भएको व्यवस्थालाई आधार बनाइ योजना निर्माण गरिएको छ।

### २.१.३ संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी):

आयोजना तर्जुमा र कार्यान्वयनःस्थानीय तह भित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीय स्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्नेछ। प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा संघीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नु पर्नेछ। संघले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्ने सक्नेछ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नु पर्नेछ।

### २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ अनुसार रहनु पर्ने विषयहरू दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नु पर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालवालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ। चारवर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदानगर्नु पर्नेछ। दफा १४ अनुसार वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने।

## २.२ दूरदृष्टिः

जीवनोपयोगी, रोजगारमूलक र गुणस्तरीय  शिक्षा मार्फत समृद्ध चिङ्गाड र सुखी चिङ्गाडी बनाउन योगदान गर्ने।

## २.३ लक्ष्यः

बालवालिकाको शिक्षामा पँहुच सुनिश्चित गरी,सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधीमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने।

## २.४. उद्देश्यहरू:

- सबै बालवालिकाहरूका लागि विद्यालय स्तरको शिक्षामा  समान, समतामूलक तथा गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु,
- शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि सिप  र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संसाधनको विकास गर्नु,

- प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सिप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्नु र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु,
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिबृत्तिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार बनाउनु,
- गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्नु,
- विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउदै विद्यालयकोविकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु ,
- सबै निरक्षरहरूलाई पूर्ण साक्षर बनाई नागरिकको जीवनस्तरमा सुधार गर्नु,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी सार्बजनिक शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्नु,
- विपद्को अवस्थामा बालवालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुऱ्याउनु,
- विद्यालयहरूमा शिक्षक समुह गठन र परिचालन मार्फत सिकाइ आदान प्रदानका माध्यमबाट शिक्षकहरूका पेशागत दक्षतामा अभिवृद्धि गर्नु,
- समुदाय परिचालनको माध्यमबाट विद्यालय र विद्यालय बाहिर रहेका विद्यार्थीको पहुँच बृद्धि गरि पढाइ सिप विकासमा सहयोग गर्नु ।

## २.५ रणनीतिहरुः

१. सबै बालवालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर शुनिस्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्धि गर्ने,

२. सबै बालवालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने,

३. माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता वृद्धि गराइ गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशीर सुरक्षित बनाउने,

४. उच्च शिक्षामा विद्यार्थीको पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव शंसाधनको विकास गर्ने,

५. प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सिप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने,

६. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिबृत्तिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार बनाउने,

७. गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्ने,

८. विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउदै विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने र गुणस्तरीय तथा समतामलूक शिक्षामा बालवालिकाको सहजपहुँचको आधार तयार गर्ने,

९. सबै निरक्षरहरूलाई पूर्ण साक्षर बनाई नागरिकको जीवनस्तरमा सुधार गर्ने,

१०. सार्वजनिक शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने,

११. शिक्षामा आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालवालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवनयापन गर्न सक्षम बनाउने,

१२. सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रबर्द्धन गर्ने,

१३. विपद्को अवस्थामा बालवालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुऱ्याउने ।

## २.६ कार्यनीतिः

### २.६.१ सबै बालवालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्धि गर्ने ।

- सबै बालवालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
- कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,
- जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालवालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,
- स्थानीय पाठ्यक्रमको परिमार्जन, विकास तथा स्थानीय परिवेश अनुसार अनुकूलन गर्ने,
- शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने,
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,
- अभिभावक शिक्षक र विद्यार्थीका विचमा विद्यार्थीको सिकाइ उपलब्धीको विषयमा छलफल गर्ने ।

**२.६.२ सबै बालवालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने।**

- विद्यालय नक्साङ्कन गर्ने,
- विद्यालयहरूको पुनर्वितरण तथा समायोजना गर्ने,
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि कानुन तर्जुमा गर्ने,
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने,
- प्रारम्भिक कक्षा सिकाइ सम्बन्धि क्रियाकलापहरूजस्तै शिक्षक तालिम, शैक्षिक सामाग्रीको निर्माण,कक्षा कोठा व्यवस्थापन ,छापामय कक्षा कोठा निर्माण, कक्षाकोठामा वुक कर्नर स्थापना , शिक्षक अभिभावक अन्तर्क्रिया, पढाइ मेला, घुम्ती पढाइ कुना ,समुदायमा पढाइ कुना र साथी दैतरी शिक्षाको लागि स्रोत व्यवस्थापन गरि  कार्यान्वयन गर्ने,
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालवालिकाहरूको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने,
- न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने,
- शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने,
- विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाईको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने,
- विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,
- सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराउने,
- शिक्षण सिकाइ विधिमा आवश्यक परिमार्जन गर्ने,
- कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने,
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,
- मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अंगको रूपमा प्रयोगमा ल्याउने,
- विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने,
- कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने,
- शिक्षामा कामगर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने,
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने,
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने,

- विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्मम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने,
- विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने,
- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने,
- दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने,
- अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने,
- शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने,
- नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने,
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने,
- शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने ।

**२.६.३ माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता वृद्धि गराई सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउने ।**

- विद्यालयहरूको नक्साङ्कन गर्ने,
- सबै बालवालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने,
- नि:शुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने,
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ,
- वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने,
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने ,
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने ,
- शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,

- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,
- शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,
- विद्यालयहरूलाई प्रकोप,सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने,
- सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गर्ने,
- आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

**२.६.४ उच्च शिक्षामा विद्यार्थीको पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव शंसाधनको विकास गर्ने ।**

- स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यता अनुसार उच्च शिक्षाको प्रबन्धका लागि योजना तयार गर्ने,
- स्थानीय तह क्षेत्रभित्र आवश्यकता अनुसार उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू स्थापना गर्ने,
- खुला एवम् दूर शिक्षा लगायतका व्यस्थामार्फत समेत उच्च शिक्षामा पहुँच वृद्धिका लागि पहल गर्ने,
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गताभएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्न,
- उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,
- विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसर उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,
- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने,
- उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने,
- उच्च शिक्षा विकासका लागि सार्वजनिक, सामूदायिक तथा निजी स्तरमा साझेदारी कार्यलाई प्रोत्साहन गर्ने,

- स्थानीय तहको मानव संशाधन योजनाका आधारमा आवश्यक मानव स्रोत विकासका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्ने,
- आर्थिकरूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने ।

**२.६.५ प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सिप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने ।**

- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने,
- बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने,
- आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने,
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,
- विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने ।

**२.६.६ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृत्तिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार बनाउने ।**

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने,

- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गरिने,
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने,
- विपद् , महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने,
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने,
- शिक्षकको पेसागत सक्षमता विकास गरिने,
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने,
- माध्यम भाषाका रूपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहु भाषा प्रयोग गरिने,
- विद्यालमा आधारित सहयोग पद्धति विकास गरिने,
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालवालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइने,
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने,
- स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिने,
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने ।

**२.६.७ गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्ने ।**

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिने,
- रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने,
- प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,

- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने,
- शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने,
- शिक्षक नियुक्ति, सरुवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने ।

**२.६.८ विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउँदै विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने र गुणस्तरीय तथा समतामलूक शिक्षामा बालवालिकाको सहज पहुँचको आधार तयार गर्ने ।**

- विद्यालयको सुधार योजना बनाई कार्यान्वयन गरिने,
- शैक्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाइने,
- विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन गरिने,
- विद्यालय नक्साङ्कन गरी विद्यालय समायोजन, पनर्वितरण तथा स्थापना गरिने,
- शिक्षक दरबन्दी मिलान तथा प्रधानाध्यापक नियुक्ति,
- विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विनियम तयार गरी कार्यान्वयन गरिने,
- विद्यालयले वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गरी अभिभावक भेला मार्फत सार्वजनिक गरिने,
- नियमित रूपमा विद्यालयको लेखा तथा सामाजिक परिक्षण गरिने,
- विद्यालयको विपद् व्यवस्थापन योजना बनाई कार्यान्वयन गरिने,
- विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागिता, पारदर्शिता, र जवाफदेहिताको सुनिश्चितता गरिने,
- नियमित रूपमा विभिन्न समितिहरू, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरूको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने।

**२.६.९ सबै निरक्षरहरूलाइ पूर्ण साक्षर बनाई नागरिकको जीवनस्तरमा सुधार गर्ने ।**

- सामुदायिक सिकाइ केन्द्रहरूको समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरिने,
- सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघ संसथाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने,
- सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विवधता अनुरूपका सामग्रीको प्रयोग गरिने,
- सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरिने,

- सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवं समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरिने ।

**२.६.१० सार्वजनिक शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने ।**

- शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुनेगरी भौतिक, आर्थिक, शैक्षिक तथा जनशक्ति व्यवस्थापन गरिने,
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा दक्ष, स्वप्रेरित र उत्तरदायी शिक्षक उपलब्ध गराइने,
- शिक्षण पेसामा उच्चयोग्यता र सिप भएका मेधावी व्यक्तिहरू प्रवेश गर्ने वातावरण सिर्जना गरिने,
- विद्यमान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्ड प्रयोगमा ल्याउने,
- शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षालाई समसामयिक बनाउन आधुनिक प्रविधिमैत्री क्रियाकलापमा आधारित विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- प्रारम्भिक कक्षाका बालवालिकाहरूको पठन सिप अभिवृद्धिका लागि प्रयाप्त पठन सामग्रीको व्यवस्था, प्रारम्भिक कक्षा शिक्षण पद्धतिको प्रयोग, शिक्षक पेसागत विकास तथा पेसागत सहयोग उपलब्ध गराउने,
- प्रारम्भिक कक्षाका बालवालिकाहरूका लागि उनीहरूको मातृभाषामा शिक्षण सिकाइ हुने वातावरण सृजना गर्ने,
- विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पुस्तकालय, प्रयोगशाला, Computer Lab आदिको व्यवस्था गरिने,
- कक्षा कोठामा आधारित निरन्तर मूल्याङ्कन तथा आवधिक रूपमा विद्यार्थी उपलब्धि परीक्षण, विश्लेषण, तथा समीक्षा गरी निरन्तर पृष्ठपोषणको लागि संयन्त्र तयार गर्ने,
- सार्बजनिक शिक्षामा सुशासन प्रवर्धन गर्न नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणाली तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी कार्यान्वयन गरिने ।

**२.६.११ शिक्षामा आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालवालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवनयापन गर्न सक्षम बनाउने**

- घरधुरी सर्वेक्षण गरी बालवालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने,
- सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालवालिकाहरूलाई शिक्षा उपलब्ध गराइने,

- आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गरिने,
- आधारभूत तहमा बहु तथा मातृभाषामा सिकाइको अवसरप्रदान गरिने,
- शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरिने,
- आवश्यकताअनुसार पोसाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रबृत्ति उपलब्ध गराइने,
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिने,
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सृजना गरिने,
- विद्यालयमा अभिभावको सहभागिता बढाइने,
- शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गरिने,
- समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालवालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने ,
- टुहुरा ,अनाथ बालिकाहरूको निरन्तर सिकाइको लागि पालिकास्तमा आवासिय विद्यालय सञ्चालनको लागि सहयोग गर्ने ।

**२.६.१२ सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रबर्द्धन गर्ने ।**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने,
- सबै शिक्षकहरूको क्षमता विकास गरिने,
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने,
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने,
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने,
- सामूदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरिने ।

**२.६.१३ विपद्को अवस्थामा बालवालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र वौद्धिक विकासमा सहयोग पुऱ्याउने ।**

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्यर पुनर्स्थापनासम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने,
- सम्भावित प्रकोप तथा विपद्सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गर्ने,

- प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउन आवश्यक तयारी,
- विभिन्न संक्रामक रोगहरूको महामरीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी,
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी,
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण,
- संकटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने,
- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने,
- विपद् प्रतिरोधि भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने,
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
- विपद् व्यवस्थापनको लागि स्थानीय तहर विद्यालयको क्षमता विकास गर्ने,
- विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने,
- विपद् व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकरण गर्ने,
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने।

## २.७ अपेक्षित उपलब्धि:

१. विद्यालय नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ,

२. विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नको लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोशाक, शैक्षिक सामाग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ,

३. विद्यालय वाहिर रहेका सवै बालबालिकहरूलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिदै विभिन्न प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गरी स्थानीय तहले आफ्नो सेवा क्षेत्र भित्र कुनै पनि बालवालिका बाहिर नरहेको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ,

४. सवैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रुपमा पछाडी परेका बालवालिकाहरूलाई विशेष सिकाइ सामाग्री र उचित शैक्षिक अवसरको सृजना गरिनेछ ,

५. शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी वनाउन शिक्षणमा विभिन्न विधिहरूको प्रयोग गर्दै उपयुक्त पाठ्यसामाग्री, सन्दर्भ सामाग्री, स्रोतसामाग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन, शिक्षक पेशागत क्षमता विकास जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## २.८ प्रमुख उपलब्धि सूचकहरू (Key Performance Indicators-KPI)

| क्र. सं. | सूचक | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८८ | सूचकको श्रोत | कार्यसम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ५५ . ९ | ६५ . ९ | ७५.९ | ९९ .९ | शि.मा.श्रो..बि.के. | |
| | | राष्ट्रिय | **८६.४** | **८९.५** | **९४.** | **९९.** | **दि.वि.ल. ४ (ने.रा.का.)** | **फ्ल्यास रिपोर्ट** |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालवालिका (%) | स्थानीय | ७७.६ | ८२. | ८७. | ९७. | शि.मा.श्रो..बि.के. | |
| | | राष्ट्रिय | **६८.७** | **७३.** | **८५.** | **९५.** | **दि.वि.ल. ४ (ने.रा.का.)** | **फ्ल्यास रिपोर्ट** |
| **२. आधारभूत शिक्षा (कक्षा १-८)** | | | | | | | | |
| २.१ | कक्षा १ मानयाँ भर्ना भएका बालवालिकाको खुद प्रवेश दर (%) | स्थानीय | **९८.२** | ९९. | ९९.८ | १०० | शि.मा.श्रो..बि.के. | |
| | | राष्ट्रिय | **९६.८** | **९७.५** | **९९.** | **१००** | **वि.क्षे.वि.यो.** | **फ्ल्यास रिपोर्ट** |
| २.२ | कक्षा १ मानयाँ भर्ना भएका बालवालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १३४.३ | १२९.५ | १२४.५ | ११४. | शि.मा.श्रो..बि.के. | |
| | | राष्ट्रिय | **१२१.९** | **११५.** | **१०७.** | **१०५.** | **वि.क्षे.वि.यो.** | **फ्ल्यास रिपोर्ट** |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | **९८.५** | ९७.५ | ९६.५ | ९३.५ | | |
| | | राष्ट्रिय | **९७.१** | **९९.** | **९९.५** | **१००** | **दि.वि.ल. ४ (ने.रा.का.)** | **फ्ल्यास रिपोर्ट** |
| | | | | | | | **दि.वि.ल. (रा.समीक्षा)** | **दि.वि.ल. (रा.समीक्षा)** |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | **१२६.** | **१२३.** | **१२०.** | **११६.** | | |
| | | राष्ट्रिय | **११८.** | **११५.** | | | **वि.क्षे.वि.यो.** | **फ्ल्यास रिपोर्ट** |
| २.५ | आधारभूत तहकोकक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ९०.७५ | ९२.७५ | ९४.७५ | ९८.७५ | शि.मा.श्रो.बि.के. | |
| | | राष्ट्रिय | **९८.३** | | | | **फ्ल्यास रिपोर्ट** | **फ्ल्यास रिपोर्ट** |
| २.६ | | स्थानीय | **११०.१९** | **१०८ .१९** | **१०६.१९** | **१०२.१९** | | |

| क्र. सं. | सूचक | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८८ | सूचकको श्रोत | कार्यसम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | राष्ट्रिय | ११३. | ११०. | १०७. | १०५. | दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| २.७ | आधारभूत तहकोकक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९२.९ | ९३.९ | ९५.९ | ९८.९ | | |
| | | राष्ट्रिय | ९३. | | | | फ्ल्यास रिपोर्ट | फ्ल्यास रिपोर्ट |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ८९.९ | ९१.९१ | ९३.९ | ९७.९ | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |
| | | | | | | | दि.वि.ल. (रा.समीक्षा) | दि.वि.ल. (रा.समीक्षा) |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका५-९ वर्ष उमेर भन्दा माथिका बालवालिका* (%) | स्थानीय | ५३.६ | ५८.६२ | ६३.६ | ७३.६ | | |
| | | राष्ट्रिय | २२.२ | २०. | १५. | १०. | फ्ल्यास रिपोर्ट | फ्ल्यास रिपोर्ट |
| | | | | | | | दि.वि.ल. ४ (ने.रा.का.) | |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | 1=02 | १.०१ | १.०१ | १. | | |
| | | राष्ट्रिय | १.०२ | | | १.०१ | दि.वि.ल. (रा.समीक्षा) | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९७.१ | ९८.१ | ९९.१ | १०० | | |
| | | राष्ट्रिय | ९३.८ | ९९. | | १०० | पन्ध्रौँ योजना | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | १०६.५ | १०७ | १०८ | ११० | | |
| | | राष्ट्रिय | ११०.४ | | | | फ्ल्यास रिपोर्ट | फ्ल्यास रिपोर्ट |
| | | राष्ट्रिय | ७९.३ | | | ९५. | फ्ल्यास रिपोर्ट | फ्ल्यास रिपोर्ट |
| २.१४ | आधारभूत तहकोकक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ६९.८ | ७४.८ | ७९.८ | ८९.८ | | |
| | | राष्ट्रिय | ७२.७ | | | ९५. | दि.वि.ल. ४ (ने.रा.का.) | फ्ल्यास रिपोर्ट |

| क्र. सं. | सूचक | | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८८ | सूचकको श्रोत | कार्यसम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१५ | आधारभूततह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | 1=13 | **१.१** | **१.७** | **१.१** | | |
| | | | राष्ट्रिय | **१.०१** | **1.01** | | | **फ्ल्यास रिपोर्ट वि.क्षे.वि.यो.** | **फ्ल्यास रिपोर्ट** |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालवालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५६.२४ | ६६.२४ | ७६.२४ | ९६.२४ | | |
| | | | राष्ट्रिय | | | | | **शै.गु.प.के.** | **शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट** |
| | | गणित | स्थानीय | ५७.१८ | ६७.१८ | ७७.१८ | ९७.१८ | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूततह हासिल भएका) बालवालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५३.८ | ६३.८ | ७३.८ | ९३.८ | | |
| | | | राष्ट्रिय | ४५. | ५२. | ६०. | ७०. | **शै.गु.प.के.** | **शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट** |
| | | गणित | स्थानीय | ५१.१५ | ६१.१५ | ७१.१५ | ९१.१५ | | |
| | | | राष्ट्रिय | २८.३ | ४०. | ६०. | ७०. | **शै.गु.प.के.** | **शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट** |
| | | अङ्ग्रेजी | स्थानीय | ५१.८ | ६१.८ | ७१.८ | ९१.८ | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३हासिल भएका) बालवालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५०.१२ | ५५.१२ | ६०.१२ | ७०.१५ | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | **शै.गु.प.के.** | **शै.गु.प.के. रिपोर्ट तथा फ्ल्यास रिपोर्ट** |
| | | गणित | स्थानीय | ४५.६५ | ५५.६५ | ६५.६५ | ८५.६५ | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०. | ६५. | ७०. | **शै.गु.प.के.** | **शै.गु.प.के. रिपोर्ट तथा शैक्षिक सूचना** |
| | | विज्ञान | स्थानीय | ५०.८३ | ६०.८३ | ७०.८३ | ९०.८३ | | |

| क्र. सं. | सूचक | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८८ | सूचकको श्रोत | कार्यसम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ४३.८ | ५०. | ६०. | ७०. | **शै.गु.प.के.** | **शै.गु.प.के. रिपोर्ट तथा शैक्षिक सूचना** |
| २.१९ | विद्यालयवाहिर रहेका बालवालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | २.७३ | २.०० | ०.५ | | |
| | | | राष्ट्रिय | २.९ | **१.** | **०.५** | **दि.वि.ल. ४ (ने.रा.का.)** | **शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट** |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | १.९६ | १. | ०.५ | | |
| | | | राष्ट्रिय | **६.६** | | **१.** | **दि.वि.ल. ४ (ने.रा.का.)** | **शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट** |
| २.२ | आधारभूततह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | स्थानीय | २६.२५ | २७.२५ | २८.२५ | ३३ | | |
| | | राष्ट्रिय | **४३.७** | **४५.** | **५०.** | **५०.** | **फ्ल्यास रिपोर्ट**<br>**पन्ध्रौँ योजना**<br>**दि.वि.ल. ४ (ने.रा.का.)** | **शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट** |
| **३. माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | **५४.७** | ५७.७ | ६२.७ | ७०.७ | | |
| | | राष्ट्रिय | **४७.६** | | **६५.** | | **फ्ल्यास रिपोर्ट**<br>**पन्ध्रौँ योजना** | **पन्ध्रौँ योजनाले वि.सं.२१०० (९५.० %) मा पुर्‍याउने लक्ष्य** |
| ३.२ | माध्यमिकतह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | **१३१.६** | **१३३** | **१३५** | **१३९** | | |
| | | राष्ट्रिय | **७१.४** | | | **९९.** | **फ्ल्यास रिपोर्ट**<br>**दि.वि.ल. (रा.समीक्षा)** | **शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट र**<br>**दि.वि.ल. (रा.समीक्षा)** |

| क्र. सं. | सूचक | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८८ | सूचकको श्रोत | कार्यसम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ३.३ | माध्यमिकतहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | १.८ | १.५ | १.३ | १. | | |
| | | राष्ट्रिय | **१.०२** | **१.** | **१.** | **१.** | **पन्ध्रौँ योजना** | **फ्ल्यास रिपोर्ट** |
| | | | | | | | **वि.क्षे.वि.यो.** | दि.वि.ल. (रा.समीक्षा) |
| | | | | | | | दि.वि.ल. (रा.समीक्षा) | |
| ३.४ | आधारभूततहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | ९६.५ | ९७.५ | ९८.५ | १०० | | |
| | | राष्ट्रिय | **९७.५** | | | | **फ्ल्यास रिपोर्ट** | **फ्ल्यास रिपोर्ट** |
| ३.५ | कक्षा१ मा भर्ना भएका बालवालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ९७.२ | ९७.५ | ९८.५ | ९९.५ | | |
| | | राष्ट्रिय | **६०.३** | | | | **फ्ल्यास रिपोर्ट** | **फ्ल्यास रिपोर्ट** |
| ३.६ | कक्षा१ मा भर्ना भएका बालवालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | २७. | २९ | ३२ | ५० | | |
| | | राष्ट्रिय | **२४.** | | | | **फ्ल्यास रिपोर्ट** | **फ्ल्यास रिपोर्ट** |
| ३.७ | माध्यमिकतह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | **८.८२** | ९ | १० | ११ | | |
| | | राष्ट्रिय | **२०.६** | **२२.** | **२७.** | **३३.** | **फ्ल्यास रिपोर्ट** | **शैक्षिक सूचना तथा फ्ल्यास रिपोर्ट** |
| | | | | | | | **दि.वि.ल. ४ (ने.रा.का.)** | |
| ३.९ | कक्षा१० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | ५४.४५ | ६० | **६६** | ७६ | |
| | | विज्ञान | स्थानीय | ४५.९४ | ५०.९४ | **५५.९४** | ६० | |
| | | अङ्ग्रेजी | स्थानीय | ५३.३८ | ५८ | **६३** | ७३ | |
| **४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरतादर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ६१.५ | ६६.५ | ७६.५ | ९१.५ | | |
| | | राष्ट्रिय | **५८.** | | **९५.** | | **पन्ध्रौँ योजना** | **पन्ध्रौँ योजनामा वि.सं. २१०० मा (९९.० %) पुर्‍याउने लक्ष्य** |
| ४.२ | साक्षरतादर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ६३.६९ | ६८ | ७८ | ९२ | | |

| क्र.सं. | सूचक | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८८ | सूचकको श्रोत | कार्यसम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ८२. | ८९. | ९५. | १०० | दि.वि.ल. ४ (ने.रा.का.) | दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना |
| ४.३ | साक्षरतादर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ९४.० | ९६ | ९८ | १०० | | |
| | | राष्ट्रिय | ९२. | | ९९. | | पन्ध्रौँ योजना | दि.वि.ल. (रा.समीक्षा) तथा शैक्षिक सूचना |
| ४.४ | साक्षरतादरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | १.३२ | १.२ | १.१८ | १. | | |
| | | राष्ट्रिय | ०.६५ | | | ०.८ | दि.वि.ल. (रा.समीक्षा) | दि.वि.ल. (रा.समीक्षा) |
| **५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम** | | | | | | | | |
| | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिकरूपले सक्रिय जनशक्ति*(%) | राष्ट्रिय | ३१. | ४०. | ५०. | ७५. | पन्ध्रौँ योजना | दि.वि.ल. (रा. समीक्षा) तथा शैक्षिक सूचना |
| **६. सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २३.४ | २५.४ | २८.४ | ३०.४ | | |
| | | राष्ट्रिय | २४.१ | ३०.१ | ३०.१ | ३०. | फ्ल्यास रिपोर्ट पन्ध्रौँ योजना | शैक्षिक सूचना |
| ६.२ | आधारभूततह (कक्षा६-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ३४.८१ | ३३.३२ | ३२.२ | ३०.१ | | |
| | | राष्ट्रिय | ३०.१ | ३०.१ | ३०.१ | ३०.१ | फ्ल्यास रिपोर्ट पन्ध्रौँ योजना | शैक्षिक सूचना |
| ६.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २२.४३ | २४.४३ | २६.४३ | ३०. | | |
| | | राष्ट्रिय | ३३.१ | ३१.१ | ३०.१ | ३०.१ | पन्ध्रौँ योजना | शैक्षिक सूचना |

| क्र. सं. | सूचक | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८८ | सूचकको श्रोत | कार्यसम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ३१.९१ | ३१.९१ | ३१.९१ | ३१.९१ | | |
| | | राष्ट्रिय | ३१:९१ | ३१:९१ | ३१:९१ | ३१:९१ | **फ्ल्यास रिपोर्टपन्ध्रौँ योजना** | **शैक्षिक सूचना** |
| ६.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थीःशिक्षक अनुपात | स्थानीय | ५२.८ | ५०.८ | ४८.८ | ४५.८ | | |
| | | राष्ट्रिय | ४१:०१:०० | ३५:०१:०० | ३०:०१:०० | ३०:०१:०० | **पन्ध्रौँ योजना** | **शैक्षिक सूचना** |
| **७. उच्च शिक्षा** | | | | | | | | |
| ७.१ | उच्चशिक्षामा कूल भर्ना दर(%) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२. | १७. | २२. | २५. | **पन्ध्रौँ योजना** | **पन्ध्रौँ योजनामा वि.सं. २१०० मा (४०.० %) पुऱ्याउने लक्ष** |
| ७.२ | उच्च शिक्षामा महिला सहभागिता अनुपात | राष्ट्रिय | ०.९ | ०.९४ | ०.९६ | १. | **दि.वि.ल. (रा.समीक्षा) दि.वि.ल. ४ (ने.रा.का.)** | **दि.वि.ल. (रा.समीक्षा)** |
| ७.३ | प्राविधिक उच्च शिक्षामाविद्यार्थी भर्ना दर(%) | राष्ट्रिय | २५. | | ३३. | | **पन्ध्रौँ योजना** | **शैक्षिक सूचना** |
| **८. शिक्षामा लगानी** | | | | | | | | |
| ८.१ | कूलबजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | राष्ट्रिय | १०.६८ | १५. | १७. | २०. | **दि.वि.ल. ४ (ने.रा.का.)** | **शैक्षिक सूचना** |
| ८.२ | आधारभूततह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | राष्ट्रिय | १८ | २१ | २४ | | **पन्ध्रौँ योजना** | **शैक्षिक सूचना** |
| ८.३ | माध्यमिकतह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | राष्ट्रिय | ११ | १५ | १७ | | **पन्ध्रौँ योजना** | **शैक्षिक सूचना** |

# परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

नेपालको संविधानको धारा ३९ ( ३ ) मा प्रत्येकबालवालिकालाई प्रारम्भिक बालविकास तथा बाल को नवौं संशोधनले बालविकास र शिक्षालाई र शिक्षा ऐन २०२८ सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्त्व थप पुष्टि भएको छ । बालवालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ । सञ्चालन, रेखदेख लगायतका कार्यहरू योजनामा समेटिएका छन् ।

नेपाल सरकारले शिक्षालाई राष्ट्रिय विकासको आधारको रुपमा लिँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धतासहित विभिन्न नीतिगत, संरचनागत, संस्थागत र व्यवहारिक प्रयासहरू अघि बढाएको छ । नेपालको संविधान, आवधिक विकास योजना, दिगो विकास लक्ष्य, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता र वार्षिक नीति तथा कार्यक्रम मार्फत आर्थिक सामाजिक रूपान्तरण गर्ने सङ्कल्प पूरा गर्न शिक्षालाई राष्ट्रिय विकासको महत्त्वपूर्ण क्षेत्रको रुपमा आत्मसात गरिएको छ ।बालवालिकाको सर्वाङ्गिण विकासका लागि बालविकास केन्द्रले महत्त्वपूर्ण योगदान दिने तथ्यमा निर्विवाद छ ।

प्रारम्भिक बालविकास कार्यक्रम नेपालको 'सबैका लागि शिक्ष' सम्बन्धी राष्ट्रिय कार्ययोजना र सबैका लागि शिक्षा कार्यक्रमको अभिन्न अङ्ग हो । नेपाल सरकार प्रारम्भिक बालविकास कार्यक्रम र पूर्वप्राथमिक शिक्षा मार्फत् आधारभूत तथा प्राथमिक शिक्षामा बालवालिकाहरूको पहुँच सुनिश्चित गर्न प्रतिवद्ध छ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले बालविकास कार्यक्रमको औचित्यलाई महसुस गरी बालविकास केन्द्र स्थापनालाई आफ्नो प्रमुख क्रियाकलापको रूपमा लिएको छ । प्रारम्भिक बालविकाससम्बन्धी हालै भएका केही अध्ययनले प्रारम्भिक बालविकास कार्यक्रमको अनुभव पाएका बालवालिकाहरू विद्यालयको वातावरणमा छिटो तथा बढी घुलमिल हुन सक्ने गरी तयार गरिएका छन भन्ने कुरा प्रमाणित गरेको छ ।

विद्यालय शिक्षा क्षेत्र योजना (SESP) २०२२ देखि २०३२ का अनुसार मुलुकको विविधतायुक्त परिवेश तथा आवश्यकता अनुकूल गुणस्तरीय शिक्षा मा समावेशी पहुँच सुनिश्चित तथा गुणस्तरीयतालाई सुदृढ गरी वि .सं. सम्ममा नेपाललाई अल्पविकसितबाट स्तरोन्नति गर्ने राष्ट्रिय अपेक्षालाई साकार गराउने गरी दश वर्षे २०३२ कार्यक्रम लक्षित गरेको छ । यसका लागि शिक्षा क्षेत्रको संस्थागत क्षमतामा सुधार गर्नु एउटा प्रमुख रणनीति हुने भएकोले यस चिङ्गाडगाउँपालिकाले प्रारम्भिक बालविकास र शिक्षालाई आधारभूत शिक्षाको वलियो जगको रुपमा निर्माण गर्ने उद्देश्य लिएको छ । यस योजनाले सबैको समतामुलक पहुँच सुनिश्चित गरी गुणस्तर सुधार गर्ने कार्मा जोड दिएको छ ।

### ३.१.१. वर्तमान अवस्था

विद्यालय क्षेत्र विकास योजनाले विद्यालय प्रवेशको तयारीका लागि १ वर्षे प्रारम्भिकबालशिक्षा तथा दुई बर्षे पूर्व प्राथमिक शिक्षालाई आधारभूत शिक्षामा समाहित गरेको छ। यस गाउँपालिकामा हाल ३९ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्।जसमध्ये ३९ वटा सामुदायिक विद्यालयमा आधारित र विद्यालयहरू छन्। बालविकासको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने दर जम्मा ७७.६ रहेको छ।जसमा विद्यालयमा आधारित बालविकास केन्द्रमा ३ र ४ वर्ष उमेर समूहका ३६८ बालवालिका अध्ययनरत छन्। बालविकास केन्द्रहरूको व्यवस्थापनका लागि जम्मा ४२ जना शिशु शिक्षकहरू कार्यरत रहेका छन।शिक्षकहरूमा सबै महिला छन्। खुद भर्नादर ५५.१ र कुल भर्नादर ५५.९ रहेको छ। लैगिंक समतासूचक १.१ रहेको छ।

हाल सञ्चालनमा रहेका केही बालविकास केन्द्रहरू न्यूनतम मापदण्डअनुसार नभएको हुनाले तिनीहरूको सुधारका कार्यहरू गर्नुपर्ने आवश्यकता देखिन्छ। बालविकास केन्द्र बालवालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनुपर्नेमा सो नभएको तथा कतै कतै २० देखि ४५ मिनेटको दुरीमा रहेको अवस्था छ। भूगोल, जनसङ्ख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजना, स्थानान्तरण एवं नयाँ स्थापना गर्नुपर्ने देखिन्छ। यसैगरी स्थापना भएका बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी छ भने नयाँ स्थापना हुने बालविकास केन्द्रहरूको स्थापना लगायत क्षमता अभिवृद्धि गर्दै जानुपर्दछ। गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका बालविकास केन्द्र उमेर समूहका बालवालिकाको जनसङ्ख्याको आधारमा बालविकास केन्द्रको स्थापनागर्ने लक्ष्य लिएको छ।

बालविकास शिक्षा सुधार योजना निर्माण गरि वालवालिकाहरूको मूल्याङ्कन फारम मार्फत वार्षिक चार पटक विद्यार्थीको सिकाइ तथा विकास मुल्याङ्कन गर्ने गरिएको छ। सबै वालविकास केन्द्रहरू विद्यालयले व्यवस्थापन गर्ने व्यवस्था मिलाइएको छ।

### ३.१.२ लक्ष्य

- सबै बालवालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्ने।

### ३.१.३ उद्देश्य

- तोकिएको उमेर समूहका सबै बालवालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,
- प्रारम्भिक बालविकास तथा शिक्षालाई भौतिक पूर्वाधारको सबलीकरण गरी बालमैत्री बनाउनु,
- सबै बालवालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु।

### ३.१.४ रणनीति

- सबै बालवालिकाको पहुँचका लागि संघीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
- कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,
- जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालवालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,
- पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,
- लागत सहभागिता अभिवृद्धि गर्ने,
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,
- ऐन र कार्यविधीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,
- कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,
- स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,
- पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाई समयानुकुल स्थानीयकरणका लागि समायोजन तथा परिमार्जन गर्ने,
- भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने ।

### ३.१.५ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धिः

- सबै बालवालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने ।

| क्र. सं. | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | २०८८ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | न्युनतम् मापदण्ड पूरा गरेका बालविकास केन्द्रको संख्या | १५ | ६ | ६ | ६ | ८ | ६ | | | |
| २ | प्रारम्भिक बालविकासमा कुल भर्नादर | ८१ | ८३ | ८५ | ८७ | ९० | ९६ | | | |
| ३ | प्रारम्भिक बालविकास शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालवालिका | ७५ | ७६ | ७८ | ८० | ८३ | ८८ | | | |

### ३.१.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधिकरण गर्ने | पटक | १ | | | | | १ | | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | | | | | १ | | |
| ३ | अनाथ असहाय र अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ४ | बालवालिकाको अभिलेखीकरण गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | अनाथ असहाय र अपाङ्गता भएका बालवालिकाका लागि आवशीय आयोजना सञ्चालन | वटा | | १ | १ | १ | १ | ४ | | |
| ६ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | |
| ७ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार गर्ने | वटा | ४ | ४ | ४ | ४ | ४ | २० | | |
| ८ | शिक्षकको योग्यता क्षमता र पेसागत विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ९ | बालवालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालवालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १० | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग | आवश्यकता अनुसार | | | | | | ० | | |
| ११ | अभिभावक शिक्षाका लागि सामाजिक संघ संस्था परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १२ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालवालिकालाई सिकाउने व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १३ | बालवालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | ५ | | |
| १४ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी संघसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | |
| १५ | ICT कक्षा कोठा व्यवस्थापन | पटक | ५ | ५ | १० | १० | ११ | ४१ | | |

## ३.२ आधारभूत शिक्षा

विद्यालय शिक्षाको सुरुवाती र माध्यमिक शिक्षाको जगको रुपमा आधारभूत तहको शिक्षालाई लिने गरिन्छ। आधारभूत तहको शिक्षाले उमेर समूहका हिसावले ५ देखि १२ बर्षका बालवालिकाहरूलाई समेट्छ। आधारभूत तह विद्यालय शिक्षाको जग भएकोले यसको गुणस्तर अभिवृद्धिका लागि शिक्षक, शिक्षण सिकाइका लागि स्रोतसामग्रीर अनुकुल सिकाइ वातवरणमा जोड दिनुपर्ने हुन्छ। नेपालको संविधानले प्रत्येक नागरिकलाइ आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र नि:शुल्क पाउने हक हुने सुनिश्चित गरेको छ। यसैगरी अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले आधारभूत सम्बन्धी शिक्षा प्रदान गर्ने दायित्व र आवश्यक व्यवस्था जिम्मेवारी नेपालको सरकार प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बावालिकालाई  विद्यालय पठाउने प्रत्येक नागरिकको कर्तव्य हुने कुरा उल्लेख गरेको छ। प्रचलित ऐनहरूले परिभाषित गरे अनुसार नेपालमा आधारभूत शिक्षा भन्नाले प्रारम्भिक कक्षा देखि कक्षा ८ सम्मको दिइने शिक्षालाई  उल्लेख गरेको छ।

### ३.२.१ वर्तमान अवस्था

विद्यालय शिक्षाको जग आधारभूत तहको शिक्षा हो । उमेरसमूहका हिसाबले ४ देखि १२ बर्षका बालवालिकाहरूलाई आधारभूत तहले समेट्छ । आधारभूत शिक्षाले बालवालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत् सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तीनवटै तहका सरकारहरूको हुने र आधारभूत शिक्षा उमेर समूहका बालवालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ ।यस गाउँपालिकामा आधारभूत शिक्षा प्रदान गर्नका लागि सामुदायिक तर्फ कक्षा १-३ सञ्चालन भएका ९ , कक्षा १-५ सञ्चालन भएका १८ , कक्षा १-८ सञ्चालन भएका४ , कक्षा १-१० सञ्चालन भएका ७ वटा र कक्षा १-१२ सञ्चालन भएका ३ वटा गरी जम्मा ४१ वटा विद्यालय छन् । आधारभूत तहमा अध्ययन गर्ने उमेर समूहका ३५४५ बालवालिकाहरू भर्ना भएको देखिन्छ ।

यस गाउँपालिकामा इन्टरनेटको पहुँच भएका विद्यालयको सङ्ख्या ५ रहेको बाँकि ३६ विद्यालयमा इन्टरनेटको पहुँचमा नभएको देखिन्छ । गाउँपालिकामा ५-१२ उमेर समूहका बालवालिकाहरू ३५९६ रहेका छन । आधारभूत तहमा कुल विद्यार्थी सङ्ख्या ४२९९ रहेको पाइन्छ । यस्तै आधारभूत तह (१-५) तर्फ कुल विद्यार्थी सङ्ख्या २८५२ र विद्यालय विद्यार्थी अनुपात ६९.५६ रहेको छ । यस्तै आधारभूत तह (६-८) तर्फ कुल विद्यार्थी सङ्ख्या १४४७ र विद्यालय विद्यार्थी अनुपात ३५ रहेको छ । यस पालिकामा आधारभूत तहमा जम्मा शिक्षक दरवन्दी सङ्ख्या ३८ जस मध्ये राहत ४ जना गा.पा अनुदान तर्फ ५ जना स्थायी १९ र निजी ४ ,करार २ अस्थायी ४ जना कार्यरत रहेका छन् । वर्तमान अवस्थामा यस पालिकामा आधारभूत तह (१-५) तर्फ कक्षोन्नति दर ८७.३ , सिकाइ उपलब्धि छात्रा ५३.४४ र छात्र ५१.१९ , खुद भर्नादर ९८.५ प्रतिशत र कुल भर्नादर १२६ प्रतिशत रहेको छ ।

### ३.२.२ उद्देश्य

- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ,
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्नु,
- सबै बालवालिकाहरूलाई पठन सिप अभिवृद्धि गरि आधारभूत तह पुरा गर्ने अवस्था सुनिश्चित गर्ने,
- आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,
- कक्षा १ देखि ३ सम्मका बालवालिकाहरूका लागि बालमैत्री सिकाई वातावरण निर्माण गर्दै आधारभूत साक्षरता सिप विकास गर्नु
- भाषिक तथा गणितिय सिपका साथै अन्य अन्तरविषयक जीवनोपयोगी सिपको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्नु,

- विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउनु ,
- विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु ,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु,
- अन्तरसम्बन्धित विषयबस्तुहरूलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

### ३.२.३ रणनीति

१. विद्यालय नक्साङ्कन गर्ने,
२. विद्यालयहरूको पुनर्वितरण तथा समायोजना गर्ने,
३. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि स्थानीय तहले आवश्यक कानुन तर्जुमा गर्ने,
४. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने,
५. प्रारम्भिक कक्षा पढाइ सम्बन्धि क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने,
६. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालवालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने,
७. न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने,
८. शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने,
९. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने,
१०. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,
११. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने,
१२. शिक्षण सिकाइ विधिमा आवश्यक परिमार्जन गर्ने,
१३. कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गरि कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने,
१४. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,
१५. विद्यार्थी मूल्याङ्कनसँग सम्बन्धित शिक्षकको क्षमता विकास गर्ने,
१६. शिक्षामा कामगर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने,
१७. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने,
१८. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने,
१९. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने,
२०. विद्यालय शिक्षालाई विविधताअनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकुल सिकाइ क्रियाकलाप, सञ्चालन, भाषिक विविधताअनकुलको माध्यमभाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने

२१. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने,

२२. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने,

२३. दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने,

२४. शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन रशिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने,

२५. नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने,

२६. विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने,

## ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।

**नतिजा:**

| क्र. सं. | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह कक्षा (१-५) मा शिक्षक र विद्यार्थी अनुपात | १:१७ | | | | | |
| २ | आधारभूत तह कक्षा (१-५) मा कूल भर्नादर | १२०.१ | ११८ | ११५ | ११० | १०८ | १०६ |
| ३ | आधारभूत तह कक्षा (१-८) मा कूल भर्नादर | ११९.६ | ११५ | ११२ | ११० | १०८ | १०६ |
| ४ | आधारभूत तह कक्षा (१-५) मा खूद भर्नादर | ९५.८५ | ९७ | ९७.२ | ९७.८ | ९८ | ९८.२ |
| ५ | आधारभूत तह कक्षा (१-८) को खूद भर्नादर | ९५.४ | ९६ | ९६.५ | ९७ | ९७.५ | ९८ |
| ६ | आधारभूत तह कक्षा (१-५) को कक्षा छोड्ने दर | ५.५ प्रतिशत | ५ | ४.५ | ४ | ३.५ | ३ |
| ७ | कक्षा (६-८) को कक्षा छोड्ने दर | ३.५ | ३ | २.५ | २.९ | २ | १.५ |
| ८ | कक्षा (१-५) को कक्षा दोहोर्‍याउने दर | ९.० | ८.९ | ८.५ | ८ | ७.५ | ७ |
| ९ | कक्षा (६-८) को कक्षा दोहोर्‍याउने दर | २.६ | २.५ | २ | १.६ | १.५ | १.४ |

| क्र. सं. | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १० | कक्षा (१-५) को उत्तीर्ण प्रतिशत | ८४.० | ८६ | ८८ | ९२ | ९३ | ९५ |
| ११ | कक्षा (६-८) को उत्तीर्ण प्रतिशत | ९२.३ | ९३ | ९४ | ९५ | ९६ | ९७ |

## ३.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन | पटक | | १ | | | | | १ | | |
| २ | दरवन्दी पुनर्वितरण तथा समायोजन | पटक | | १ | १ | १ | १ | ५ | ९ | | |
| ३ | मापदण्डअनुसार शिक्षक व्यवस्था | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | | |
| ४ | सबै बालवालिकालाई विद्यालय भर्ना | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | | |
| ५ | प्रारम्भिक कक्षाका बालवालिकाहरूका लागि पठन सामग्री व्यवस्था गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | | |
| ६ | प्रारम्भिक कक्षा शिक्षण सम्बन्धि शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | | |
| ७ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | वटा | ४ | ४ | ४ | ४ | ४ | २१ | ४१ | | |
| ८ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | | २१ | २० | | | | ४१ | | |
| ९ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | | १० | १० | १० | ११ | | ४१ | | |
| १० | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| ११ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | | |
| १२ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | | |
| १३ | पाठ्यपुस्तक व्यवस्था | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | | |
| १४ | सन्दर्भ सामग्रीको व्यवस्था | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | | |
| १५ | विपन्नका लागि ड्रेस, स्टेशनरीका लागि छात्रबृत्ति | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | | |
| १६ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | | |
| १७ | कक्षाकोठामा आधारित मूल्याङ्कन, पठन सिप परिक्षण लेखाजोखा | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | | |
| १८ | व्यवस्थित परीक्षा प्रणाली | निरन्तर | ४ | ४ | ४ | ४ | ४ | २१ | | | |
| १९ | शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना तथा व्यवस्थापन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | | |
| २० | समुदाय स्तरमा घुम्ती पढाई शिबिर | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | | |
| २१ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | | |
| २२ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | | |
| २३ | अभिभावक साथि दौतरी शिक्षा सम्बन्धि अभिमुखिकरण सहित परिचालनका लागि गै स स संग साझेदारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | | |
| २४ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| २५ | समुह तथा अन्य क्रियाकलाप सञ्चालनका लागि उपयुक्त कोठाको व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | | |
| २६ | कक्षा १ देखि ३ मा बालमैत्री र छापायुक्त कक्षाकोठाको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | | |
| २७ | कक्षा १ देखि ३ सम्मको बालवालिकाका लागि बालमैत्री बसाइ व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | | |
| २८ | कक्षा पुस्तकालयको वा बुक कर्नरको स्थापना गरी बालवालिकालाई भरपुर पढाइको अवसर प्रदान | सबै विद्यालय मा निरन्तर | | ५ | ५ | ५ | ५ | २१ | ४१ | | |
| २९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतको व्यवस्थापन | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २१ | ४१ | | |
| ३० | विद्यालयमा शिक्षक समूह गठन र नियमित बैठकमा सहयोग | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | | |
| ३२ | पालिका स्तरमा गठित शिक्षक पेसागत सहयोग बिज्ञसमूह परिचालन र बैठक | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | | |
| ३३ | प्रारम्भिक कक्षा सिकाइ का लागि विद्यालय स्तरमा अभिभाबक हरूको समूह निर्माण नियमित बैठक र बच्चाको पढाइ प्रबर्धन्का लागि परिचालन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | | |

## ३.३ माध्यमिक शिक्षा

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा

(९–१२) मा प्राविधिक तथा व्यवसायिकधारको सुरुवातगरिएको छ। यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास  तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ वाट प्रारम्भ भएको छ। नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकालाइ माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता रचनात्मकता, अध्ययन शिलता, सकरात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तह देखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ।

### ३.३.१ वर्तमान अवस्था

यस गाउँपालिकामा ९ देखि १२ को कुल भर्ना दर १३१.६ रहेको छ र खुद भर्ना दर ५४.७ रहेको छ। कक्षा ९–१२ मा लैगिक समता सूचक १.८ पुगेको छ। कक्षा ८ र कक्षा १० पछाडि ठुलो सङ्ख्यामा बालवालिकाहरूले विद्यालय छाड्ने गरेको देखाउँछ।  यस पालिकामा सामुदायिक माध्यमिक विद्यालयको कक्षा ९ र १० मा शिक्षकको सङ्ख्या२४ रहेको र कक्षा ११ र १२ मा १० गरि जम्मा ३४ जना शिक्षकहरू कार्यरत रहेका छन्। जसमध्ये ६ जना मात्र स्थायी छन् भने अरु २८ जना करार, अस्थायी, गापाको अनुदान र निजीस्रोत वाट पारिश्रमीक पाउने गरी नियुक्ति भएका छन् । माध्यमिक तहमा कुल विद्यार्थी सङ्ख्या १२९४  र विद्यालय विद्यार्थी अनुपात १२९.४ रहेको पाइन्छ।

### ३.३.२ उद्देश्य

१. माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ,
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ,
३. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु ,
४. शासकीय तथा व्यवस्थापकीय प्रवन्धमा सुधार ल्याउनु।

### ३.३.३ रणनीति

१. सबै बालवालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न नि:शुल्क माध्यमिक शिक्षा, विद्यार्थी प्रोत्साहन कार्यक्रम तथा विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने,
२. सबै विद्यार्थिका लागि शिक्षामा पहूँच  उपलब्ध गराउन वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने,
३. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्न माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्थापन गर्ने

४. विद्यालयहरूको नक्साङ्कन गर्ने,
५. माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने,
६. शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
७. शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,
८. शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,
९. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,
१०. विद्यालयहरूलाई प्रकोप,सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,
११. विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने,
१२. सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गर्ने,
१३. आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह कक्षा ९-१० मा भर्ना | ८४४ | ९०० | ९५० | १००० | १०२० | १०४० |
| २ | माध्यमिक तह कक्षा ११-१२ मा भर्ना | ५६२ | ६०० | ६५० | ७०० | ७५० | ८०० |
| ३ | कक्षा ९-१२ मा शिक्षक विद्यार्थी अनुपात | १:३१ | १:३२ | १:३२ | १:३३ | १:३३ | १:३४ |
| ४ | कक्षा ९-१० को कूल भर्नादर | ८८.५ | ८९ | ९० | ९१ | ९२ | ९३ |
| ५ | कक्षा ९-१० को खूद भर्नादर | ७४.९ | ७५ | ७६ | ७७ | ७८ | ७९ |
| ६ | कक्षा ११-१२ को कूल भर्नादर | ५१.३ | ५५ | ५८ | ६२ | ६५ | ६८ |
| ७ | कक्षा ११-१२ को खूद भर्नादर | ३७.६ | ३९ | ४२ | ४५ | ४७ | ५० |

## ३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरू तयारी | पटक | १ | | | | १ | २ | | संघ, प्रदेश र स्थानीय तह |
| २ | विद्यालय सेवा क्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकीन गर्ने र सिमाङ्कन भित्रका बालवालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | १ | | १ | | | २ | ४ | स्थानीय तह |
| ३ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) जस्ता विषयको सिकाइलाइ अन्तरसम्बन्धित गर्ने र विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर बढाउने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ र स्थानीय तह |
| ४ | माध्यमिक शिक्षामा सबैको पहुँच सनिश्चित गर्न आवश्यकतानुसार बसको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका वैकल्पिक प्रवन्ध गर्ने | माध्यमिक विद्यालय | | १ | २ | २ | १ | ६ | १२ | |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेरावार, शौचालय) | माध्यमिक विद्यालय | | १ | १ | २ | १ | ५ | | संघ र स्थानीय तह |
| ६ | प्रविधि तथा व्यवहारकुशल सिपहरूको एकिकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | शिक्षक प्रतिशत | २० | २० | ३० | ३० | | १०० | | संघ, प्रदेश र स्थानीय तह |

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | |
| ७ | विव्यस, पिटीए पदाधिकारीहरूको क्षमता विकास र अभिमुखिकरण | प्रतिशत | २५ | ३० | ३० | १५ | | | १०० | प्रदेश तथा स्थानीय तह |
| ८ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | स्थानीय तह | १ | | | | | | १ | स्थानीय तह |
| ९ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामाग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | २० | ३० | ३० | २० | | १०० | | संघ र स्थानीय तह |
| १० | विभिन्न किसिममा अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | विद्यार्थी सङ्ख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | संघ तथा स्थानीय तह |
| ११ | निःशुल्क शिक्षाको सुनिश्चितताको लागि पाठ्यपुस्तक | कक्षा | ९ र १० | ९ र १० | ९ र १० | ९ र १० | ९ र १० | | | |
| १२ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी सहयोग | विद्यार्थी सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | २५० | | |
| १३ | सिकाइ सामाग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | माध्यमिक विद्यालय | ६ | ६ | ६ | ६ | ६ | | | |
| १४ | कक्षाकोठामा धारित मूल्यांकनलाई शिक्षण सिकाइ प्रकृयामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

शिक्षालाई सीप सीपलाई रोजगार र रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसंग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिएन भने राज्यलाई शैक्षिक बेरोजगारको भिड थेग्न थप चुनौती हुने देखिन्छ ।औपचारिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि.सं.१९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ्ग कलेज) बाट भएको हो । नेपालमा विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यवसायिक सीप र ज्ञान सिकाउने प्रयास वि.सं. २००४ सालदेखि नै शुरु भएको हो । यसरी हेर्दा नेपालको प्राविधिक तथा व्यवसायिक शिक्षाले ६ दशक पार गरिसकेको छ । विद्यालय स्तरको शिक्षादेखि नै स्रोत साधनको उपयोग गर्न सक्ने न्युनतम ज्ञान, सिप र धारणाको विकास गराउने किसिमको पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्न जरूरी छ । विद्यालय शिक्षाको अन्तिम तह माध्यमिक तहको शिक्षा जीवनयापन गरेर खान सक्ने आधारभूत व्यवसायिक सिप र दक्षता सहितको श्रम शिक्षा हुनुपर्छ ।

### ३.४.१ वर्तमान अवस्था

शिक्षा स्थानीय स्तरमा उपलब्ध स्रोत साधनमा आधारित व्यवसायिक सिप र उद्यमशिलतामा आधारित श्रम गरेर जीवनयापन र आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वाबलम्बी हुन सक्ने हुनुपर्छ । माध्यामिक तहलाई श्रम शिक्षाको रूपमा विकास गर्ने र त्यसको जगमा उच्च शिक्षालाई प्राविधिक, व्यवसायिक र रोजगारमूलक बनाउनु पर्ने हुन्छ । यसका लागि बिद्यार्थीका लागि माध्यमिक तहमा प्रविधिक र व्यवसायीक सिप प्रदान गरी उनीहरूलाई सक्षमत र गरिखाने बनाउन आवश्यक छ । कृषि, पशुपालन, फलफुल , इन्जिनियरिङ जस्ता क्षेत्रहरूमा प्राविधिक र व्यवसायीक रुपमा सक्षम र दक्ष बनाउन सकेमा अहिलेको परिवेशमा बालवालिकाहरू स्वाबलम्बि बन्न सक्दछन ।

यस गाउँपालिका जल, जमिन र जडीवुटीको धनि पालिका हो । यहाँ फलफूल, पशुपालन, अन्नवाली र नगदेवालीको व्यापक सम्भावना रहेको पाईन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षाले नागरिकलाई स्वरोजगार तुल्याउँछ । प्राविधिक शिक्षा आजको आवश्यकता पनि हो ।  यद्दपि यस गाउँपालिकामा प्राविधिक शिक्षाको विकास र विस्तार कमै देखिन्छ । प्राविधिक शिक्षाको विकास र विस्तारमा सवै सरोकारवालाहरूले ध्यान दिनु जरुरी देखिन्छ ।

### ३.४.२ उद्देश्य

१. प्राविधिक, व्यावसायिक र सीपमूलक शिक्षामार्फत स्वरोजगारका अवसरहरू सुनिश्चित गर्नु,
२. प्राविधिक, व्यावसायिक र सीपमूलक शिक्षामार्फत आत्मनिर्भर र उत्पादनशील जनशक्तिको निर्माण गर्नु,
३. गाउँपालिका भित्र भएका प्राकृतिक र मानव निर्मित स्रोत साधनहरूको उपयोग गरी रोजगारमूलक, सीपमूलक र उत्पादनशील जनशक्तिको निर्माण गरी नागरीकको आर्थिक अवस्थामा सुधार ल्याउनु,
४. गाउँपालिकामा प्राविधिक तथा व्यवसायीक शिक्षा प्रवर्धन र व्यवस्थापन गर्नु ।

### ३.४.३ रणनीतिहरू

उल्लेखित उदेश्यहरू पुरा गर्न निम्न बमेजिमका रणनीतिहरू अबलम्बन गरिनेछ।

१. प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि सरोकारवालाहरूको सहभागिता र स्थानीय सरकारको अपनत्व र लगानीमा वृद्धि गर्ने,

२. स्थानीय स्तरमा पाईने विभिन्न स्रोत साधनहरूको उपयोग गरी स्वरोजगारमूलक कार्यक्रमहरू सञ्चालन गर्ने,

३. प्राविधिक विद्यालय, स्थानीय सरकार र समुदाय विच व्यवसायिक प्रणालीमा सुधार गर्न खोज तथा अनुसन्धान र तालिमको लागि समन्वयात्मक वातावरण तय गरी अगाढी बढाउने,

४. प्राविधिक विषय सञ्चालन गरेका विद्यालयहरूको भौतिक, शैक्षिक र प्रशासनिक सुधारको लागि सम्भव भए सम्म आर्थिक स्रोतहरू जुटाउने र नँया शिक्षालयको स्थापनाका लागि प्रवन्ध मिलाउने तथा थप अध्ययन गर्ने,

५. प्राविधिक विषयका शिक्षकहरूको क्षमता अभिवृद्धि गर्नको लागि तालिम कार्यशालाहरू सञ्चालन गर्ने,

६. समुदाय स्तरमा विभिन्न आधारभूत तालिमहरू सञ्चालन गर्ने र प्राविधिक शिक्षा लिने विधार्थीहरूलाई उक्त तालिममा भाग लिन प्रोत्साहन दिने।

### ३.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**प्रमुख उपलब्धि**

१. गाउँपालिकामा न्युनतम १ वटा प्राविधिक धार भएको विधालय सञ्चालन भएको हुनेछ।

२. गाउँपालिका सेवाक्षेत्र भित्र उपलब्ध प्राकृतिक र कृत्रिम स्रोत र साधनहरूको उपयोग र परिचालन गर्दै, आर्थिक आयआर्जन गर्न सक्ने सीपमूलक ,स्वरोजगार जनशक्तिको उत्पादन गर्ने।

३. प्राविधिक शिक्षा अध्ययन गरेका सीपयूक्त जनशक्तिहरूले न्युनतम् स्रोत र साधनको प्रयोग गरी स्वरोजगार, उत्पादनशील र व्यावसायिक कार्यक्रमहरू मार्फत पालिका भित्र बसोवास गर्ने सवै नागरिकहरूको आर्थिक आयआर्जनको रुपान्तरणमा टेवा पूर्याइएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | ० | ० | १ | ० | १ | ० |

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन | ० | १ | १ | १ | १ | ० |
| | प्राविधिक तथा व्यावसायीक शिक्षा अध्यन गर्ने विद्यार्थी सङ्ख्या | | ४० | ४० | ४० | ४० | ० |

### ३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | |
| १ | प्राविधिक र व्यावसायिक शिक्षा सम्बन्धी पालिका स्तरीय नीतिको तर्जुमा | पटक | १ | | | | | १ | पालिका |
| २ | सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | | १ | १ | १ | १ | ४ | |
| ३ | छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन | वटा | | २ | २ | २ | २ | १० | |
| ५ | युवालाई खोज र नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन | संख्या | ० | ५ | ५ | ५ | ५ | २५ | पालिका |
| ६ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई उद्यमशिलता विकासको लागि सहयोग | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | पालिका |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जिवनका लागि आवश्यक ज्ञान, सिप र प्रकृयाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो। अनौपचारिक शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि विभिन्न लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धी, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम आजीवन शिक्षाले काम गर्दछ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नितिले अवलम्वन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य नं ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ। सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यान्त सिकाइ अवसर दिगो विकासको मुल मर्म रहेकोले विगतको साक्षरताका कार्यक्रमवाट साक्षर बनेका नवसाक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनप्रयन्त सिकाइ अवसर उपलव्ध गराउनुपर्दछ । विशेष गरी शिक्षाको औपचारिक संरचना बाहिर ठूलो सङ्ख्यामा रहेका युवा, महिला र प्रौढहरूका लागि कार्यमूलक साक्षरता, आयआर्जन, समूह साझेदारी Digital Literacy लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ। औपचारिक र अनौपचारिक शिक्षाका बिचमा Cross ventilator को व्यवस्था गरी शिक्षा प्राप्तिलाई लचिलो र व्यक्तिको आवश्यकता र अनुकुलतामा आधारित बनाउँदै लैजानुपर्ने देखिन्छ।

राष्ट्रिय शिक्षा निति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक बनाई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाइ प्रदान गरेको छ। सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ जस्ता नीतिगत व्यवस्था गरिएको छ।

## ३.५.१ वर्तमान अवस्था

यस पालिकामा ३ वटा सिकाइ केन्द्रहरू रहेका छन् जसको मुख्य उद्देश्य शिक्षाको अवसरबाट वञ्चित भएका, गरिबीको चपेटामा परेका समुदायका विभिन्न व्यक्तिहरूको आवश्यकतामा आधारित आयआर्जन कार्यक्रम, सिपमुलक कार्यक्रम, चेतनामुलक कार्यक्रम र पुस्तकालय सञ्चालन गर्ने रहेको छ। केन्द्रले आयआर्जनका लागि समुह गठन, परिचालन तथा पुस्तकालय व्यवस्थापनको काम गरिरहेको छ। यस गाउँपालिकाको साक्षरता दर ६३.६९ रहेको छ। जसमा महिला साक्षरता दर ५४.१४ . र पुरूषको साक्षारता दर ७१.८९ रहेको छ।

## ३.५.२ उद्देश्य

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने,
२. औपचारिक, अनौपचारिक तथा अतिरिक्त शिक्षाका बीच अन्तरसम्बन्ध स्थापित गर्ने,
३. आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्ने,
४. स्थानीय तहलाई पूर्ण साक्षर पालिका घोषणा गर्ने।

### ३.५.३ रणनीति

- मौलिक एवम परम्परागत ज्ञान तथा सिपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकिकरण एवम हस्तान्तर सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने,
- सामूदायिक सिकाइ केन्द्रहरूको पुनर्संरचना तथा पुनर्वितरण गरिने,
- सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने,
- सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गरिने,
- सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरिने,
- सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरिने ।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ३ | | | ३ | | |
| २ | साक्षरता | ७६.५ | ७८ | ८० | ८२ | ८४ | ८६ |
| ३ | सिकाइ केन्द्रमा पुस्तकालय | ३ | ३ | ३ | ३ | ३ | ३ |

## ३.५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| १ | अनौपचारिकशिक्षा तथा आजिवन सिकाइ र यसका आगामी मार्ग सम्वन्धमा अवधारणागत स्पष्टताका लागि विज्ञ समुहबाट अवधारणापत्र तयार गराइ अभिमुखिकरण गर्ने | पटक | | १ | | | | १ | २ | |
| २ | निरक्षरहरूको विवरण संकलन र आजिवनसिकाइका सरोकारवालाहरूको खण्डिकृत तथ्यांकहरूको डाटावेस तयार गर्ने | पटक | | १ | | | | १ | २ | |
| ३ | सामुदायिक पुस्कालयको व्यवस्थापन गरी सामुदायिक सिकाइ केन्द्र सँग आवद्द गर्ने | अवधि | १ | १ | १ | १ | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | सामुदायिक सिकाइ केन्द्रमा सुचना तथा संचार प्रविधिमैत्री उपकरणको व्यवस्था गर्ने | पटक | | १ | १ | १ | | | ३ | |
| ५ | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय लगायतका संस्थाहरूको स्थापना, संस्थागत विकास र सञ्चालनका लागि अनुदान उपलव्ध गराउने | वटा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा | | |
| ६ | जेष्ठ नागरिक, श्रमिक, गृहणी महिलाहरूका लागि आवश्यकतामा आधारित निरन्तर सिकाइ प्रवर्धन गर्ने | स्थानीय तह (आवश्यकतामा आधारित) | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | आयआर्जन विषयक क्षमता विकास र परिचालन | स्थानीय तह (आवश्यकतामा आधारित) | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

पाठ्यक्रम समायअनुसार विकास, परिवर्तन र परिमार्जन निरन्तर भइरहने प्रक्रिया हो । राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्तावेजिकरण गरिएको थियो भने पाठ्क्रम विकासका लागि संस्थागत रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्रको स्थापना भएको थियो ।

नेपालको संविधानको धारा ३१ मा  विश्वव्यापी भइरहेका नवीनतम् शैक्षिक प्रवर्धन, प्रयोग तथा उपलब्धि र राज्यको पुर्नसंरचनासँगै शैक्षिक स्मरण भई पाठ्यक्रम विकास केन्द्रको नेतृत्वमा विद्यालय तहका पाठ्यक्रम २००६ देखि परिवर्तन तथा कार्यान्वयन गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, ले तयार गरेको विद्यालय क्षेत्रको पाठ्यक्रमलाई आधारका रुपमा लिई सामाजिक न्याय, सकारात्मक रुपान्तरण र विश्व प्रतिस्प्रर्धी सक्षम नागरिक तयार गर्ने लक्ष्य केन्द्रित पाठ्यक्रम कार्यान्वयन गर्नु संघीय, प्रादेशिक र स्थानीय सरकारको प्रमुख जिम्मेवारी रहेको छ। राष्ट्रिय पाठ्यक्रम पारुप २०७६ ले स्थानीय पाठ्यक्रमको निर्माणका लागि स्थानीय तहलाई जिम्मेवारी दिएको छ भने पहिलो पटक पाठ्यक्रममा कार्यघण्टा र पाठ्यघण्टाको व्यवस्था गरिएको छ। स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन मार्गदर्शन २०७४ अनुसार चिङ्गाड गाउँपालिकाले आधारभूत तहमा हामी र हाम्रो चिङ्गाड विषयक स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७८ देखि कार्यान्वयनमा ल्याइरहेको छ । कक्षा १ देखि ३ सम्मको पाठ्यपुस्तक समेतको विकास कार्यान्वयन गर्नुका साथै अन्य कक्षाको पाठ्यपुस्तक बनाई कार्यान्वयनमा लैजाने योजना अगाडि बढाइरहेको छ। यसै सन्दर्भमा चिङ्गाड गाउँपालिकाले पनि यो योजना निर्माणको अभिन्न रुपमा पाठ्यक्रम र पाठ्यसामग्रीलाई उच्च महत्त्व दिइएको छ। त्यस्तै सिकाइएका ज्ञान, व्यवहार कुशल सिप प्रविधि र मानवीय माध्यताहरूको परीक्षण गर्ने मूल्याङ्कनका विधि, तरिका र साधनहरू पनि यसका अभिन्न क्षेत्र बनाइएको छ। विगतमा प्रयोग गरिएको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका समस्या तथा कठिनाइहरूको अनुभवका आधारमा मूल्याङ्कन साधनहरूलाई सहारिक बनाई नतिजालाई अक्षराङ्कन पद्धतिमा अभिलेखीकरण गर्ने प्रावधान राखिएको छ। यस योजनाले पनि विद्यालय तहको शिक्षाका लागि सङ्घीय तहमा रहेको पाठ्यक्रम विकास केन्द्रको नीतिगत व्यवस्थालाई कार्यान्वयन गराउन स्थानीय स्तरका शिक्षाका क्षेत्राधिकारभित्र रहेर योजना र कार्यक्रम तयार गरी कार्यान्वयन र सहजीकरण गर्ने ध्येय लिएको छ। प्रमुख शैक्षिक सामग्रीका रुपमा प्रत्येक शिक्षकसँग झोलामा सम्बन्धित विषयको पाठ्यक्रम शिक्षक निर्देशिका वार्षिक शैक्षणिक कार्ययोजना र विद्यार्थीले आफूले प्रयोग गर्ने कार्यपुस्तक वा पाठ्यपुस्तक अनिवार्य हुनुपर्छ भन्ने मान्यता राखिएको छ । थिम वा पाठ्यवस्तुसँग सम्बन्धित कक्षाकोठाको सिकाइ वातावरण बाहिरी वातावरण समुदाय र अनुभवी व्यक्ति, शिक्षक निर्मित सामग्री, स्मार्ट मोबाइल, ल्यापटप र आवश्यकतानुसार बजारबाट

खरिद गरिएका सामग्रीहरू प्रयोग गर्नु अपरिहार्य हुन्छ । प्राथमिकता प्राप्त न्यूनतम सक्षमता अवस्थामा पर्ने पाठ्यपुस्तक निःशुल्क रुपमा समयमै विद्यार्थीको हातमा पुयाउने काम पनि त्यत्तिकै महत्त्वपूर्ण रहेको छ ।

पाठ्क्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का अनिवार्य विषायहरू नेपाल सरकारले नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था गरेको छ र विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ । पाठ्क्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ । परीक्षण र मूल्यांकन प्रणालीमा सुधार गरी आधारभूत तह सम्म निरन्तर विद्यार्थी मूल्यांकन पद्दति अपनाइएको छ । सबै कक्षामा अक्षराङ्कन पद्दति अनुसार नतिजा निकाल्ने परिपाटि अपनाइएको छ ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शिक्षकको व्यवस्था गर्नु चुनौतिका रूपमा रहेको छ । त्यसैगरी स्थानीय पाठ्क्रम र पाठ्यसामाग्री विकासका लागि क्षमता विकास गर्नु, सबै शिक्षकलाई नयाँ पाठ्क्रमको अभिमुखीकरण गर्नु ,पाठ्क्रमलाई समय अनुसार अद्यावधिक गर्नु पनि चुनौतिका रूपमा रहेका छन् । अपाङ्गता,अनाथअसहाय भएका बालवालिकाको लागि अनुकूलको पाठ्सामाग्रीको व्यवस्था गर्ने आदि पाठ्क्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका चुनौतिहरू पनि हाम्रा सामु छन् । माध्यमिक तहसम्म नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था, शिक्षक निर्देशिकाको व्यवस्था, परीक्षा र मूल्याङ्कन प्रणालीमा सुधार, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ को निर्माण र कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमको व्यवस्था, पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका अवसरहरू रहेका छन् ।

नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विषयगत शिक्षकको व्यवस्थापन, विद्यालयमा आधारित पेसागत सहयोग पद्धती स्थापना, सञ्चालन गर्नु, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागी सरोकारवालाको क्षमता बिकास र अर्थपूर्ण सहभागीता सुनिश्चित गर्नु, सबै शिक्षकलाई नयाँ पाठ्यक्रम पाठ्यसामग्रीको अभीमुखीकरण गर्नु तथा अपाङ्गता भएका बालवालिकाहरूका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा प्रयाप्त विकल्पहरू प्रदान गरि अपाङ्गताको प्रकृत्ति अनुसार लचकता प्रदान गर्नु पाठ्यक्रम तथा पाठ्यसामग्री सँग सम्बन्धित प्रमुख चुनौनतहरू रहेका छन् । पाठ्यपुस्तकलाइ शैक्षिक सत्रको सरुमानै बिद्यार्थीको हातमा प्रदान गर्नु, शिक्षक निर्देशिका लगायत विद्यार्थीका लागि मुद्रित र डिजिटल सन्दर्भ सामग्री प्रदान गर्नु, मूलयाङ्कन पद्धतीतलाई शिक्षण सिकाइ सँग जोड्ने जस्ता समस्याहरू समाधान गर्न सकिएको छैन

## ४.१.२ उद्देश्य

- पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु,

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण गर्नु,
- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु।

### ४.१.३ रणनीति

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने र विद्यालय तहको पाठ्यक्रम कार्यान्वयन गर्न अत्यावश्यक सक्षमता विकास गरी जिम्मेवार वनाउने ,
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रवोधिकरण गरिने, परिमार्जित राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ र आवश्यकतानुसार मूल्याङ्कन गरी त्यसका आधारमा पाठ्यक्रम परिमार्जन तथा सुधार गर्न पृष्ठपोषण प्रदान गर्ने ,
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने वा शिक्षकको पेसागत सक्षमता विकास गर्ने ,
- विपद् , महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ,
- शिक्षकका लागि शिक्षक निर्देशिकातथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने ,
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने
- माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहु भाषा प्रयोग गरिने, विद्यालमा आधारित सहयोग पद्धति विकास गर्ने ,
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालवालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने ,
- स्थानीय पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ,
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने ,
- ज्ञानमा आधारित समाज, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवम् शैक्षिक सामाजिक सांस्कृतिक, राजनीतिक, आर्थिक परिवर्तन र विश्व परिवेशका आधारमा पाठ्यक्रमलाई सान्दर्भिक र व्यवहारिक बनाउन समन्वय र सहकार्य गर्ने,
- पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रयोग गर्ने,

- पाठ्यक्रम प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीतिगत, संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने,
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइलाई सूचना, सञ्चार र प्रविधिको उचित प्रयोग गर्न सहभागीतामूलक खोजमूलक तथा समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने,
- प्रारम्भिक कक्षाहरूमा शिक्षण सहजीकरणका लागि आवश्यकतानुसार मातृभाषा, स्थानीय भाषा र वहुभाषा प्रयोगलाई प्राथमिकता दिने,
- सबै सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक पूर्वाधार विकास तथा उचित प्रयोग गर्न सक्ने क्षमता विकास गरी कक्षागत वा तहगत रुपमा प्रविधिमा आधारित शिक्षण सिकाइलाई अभ्यासमा ल्याउने,
- सबै सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधि ल्याव र सिकाइ सम्बन्धी पुस्तकालय स्थापना गरी सो को प्रयोगका लागि शिक्षकहरूको क्षमता विकास गर्ने,
- स्थानीय पाठ्यक्रम परिमार्जन एवम् विकास तथा कार्यान्वयनका लागि समन्वयात्मक अनुगमन तथा पृष्ठपोषण कार्यलाई व्यवस्थित गर्ने,
- अपाङ्गता भएका बालवालिकाहरूको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर वृद्धि गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई ब्रेल लिपि, साङ्केतिक भाषा, श्रव्य दृष्य सामग्रीको विकास तथा प्रयोगलाई उच्च प्राथमिकता दिई सबै बालवालिकाको शैक्षिक अधिकार सुनिश्चित गर्ने,
- शिक्षकको पेसागत सक्षमता विकास योजना समेत समावेश विकास गर्ने व्यवस्थालाई सुदृढ बनाइने गरी पाठ्यक्रम कार्यान्वयन गर्नु,
- सिकाइ उपलब्धि प्रति शिक्षकलाई जिम्मेवार तथा जवाफदेही बनाई शिक्षकका वृत्ति विकासलाई पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनसँग जोड्ने व्यवस्था मिलाउने ,
- आधारभूत शिक्षा परीक्षा लगायतका अन्य परीक्षा तथा विद्यार्थी मूल्याङ्कन पद्धतिलाई क्रमश सुधार गर्दै लगिने,
- स्थानीय पाठ्यक्रमलाई आवश्यकतानुसार क्रमश परिमार्जन गर्दै लगिनेछ र उक्त पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने पाठ्यसामग्री विकासका लागि निजी क्षेत्रसँगको साझेदारीमा कार्य अगाडि बढाउने ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने ।

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने छ ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुने छ ।
- निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | निरन्तर विद्यार्थी मुल्याङ्कन गर्ने विद्यालय | ९० | ९५ | १०० | | | |
| ४ | स्थानीय पाठ्यपुस्तक निर्माण पश्चात प्रयोग | १०० | १०० | १०० | १०० | १०० | १०० |

## ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिकलक्ष्य(पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | पाठ्यक्रम अभिमुखिकरण र तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | शिक्षक पेसागत विकास तालिम र क्षमता विकास सहजिकरणमा आधारित | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | डिजिटल सामाग्रीको प्रयोगमा सहयोग प्रचार प्रसार क्षमता विकास तथा अभिमुखिकरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ५ | नि:शुल्क पाठ्यपुस्तक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिकलक्ष्य(पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| ६ | शिक्षण सिकाइ र सन्दर्भ सामग्री वितरण र व्यवस्थापन (पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामाग्री) | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | ४१ | ४१ | |
| ७ | परीक्षा र मूल्याङ्कन प्रणाली सुधारका लागि क्षमता विकास अभमुखिकरण | पटक | १ | | १ | | १ | ३ | ६ | |
| ८ | पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तै: विसङ्केतन किताब, ठूलो किताब, बाह्रखरी चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको ब्यवस्था | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

नेपालमा वर्तमान अवस्थामा शिक्षकहरू तयार गर्ने काम विश्वविद्यालय त विद्यालयहरूले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका परीक्षा सञ्चालन गरि नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ। आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन्। यसै गरि अस्थायी वा करार शिक्षकको नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन्।

### ४.२.२ उद्देश्य

- तहगत, कक्षागत तथा विषयगत रुपमा शिक्षकको व्यवस्थापन गर्नु,
- शिक्षक तालिम र सक्षमता प्रारुपको प्रभावकारी कार्यान्वयन गर्नु,
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु ।

### ४.२.३ रणनीति

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गर्ने,
- रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गर्ने,
- प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाउने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याउने,
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने,
- शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने,
- शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गर्ने ।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- दरवन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ ।
- शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक सहजकर्ताको सङ्ख्या (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | २५ | ३० | ४० | ५० | ८० | १०० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | १० | ३० | ५० | ७० | ८० | १०० |

## ४.२.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | शिक्षक दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन उपसमिति गठन | पटक | | १ | | | | | |
| २ | विद्यार्थी नतिजा तथा कार्य सम्पादनका आधारमा शिक्षक मूल्याङ्कन, प्रोत्साहन तथा सम्मान | जना | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | शिक्षण सिकाइ सहयोग अनुदान | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ४ | शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| ५ | गाउँपालिका स्तरीय शिक्षकहरूको सिकाइ समूह गठन | समुह | १ | १ | १ | १ | १ | १ | १० |
| ६ | प्रधानाध्यापक बैठक सञ्चालन तथा व्यवस्थापन | पटक | १० | १० | १० | १० | १० | ५० | १०० |
| ७ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ८ | प्रधानाध्यापक तथा शिक्षकहरूसँग करार सम्झौता | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ९ | प्रधानाध्यापक तथा उत्कृट शिक्षक प्रोहत्सान | जना | १ | १ | १ | १ | १ | ५ | ५ |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

शिक्षा पाउनु सबै बालवालिकाको नैसर्गिक अधिकार भएको हुँदा नेपालको संविधान(२०७२) को धारा ३१ले यो अधिकारलाई स्थापित गरेको छ । सबै वर्ग र क्षेत्रका बालवालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि समावेशी शिक्षा आजको उपयुक्त र सान्दर्भिक मुद्दा बनेको छायसैसन्दर्भमा, अपाङ्गता भएका र आर्थिक रूपले विपन्नका हकमा भने उच्च शिक्षा सम्मै निःशुल्क हुनुपर्छ । दृष्टिविहीन नागरिकले ब्रेललिपि तथा बौद्धिक अपाङ्गता भएकाले साङ्केतिक भाषामार्फत निःशुल्क शिक्षा पाउने हक सुरक्षित गरिएको छ । प्रत्येक समुदायलाई मातृभाषामा शिक्षा पाउने, त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने हक संविधानले दिएको छ । सानो

समाजको रूपमा हेरिने विद्यालयदेखि नै समावेसी शिक्षा विकासको अभ्यास गर्ने हो भने तिनै बालवालिकाले निर्माण गर्ने भविष्यको समाज पनि बृहद रूपमा समावेशी समाज बन्न सक्ने कुरामा विश्वास गर्न सकिन्छ। फरक क्षमता भएका, भिन्न बालवालिकारु अन्य बालवालिका भन्दा फरक भएतापनि उनीहरूलाई भिन्नै विद्यालयको परिकल्पना गर्दा समाजबाट अलग हुने सम्भावनालाई काम गरि अन्य व्यक्ति जस्तै समाजमा सँगै हुर्कने, बढ्ने, पढ्ने एवं सँग सँगै प्रतिस्पर्धी बन्ने अवसरलाई सुनिश्चित गर्न शैक्षिक समता र समावेशीकरणको अभ्यासले मद्धत गर्दछ।

एकल अधिकार अन्तर्गत संविधानले स्थानीय सरकारलाई माध्यमिक तह सम्मको जिम्मेवारी दिएकोछ। शिक्षामा विशेष व्यवस्था गर्न स्थानीयतह हरूलाई ऐन–कानून र निर्देशिका बनाएर लागू गर्ने अधिकार रहेको छ। बालविकास केन्द्रदेखि माध्यमिक तहसम्म गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित भए त्यसैबाट उच्च शिक्षामा विशेषगरी दलित र आदिवासी जनजाति अन्तर्गत पनि लोपोन्मुख र सीमान्तीकृतको पहुँचका लागि बलियो आधार तयार हुने गर्दछ। नागरिक बीचका यस्ता असमानता हटाउन सरकारले आरक्षण सँगै सकारात्मक विभेदको नीति अवलम्बन गरेपनि त्यसको कार्यान्वियमा देखा परेका विभिन्न अवोरोधका कारण पर्याप्त देखिँदैन। यस गाउँपालिकामा विपन्न दलित, पिछडिएका समुदायका र अपाङ्गताका बालवालिकाहरूको विद्यालय छाड्ने दर बढी हुनु, माध्यमिक शिक्षा पूरा गर्ने को दर कम हुनु, विद्यालयमा उपस्थिति र शिक्षण सिकाइमा सक्रियताको दर कम रहेको अवस्था विद्यमान छ। यस परिपेक्षमा, शिक्षा प्राप्त गर्नु सबै बालवालिकाको नैसर्गिक अधिकार भएकोले जातजाति, भाषाभाषी, लिङ्ग, धर्म, संस्कृति तथा शारीरिक बनावट आदि कुनै कुराको आधारमा भेदभाव नगरी सबैलाई सहज र सरल तरिकाले अध्ययन गर्न सक्ने वातावरण सृजना गर्नु आजको आवश्यकता भएको हुँदा विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गरी समान सहभागिता वृद्धि गर्नु यस योजनाको एक मुख्य उद्देश्य रहेको छ। यो शिक्षा योजनाको उप-क्षेत्रअन्तर्गत, कुनै प्रकारको विशेष आवश्यकता भएका बालवालिकाहरूलाई समेत सहज हुनेगरी कक्षाकोठाको व्यवस्था मिलाइनेछ। विपन्न दलित, पिछडिएका समुदायका र अपाङ्गता भएका बालवालिकाहरू प्रति गरिनुपर्ने व्यवहारका बारेमा शिक्षकहरूलाई तालिम प्रदान गरिने र सकेसम्म सहज एवं सिकारुमैत्री वातावरण सृजना गर्न प्रयास गरिनेछ।

### ४.३.२ उद्देश्य

- लक्षित समूहका बालवालिकाको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु,
- लक्षित समूहका बालवालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,
- विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालवालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु।

### ४.३.३ रणनीति

- बालमैत्री विद्यालय प्रारुप अनुसार सबै विद्यालयमा सिकाइका लागि आवश्यक अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री भौतिक तथा शैक्षिक वातावरणको विकास गरी लक्षित समूहका सबै बालवालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गर्ने,
- अपाङ्गताको प्रारम्भिक पहिचान गर्दै अपाङ्गताका किसिम तथा स्वरुप पहिचान गरी विषेश कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यक्ता अनुसार विशेष विद्यालय तथा स्रोत कक्षाको प्रवन्ध गर्ने,
- विद्यालय मार्फत् घरधुरी सर्वेक्षण गरी बालवालिकाको अवस्था र आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाउने,
- विद्यालयमा दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरू लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने,
- आधारभूत तहमा बहु तथा मातृभाषामा सिकाइको अवसर प्रदान गर्नुका साथै पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने,
- आवश्यकतानुसार लक्षित समूहका सबै बालवालिकाहरूको पोशाक, स्टेसनरी तथा सिकाइ समाग्रीका लागि छात्रवृत्ति उपलब्ध गर्ने,
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम गरिने छ भने विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने,
- लक्षित समुहका बालवालिकाका सिकाइ आवश्यकता सम्बोधन गरी उनीहरूको गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि समयसापेक्ष पाठ्यक्रममा अनुकुलन, नमुना शैक्षिक सामग्रीको विकास तथा शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गर्ने,
- विद्यालयमा अभिभावकको संलग्नता बढाउने तथा विद्यालयका गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गर्ने,
- विशेष बालवालिकाहरूलाई आत्मनिर्भर र बनाउन दिगो विकासका लागि हरित सीपमा आधारित जीवनपयोगी सीपमूलक शिक्षा र तालिमको अवसर सुनिश्चित गर्न पाठ्यक्रम, शिक्षक तयारी र संस्थागत संरचनाको पुनरावलोकन गर्ने,
- अपाङ्गता भएका बालवालिका तथा व्यक्तिहरूको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक तथा श्रव्य दृश्य र सहयोग सामग्रीको विकासमा सहजीकरण गर्ने,
- अपाङ्गता भएका बालवालिकाहरूको अपाङ्गताको अवस्था हेरी अन्य बालवालिकाहरूसँगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गर्न भूमिका निर्वाह गर्ने ।

## ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- लक्षित समूहका बालवालिकाको शिक्षामा समावेशी र समतामूलक पहुँच सुनिश्चित भएको हुने छ।
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालवालिका प्रतिशत | १ | १ | ०.७५ | ०.५१ | ०.३२ | ० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.९८ | ०.९८५ | ०.९९ | ०.९९५ | १. | १. |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.०५ | १.०४ | १.०३ | १.०२ | १.०१ | १. |
| ४ | लैंगिक, अपांग, बाल मैत्री संरचना | २५ | ३० | ३५ | ३७ | ३९ | ४१ |
| ५ | लैङ्गिक अपाङ्गता तथा बाल सरक्षण सम्पर्क व्यक्ति भएको विद्यालय प्रतिशत | १२ | १२ | २० | २८ | ३५ | ४१ |

## ४.३.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | शिक्षाको अवसरबाट वञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| २ | बालवालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | ४१ | ४१ | |
| ३ | समावेशी तथा समता शिक्षा र क्षमता विकास तालिम र अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघ संस्थाबिच जवाफदेही सहितको कार्यगत समन्वय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ५ | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्ति समेत) | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ६ | अति विपन्न र लक्षित बालवालिकालाई शैक्षिक सामग्रीहरू सहायता | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ७ | विद्यालयमा लैङ्गिक तथा समावेशी फोकल शिक्षकको व्यवस्था र क्षमता विकास | विद्यालय | ४१ | ४१ | ४१ | ४१ | ४१ | ४१ | ४१ | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

बालवालिकाको शैक्षिक पहुँच, सहभागिता र सिकाइ स्तर अभिवृद्धि गर्न र उनीहरूको स्वास्थ्य तन्दुरुस्त राख्न सामुदायिक विद्यालयमा खाजा कार्यक्रम सञ्चालित छ । तात्कालिक रूपमा बालवालिकाको भोक न्यूनीकरण गर्दै उनीहरूको पोषण तथा स्वास्थ्य स्थितिमा सुधार गरी शैक्षिक पहुँच, सहभागिता, निरन्तरता र सिकाइ स्तर समेत अभिवृद्धि गर्ने दीर्घकालीन लक्ष्यका साथ दिवा खाजा कार्यक्रम आधारभूत विद्यालय तहमा विगत केही वर्षदेखि कार्यान्वयनमा छ । यसको दायरा प्रति वर्ष विस्तार हुँदैगएको छ । नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा

निःशुल्क हुने र प्रत्येक नागरिकलाई खाद्य सुरक्षा समेत प्रत्याभूत गरेको छ। दिगो विकासका लक्ष्यमा गरिबी न्यूनीकरण, भोक उन्मूलन र सबैलाई गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्ने राष्ट्रिय प्रतिबद्धता व्यक्त गरिएको छ । आर्थिक रूपमा विपन्न, मानव विकास सूचकाङ्कमा पछि परेका समुदायका बालवालिकालाई दिवाखाजा सहित निःशुल्क शिक्षा सुनिश्चित गरिने व्यवस्था अनिवार्य तथा निःशुल्क शिक्षाऐन २०७५ ले गरेको छ।

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु आवश्यक हुन्छ। विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालवालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने भएको हुदा आवश्यक परिपाटीको व्यवस्था मिलाउनु सम्बन्धित स्थानीय तह र विद्यालयको जिम्मेवारी भित्र पर्दछ। यसले बालवालिकाको भावी जीवनका लागि सरसफाई तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक प्रभाव पर्ने भएको हुदा आवश्यकता अनुरुप सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ।

यस गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा भर्नादर बृद्धि गर्ने, शिक्षाको पहुँचमा पुऱ्याउने स्वास्थ्य, पोषणमा सुधार ल्याउने, कक्षा छोड्ने दर दोहोर्‍याउनेको अन्त्य गर्ने, नियमितता गराउने र सामुदायिक विद्यालयमा आकर्षण गराउने उद्देश्यले बालवालिकालाई दिवा खाजा उपलब्ध गराउँदै आएका छन्। दिवाखाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत बिभिन्न प्रयासहरूको बाबजुद यस गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा दिवाखाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई अझै व्यवस्थित गर्नुपर्ने; सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्नुपर्ने; विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्नुपर्ने; विद्यालय दिवा खाजाकार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्नुपर्ने; र सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्नुपर्ने जस्ता चुनौतीहरू पहिचान गरिएको छ।

### ४.४.२ उद्देश्य

- विद्यालयमा स्वस्थ तथा पोषणयुक्त स्थानीय पौष्टिक तत्वयुक्त दिवाखाजा प्राप्तिको सुनिश्चितता गर्नु,
- सबै बालवालिकाहरूमा पोषणयुक्त खाना खाने बानीको विकास गर्नु ,
- पोषण, स्वास्थ्य तथा सरसफाइ सेवाको विस्तार र गुणस्तर सुधार गरी विद्यार्थीको स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

### ४.४.३ रणनीति

- विद्यालयमा स्थानीय उत्पादनबाट तयार गरिएको पौष्टिक खाजाको व्यवस्था गर्नका लागि अभिभावकहरूलाई सघाउने तथा स्वास्थ्य र पोषणबारे अभिभावकहरूका लागि  सचेतना कार्यक्रम सञ्चालन गर्ने,
- दिवाखाजाका लागि विद्यालयमा आवश्यक पर्ने भौतिक तथा मानवीय साधनको उचित प्रवन्ध गर्ने,
- विद्यालयमा स्थानीय विषयको रुपमा वा स्वास्थ्य विषयमा जोडेर पोषण शिक्षालाई प्राथमिकताका साथ अध्यापन गराउने,
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमले तयार गरको विद्यार्थी हाजिरी कापीको अनिवार्य रुपमा सबै विद्यालयले प्रयोग गर्ने र त्यसमा उल्लेखित विषयमा विश्लेषण गरी अभिभावकलाई समय समयमा जानकारी गराउने,
- विद्यालयले प्रत्येक ३ महिनामा सबै विद्यार्थीको तौल र उचाईं मापन गर्ने र कुनै गंभिर लक्षण भए तत्काल र सामान्य अवस्थामा वर्षको एक पटक अभिभावकलाई जानकारी गराउने  तथा स्थानीय स्वास्थ्य संस्थासँग सहकार्य गरेर प्रत्येक ३ महिनामा विद्यार्थीहरूको स्वास्थ्य परीक्षण गराउने,
- विद्यालयमा प्राथमिक उपचार किट,जुकाको औषधी तथा भिटामिन ए र आइरन फालिक एसिड आदिको वितरण र छात्राहरूका लागि सेनिटरी प्याड वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यलाई स्वास्थ्य शाखा तथा स्वास्थ्य चौकीहरूको सहकार्यमा नियमित र प्रभावकारी बनाउने,
- दिवाखाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाई र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन , संयन्त्र र प्रक्रियामा पुनरनवलोकन गरी थप प्रभावकारी बनाउने,
- गाउँपालिकाका सबै विद्यालयहरूमा विद्यार्थी सङ्ख्याका आधारमा स्वच्छ खानेपानी र छात्र र छात्राका लागि प्रयाप्त पानी, साबुन तथा सरसफाइ सामग्री सहितको बेग्लाबेग्लै  शौचालय तथा किशोरीहरूका लागि सेनेटरी सामग्री,चेन्ज रुम, प्रयोग भइसकेका सामग्रीहरूको व्यवस्थापन, हातधुने ठाउँ व्यवस्था मिलाउने र हरेक विद्यालयमा ऐना र साबुनको व्यवस्था गर्ने। हरेक विद्यार्थीहरूद्वारा नै शौचालय सफा गर्ने नियम पालन गर्न अभिप्रेरित गर्ने।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- विद्यालयमा अध्ययन गर्ने सबै बालवालिकाको स्वास्थ्य तथा पोषणकोअवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित र रमाइलो सिकाइको वातावरणमा पूर्ण पहुँच तथा सहभागिता भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालवालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालवालिका* (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालवालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालवालिका* (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालय (%) | ९० | ९० | ९२ | ९३ | ८५ | १०० |
| ४ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय (%) | ९० | ९० | ९५ | ९६ | ९७ | १०० |
| ५ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | ० | ० | १ | २ | ५ | ७ |
| ६ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | ३० | ३० | ३२ | ३५ | ३७ | ४१ |

## ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडा तथा आवश्यक सामग्रीको प्रबन्ध | वटा | ४१ | | | | | ४१ | ४१ | |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजा अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| ३ | दिवा खाजाका लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित सहयोग | पटक | ४१ | ४१ | ४१ | ४१ | ४१ | ४१ | ४१ | |
| ५ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ६ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ७ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| ८ | हरित तथा सरसफाइमा उत्कृष्ठ कार्य गर्ने विद्यालयलाई पुरस्कृत गरिने | वटा | १ | १ | १ | १ | १ | ५ | १० | |

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| ९ | मानसिक स्वास्थ्य तथा लागु औषध सम्बन्धी सचेतनामूलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ पिट निर्माण, प्रयोग गरेको सेनिटरी प्याड व्यवस्थापनका लागि रातो बाल्टी, इन्सिनरेटर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

आपतकालीन तथा संकटपुर्ण अवस्थामा बालवालिकाले सिक्न पाउने अधिकारको सुनिश्चितताको लागि आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षाको सन्दर्भ जोडिएको हुन्छ। यस अवधारणा अन्तर्गत शिक्षा क्षेत्रमा देखापर्ने सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्काल विद्यालयतहको शिक्षा सेवाको सुचारुपनाको व्यवस्थापन, आपतकालपश्चात क्षतिको आपूरण सम्बन्धी कार्यढाँचालाई समेटेर यो उप-क्षेत्रअन्तर्गत लक्ष्य, उद्देश्य, रणनीतिहरू तथा कार्यनीतिको तर्जुमा गरिएको छ। प्राकृतिक तथा मानवीय प्रकोप, विभिन्न संक्रामक रोगहरूका कारण बालवालिकाको सिक्ने र शिक्षा प्राप्त गर्ने अधिकारमा अवरोध पुगेको अवस्थाबाट पाठ सिकी आपतकालीन अवस्थामा शिक्षाको कार्यढाँचा निर्माणको कार्य, यो योजनाको खण्डमा समावेश गरिएको छ। द्वन्द्व, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालवालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रूपमा लिने गरिन्छ। यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालवालिका लगाएत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालवालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुनेगरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो।

आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा बालवालिकाहरूले प्राप्त गर्न पाउनुपर्ने विद्यालयतहको शिक्षाको अधिकारलाई सुनिश्चितको लागि माथि उल्लेखित विद्यमान नीतिगत व्यवस्था भएता पनि स्थानीय तहको शिक्षामा कार्यान्वयको प्रभावकारिता कम देखिन्छ। आपतकालीन अवस्थामा

शिक्षाको भूमिकालाई सामान्य उद्धार कार्यका रूपमा हेरिनु एक ठुलो चुनौतीको विषय बनेको छ। अहिले आपतकालीन अवस्थाको लागि शिक्षा महत्त्वपूर्ण र अनिवार्य कार्यक्रमका रूपमा स्थापित गर्नु अति आवश्यक देखिन्छ। स्थानीय तहमा आइपरेका आगलागी, बाढी, पहिरो तथा अन्य विपत्तिबाट प्रभावित विद्यालय तथा बालवालिकाका लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रम महत्त्वपूर्ण रहेका थिए। स्थानीय तहको आफ्नै छुटै नीति नबन्दा विपतको बेलामा शिक्षालाई कसरी प्रभावकारी बनाउने भन्ने समस्या रहेको थियो। त्यसैको पाठबाट सिकेर विभिद परिस्थिती जन्य प्रतिकुल अवस्थामा पनि शिक्षालाई कसरी अगाडि बढाउने भन्ने बार यस योजनामा उद्देश्यहरू किटान गरी रणनीतिहरू तयार गरी सम्भावित कार्यक्रम समेटिएको छ। सामान्य समयभन्दा आपतकालीन अवस्थामा शिक्षाका विषयवस्तु, विधि र सामग्री फरक हुन्छन् तर, नेपालको शिक्षा सम्बन्धी योजनाहरू 'सबैको लागि शिक्षा' वा 'सहस्राब्दी विकास लक्ष्य' होस वा 'विद्यालय क्षेत्र सुधार कार्यक्रम' यी कुनै योजनामा आपतकालीन शिक्षा व्यवस्थाको योजना नगरिएको हुदा, यस गाउँपालिकाको शिक्षा क्षेत्र योजना अन्तर्गत आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षाका क्षेत्रका लक्ष्य, उद्देश्य, रणनीतिहरू, उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप निम्नानुसार तय गरिएको छ।

**स्थानीय तहको विद्यमान अवस्थाः**

- बालमैत्री र विपद उत्थानशील विद्यालय वातावरण र कक्षाकोठा तथा सबैका लागि सुरक्षित वातावरण,
- २०७२ को विनासकारी भूकम्पबाट प्रभावित विद्यालय तथा बालवालिकाको संख्या र व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरण र तिनीहरूको प्रभावकारिता,
- स्थानीय तहमा आइपरेका विपत्ति जस्तै आगलागी, बाढी, पहिरो तथा अन्य विपत्तिहरूबाट प्रभावित विद्यालय तथा बालवालिकाको संख्या र व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरण र तिनीहरूको प्रभावकारिता,
- विभिन्न समयमा देखा परेका संक्रामक रोगहरूबाट प्रभावित विद्यालय तथा बालवालिकाको संख्या र व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरण र तिनीहरूको प्रभावकारिता।

बालमैत्री विद्यालय वातावरण भनेको यस्तो वातावरण हो जसले बालवालिकाहरूको शारीरिक, मानसिक र सामाजिक विकासलाई प्रवर्द्धन गर्दछ। खेलकुदका साधनहरू, पर्याप्त उज्यालो, स्वच्छ हावास्वास्थ्यको ध्यान, र सिकाइका सामग्रीहरूको व्यवस्था हुनुपर्दछ। विपद उत्थानशील वातावरणको अर्थ भनेको त्यस्तो विद्यालय बनाउनु हो जसले प्राकृतिक विपत्तिका अवस्थामा शीघ्र पुनःस्थापना गर्न र बालवालिकाको सुरक्षालाई सुनिश्चित गर्न सक्षम होस् र जोखिमको बारेमा प्रशिक्षण र तयारी, संरचनात्मक सुधारहरूका साथै आपतकालीन योजना हुनु पनि हो। नेपालको २०७२ को विनासकारी भूकम्पबाट प्रभावित विद्यालय तथा बालवालिकाको संख्या र व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरण र

तिनीहरूको प्रभावकारिता, त्यस विकासकारी भूकम्पले नेपालका विभिन्न भागमा विद्यालयहरूको भौतिक संरचना र बालवालिकाको जीवनमा ठूलो असर पुर्याएको थियो। यस विपत्तिमा थुप्रै विद्यालय नष्ट वा क्षतिग्रस्त भए, र लाखौँ बालवालिका सिकाइ प्रभावित भएको थियो। त्यसको उत्तरदायित्व व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय स्तरमा विभिन्न कार्यक्रमहरू सञ्चालन भए। अन्तर्राष्ट्रिय तहबाट, संयुक्त राष्ट्रसंघ र अन्य गैर-सरकारी संस्थाहरूले उद्धार र पुनर्निर्माणका लागि वित्तीय सहयोग र प्राविधिक सहयोग प्रदान गरे। राष्ट्रिय तहमा, नेपाल सरकारद्वारा विपत्ति राहत र पुनर्निर्माणका लागि योजना बनाइयो, जसमा विद्यालयहरूको पुनर्निर्माण र बालवालिकाको शैक्षिक पुनःस्थापना प्राथमिकता रहेका थिए। स्थानीय तहमा विद्यालयहरूलाई सुरक्षित र विपद प्रतिरोधी बनाउने कार्य अगाडि बढाइए, बालवालिकाका लागि मानसिक स्वास्थ्य र सामाजिक पुनःस्थापना कार्यक्रमहरू पनि सञ्चालन भए। यी कार्यक्रमहरूको प्रभावकारिता मिश्रित रह्यो; केही स्थानमा शीघ्र पुनःस्थापना र सुधार सम्भव भयो भने, अन्य स्थानमा संरचनात्मक र व्यवस्थापकीय चुनौतीहरू रहे।

- स्थानीय तहमा आउने विपत्तिहरू जस्तै आगलागी, बाढी र पहिरोले विद्यालय र बालवालिकालाई ठूलो संकटमा पार्दछ। यी घटनाहरूमा विद्यालयहरूको भौतिक संरचना नष्ट हुन्छ र बालवालिकाको शैक्षिक वातावरण प्रभावित हुन्छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय सहायता संस्थाहरूले आपतकालीन राहत र पुनर्निर्माणका लागि योजनाहरू सञ्चालन गरे। स्थानीय तहमा, विद्यालयलाई सुरक्षित बनाउन र बाढी र पहिरोबाट बचाउने उपायहरूमा विद्यालय भवनहरूको संरचनात्मक सुधार, विद्यालयका वरिपरि प्राकृतिक र मानवीय सुरक्षा उपायहरू जस्तै भत्किएका पुलहरूको निर्माण र स्थानीय तयारी गतिविधिहरू गरियो।
- कोभिड-१९ महामारीबाट प्रभावित विद्यालय तथा बालवालिकाको संख्या र व्यवस्थापनको लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय तहबाट गरिएका कार्यक्रमहरूको विवरण र तिनीहरूको प्रभावकारिता
- कोभिड-१९ महामारीले विद्यालयका शैक्षिक क्रियाकलापमा ठूलो विघटन ल्यायो। विद्यालयहरू बन्द भए र हजारौं बालवालिका शिक्षा प्राप्त गर्न असमर्थ भए। यस समस्याको समाधानका लागि, अन्तर्राष्ट्रिय स्तरबाट, विभिन्न संगठनहरूले अनलाइन शिक्षाका लागि उपकरण र सामग्री उपलब्ध गराए। नेपाल सरकार र स्थानीय तहले अनलाइन शिक्षा र रेडियो शिक्षा मार्फत बालवालिकालाई शिक्षाको पहुँच बढाउन प्रयास गरे। तर, सबै क्षेत्रहरूमा समान पहुँच र पहुँचयोग्यता थिएन। ग्रामीण र दुर्गम क्षेत्रका बालवालिकाहरूको लागि चुनौती अझै पनि कायम रह्यो, र शिक्षा समावेशी बनाउन थप प्रयास आवश्यक थियो।
- समग्रमा, यी कार्यक्रमहरूले बालवालिकाको शिक्षा र सुरक्षा सुनिश्चित गर्न ठूलो प्रयास गरे पनि, प्रत्येक तहमा सुधार र बलियो समन्वयको आवश्यकता रहेको देखिन्छ।

### ४.५.२ उद्देश्य

- विपद व्यवस्थापन प्रति कार्यको संयन्त्र र कार्यढाँचाको विकास गर्ने।
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्ने।

- आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालवालिकाहरूको सिक्न पाउने अधिकारको सुनिश्चित गर्ने ।

### ४.५.३ रणनीति

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने
- सम्भावित प्रकोप तथा विपत् सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने,
- संक्रामक रोगहरूको महामारीबाट बच्न पूर्व सावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने,
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने,
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने,
- विद्यालय स्तरीय प्रतिकार्ययोजना तयार गर्ने,
- स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster)निर्माण तथा परिचालन गर्ने,
- शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
- विपत व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने,
- विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८०अनुसार केन्द्रमा सहजिकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपत् व्यवस्थापन तथा विपत् जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्षसम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्ने,
- विपत तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा कामगर्ने सरकारी तथा अर्धसरकारी निकाय बिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने,
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- विपत व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने छ ।
- सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ ।
- आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालवालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालवालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | १० | १० | १० | २० | ३० | ४० |
| २ | हरितविद्यालय सङ्ख्या | १ | १० | २० | ३० | ४० | ४७ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ० | १० | २० | ३० | ४० | ४७ |

## ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | पालिका |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | पालिका |
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | पालिका |
| ४ | शिक्षक तथा विव्यस तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | पालिका |
| ५ | विपद प्रतिरोधी विद्यालय सँख्या | पटक | १ | १ | १ | १ | १ | ५ | १० | पालिका |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड सबै विद्यालयले अनिवार्य पालना गर्नुपर्ने भएतापनि यसको पूर्ण पालना हुन सकेको छैन। विद्यालय भवन बनाउँदा ६० प्रतिशत जमिन खाली छाड्नुपर्ने, कक्षाकोठासँगै खानेपानी, शौचालय, शिक्षक प्रशासनिक कार्यकक्ष, खेलमैदान, पुस्तकालय, भान्सा तथा खाजाघर, मनोरञ्जन कक्ष, बैठककक्ष, पोसाक वा स्यानिटरी प्याड परिवर्तन कक्ष अनिवार्य हुनुपर्ने व्यवस्थाको मापदण्ड भएतापनि हाल यसगाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरू मापदण्डअनुरुप भएको अवस्था छैन। यो अवस्थामा मापदण्डविहिन भौतिक पूर्वाधारले विद्यार्थीको मनोविज्ञानमै असर परेको देखिन्छ। असुरक्षित भवन र कक्षाकोठा, शौचालय र खानेपानीको अभाव आदिले आकर्षण घटाउने मात्र नभई विद्यार्थीहरू पढाइमा केन्द्रित नहुने अवस्था देखिन्छ।

भौतिक पूर्वाधारको सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गरिएपनि प्राविधिक एवं वस्तुनिष्ठ आँकलन गर्न सकिएको छैन। पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय, पारदर्शी र जवाफदेही बनाउने, सुरक्षित विद्यालयको लागि भौतिक पूर्वाधारका लागि उपयुक्त मापदण्ड र मोडालिटी विकास गर्ने, पूर्वाधार विकास एवं विस्तारका लागि गुरू योजना निर्माण, आवश्यक स्रोतको प्रबन्ध, भौतिक पूर्वाधारहरू अपाङ्गता मैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री बनाउने चुनौतीहरू विद्यमान छन्। यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा विद्यार्थीको रुचि घट्दै जानुको प्रमुख कारण भौतिक पूर्वाधार रहेको छ। शैक्षिक गुणस्तरका लागि स्तरीय शिक्षक जस्तै भौतिक संरचना पनि आवश्यक पर्ने भएको हुदाँ विद्यालय भौतिक पूर्वाधार विकासमा सम्बन्धित सरोकारवालाहरूको आकर्षण आजको आवश्यकता बनेको छ।

### ४.६.२ उद्देश्य

- अपाङ्गतामैत्री, बालमैत्री, समावेशी र सुरक्षित विद्यालयको अवधारणा अनुरूप सुरक्षित र उपयुक्त भौतिक वातावरण सहित गुणस्तरीय विद्यालय शिक्षाको व्यवस्थापन गर्नु।
- विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धि मापदण्ड २०८० अनुसार विद्यालय भौतिक पूर्वाधार विकास र विस्तारका लागि तोकिए बमोजिमको मापदण्ड कार्यान्वयन गर्नु/गराउनु।
- पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरी भौतिक पूर्वाधार विकासका कार्यक्रमहरू सञ्चालन गर्नु।
- सबै विद्यालयमा प्रयाप्त पूर्वाधारको विकासको कार्यमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय गैससहरू सँग लागत साझेदारीको आधारमा स्रोत व्यवस्थापन गर्नु।

### ४.६.३ रणनीति

- स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समितिको गठन भएको हुनेछ ।
- विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने भौतिक पूर्वाधारको आँकलन गरिने छ ।
- भूगोल, हावापानी, विद्यार्थी सङ्ख्या र लागतका आधारमा भौतिक पूर्वाधार विकास सम्बन्धी मापदण्ड यकिन गरिने छ ।
- विद्यालयहरूको भौतिक पूर्वाधार विकासका लागि संघीय र प्रदेश सरकार तथा स्थानीय गैरसरकारी संघसंस्थाहरूसँग स्रोत व्यवस्थापनमा लागत साझेदारीको अवधारणा अपनाइनेछ ।
- एक विद्यालयमा पूर्वाधार विकासका सबैकार्य एकैपटक निर्माण गर्ने(Build Back Better-BBB) अवधारणा कार्यान्वयनको आरम्भ गरिनेछ ।
- पूर्वाधार विकाससँगै सुरक्षित विद्यालय, सामाजिक एवं वातावरणीय पक्षलाई एकीकृत प्रणालीको रूपमा संस्थागत क्षमता सुदृढीकरण गरिनेछ ।
- सम्बन्धित सरोकारवालाहरूबीच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधारको समुचित उपयोग सुनिश्चित गरिनेछ ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरण सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बालमैत्री, अपांग मैत्री तथा भुकम्प प्रतिरोधी विद्यालय % | ० | १५ | ३० | ५० | ७० | ९० | १०० | |
| २ | खेलमैदान व्यवस्थापन तथा खेलकुद सामाग्री व्यवस्थापन % | ३५ | ४० | ६० | ८० | १०० | | | |
| ३ | भुकम्प प्रतिरोधी कक्षाकोठा सङ्ख्या % | ० | २० | ४० | ६० | ८० | १०० | | |
| ४ | सबलीकरण भएका कक्षाकोठा % | १० | २० | ३० | ४० | ५० | ६० | ८० | १०० |

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | मैत्रीपूर्ण शौचालय भएको विद्यालय % | १५ | २० | २५ | ४० | ५० | ७० | ९० | १०० |
| ६ | स्वच्छ र मैत्रीपूर्ण पिउने पानीको व्यवस्थापन भएको विद्यालय % | २० | ३० | ४० | ५० | ६० | ७० | ८० | १०० |
| ७ | भौतिक पूर्वाधार संरक्षण र मापदण्ड सम्बन्धी अभिमुखिकरण | ० | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |

## ४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | पटक | २ | २ | २ | २ | २ | १० | २० | तीनैतह |
| ३ | विद्यालयमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | पटक | २ | २ | २ | २ | २ | १० | २० | तीनैतह |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | पटक | ३ | ३ | ३ | ३ | ३ | १२ | २० | तीनतह |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | पटक | ३ | ३ | ३ | ३ | ३ | १२ | ३२ | तीनैतह |
| ६ | अपाङ्ता मैत्री संरचना निर्माण | पटक | २ | २ | २ | २ | २ | १० | २० | तीनैतह |

| क्र. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजुसूची भर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २० | तीनतह |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०७७ विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य घण्टाको समय निधारण गरेको छ। माध्यमिक तहमा ऐच्छिक विषयका रुपमा कम्प्युटर अध्ययन गर्न सकिन्छ। यस गाउँपालिकामा ९ वटा विद्यालयहरूमा प्रोजेक्टर र ६ वटा विद्यालयहरूमा स्मार्ट वोर्डको माध्यमले शिक्षण सिकाइ गर्न थालिएको छ ।वटा विद्यालयहरूमा इन्टरनेट जडानको कार्य अगाडि बढिरहेको छ । सबै माध्यमिक विद्यालयहरूमा इन्टरनेट सुविधाका लागि अनुदानको व्यवस्था गरिएको छ। यस पालिकाको कुनै पनि विद्यालयमा इ हाजिरीको व्यवस्था गरिएको छैन। सबै आधारभूत तह का विद्यालयहरूमा गत आ व देखि नै कम्प्युटर र प्रिन्टर जडान गरिएको छ। माध्यमिक विद्यालयहरूमा कम्प्युटर सहायकको व्यवस्था गरिएको छैन।

### ४.७.२ उद्देश्य

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु,
- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु।

### ४.७.३ रणनीति

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गर्ने,
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने,
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,

- शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधा मार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने,
- कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालवालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | २९ | ३२ | ३५ | ३६ | ३८ | ४१ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | ३५ | ३६ | ३७ | ३८ | ३९ | ४१ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ९ | १५ | २० | २५ | ३५ | ४१ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३३ | ३५ | ४० | ४१ | ४१ | ४१ |
| ५ | विद्युत्को पहुँच पुगेका विद्यालय सङ्ख्या | ३५ | ३६ | ३७ | ३८ | ३९ | ४१ |

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | पटक | ९ | २ | ३ | ५ | ५ | २४ | १७ | संघ, प्रदेश र स्थानीय तह |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | वटा | २९ | ९ | १ | १ | १ | ४१ | ० | संघ, प्रदेश र स्थानीय तह |
| ३ | ICT विषयमा शिक्षकहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश र स्थानीय तह |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायतको व्यवस्थापन | पटक | ३५ | २ | १ | १ | २ | ४१ | ४१ | संघ, प्रदेश र स्थानीय तह |
| ५ | IEMIS व्यवस्थापन तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश र स्थानीय तह |
| ६ | सामूदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश र स्थानीय तह |
| ७ | विद्यालमा इ हाजिरी व्यवस्थापन | पटक | ७ | ५ | ३ | ३ | ३ | २१ | ४१ | संघ, प्रदेश र स्थानीय तह |

# परिच्छेद ५ : अन्य उपक्षेत्र तथा अन्तरसम्बन्धित बिषयहरू

## ५.१ उच्च शिक्षाको व्यवस्थापन

### ५.१.१ वर्तमान अवस्था

चिङ्गाड गाउँपालिकाभित्र प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा कक्षा (१—८) , माध्यमिक शिक्षा कक्षा (९—१२) सम्म सञ्चालित विद्यालयहरूका अतिरिक्त उच्च शिक्षाको लागि क्याम्पस छैन । उच्च शिक्षा अध्यनका लागि यहाँका सवै विद्यार्थीहरू वीरेन्द्रनगर, सुर्खेत, बाँकेको नेपालगञ्ज, र काठमाण्डौं जान्छन् भने न्यून श्रोत भएका बालवालिकाले अध्यन छोड्नु पर्ने अवस्था छ ।यस पालिका देखि वार्षिक करिव २ सय बालवालिका उच्च शिक्षा का लागि बाहिरिने गरेको तथ्यांक रहेको छ ।

### ५.१.२ उद्देश्य

चिङ्गाड गाउँपालिकामा उच्च शिक्षा स्थापना गर्नुका मुख्य उद्देश्यहरू निम्नानुसार छन्:

क) उच्च शिक्षा हाँसिल गर्ने अवसरबाट बञ्चित बालवालिकाहरूका लागि न्यूनतम खर्चमा स्थानीय स्तरमा उच्च शिक्षा हाँसिल गराउनु,

ख) उच्च शिक्षामा सवै बालवालीकाहरूको समान पहुँच सुनिश्चित गर्नु,

ग) गुणस्तरीय उच्च शिक्षाको माध्यमबाट सक्षम र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नु,

घ) उच्च शिक्षा प्रदायक संस्थासँगको सहकार्य तथा समन्वय बढाउनु ।

### ५.१.३ रणनीतिहरू

क) गाँउपालिकाले संघीय सरकार, प्रदेश सरकार र विश्वविद्यालय अनुदान आयोगसँग समन्वय गरी क्याम्पसलाई आर्थिक रुपले सम्पन्न गराउने,

ख) उच्च शिक्षामा सूचना प्रविधिको प्रयोग बढाउनका लागि विभिन्न स्रोतको खोजी गर्न सहयोग प्रदान गर्ने,

ग) पहुँच र गुणस्तर अभिवृद्दि गर्न विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था मिलाउने,

घ) क्याम्पसका भौतिक पूर्वाधार निर्माण गर्न आवश्यक स्रोतको खोजी गर्ने ,

ङ) पूर्णकालिन शिक्षक भर्ना गर्न प्रदेश र संघीय सरकारसँग समन्वय गरी आवश्यक स्रोतको खोजी गर्ने ।

### ५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

क) उच्च शिक्षा हाँसिल गर्ने उमेर समूहका सवै युवाहरूलाई गुणस्तरीय उच्च शिक्षाको सुनिश्चितता हुने छ।

ख) उच्च शिक्षा हाँसिल गर्ने उमेरका सवै युवाहरूलाई उच्च शिक्षामा पहुँच सुनिश्चित भएको हुने छ।

ग) क्याम्पसको भौतिक, आर्थिक र प्रशासनिक सुधार भएको हुने छ।

घ) सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा समतामूलक पहुँच भएको हुने छ।

### ५.१.५ मुख्य क्रियाकलापहरू:

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार निर्माणमा सहयोग | क्याम्पस | | १ | | १ | | १ | पालिका, प्रदेश र संघ |
| २ | शिक्षक व्यवस्थापन अनुदान | पटक | | १ | १ | | १ | १ | पालिका , प्रदेश र संघ |
| ३ | सूचना तथा प्रविधिको पहुँचमा वृद्धि | क्याम्पस | | | १ | | १ | | पालिका , प्रदेश र संघ |
| ४ | विपन्न वर्गको लागि छात्रवृत्ति | जना | ० | १० | १० | १० | १० | ५० | पालिका , प्रदेश र संघ |

## ५.२ सामुदायिक पुस्तकालय

### ५.२.१ वर्तमान अवस्था

पठन संस्कृतिको विकासका लागि पुस्तकालयको स्थापना र प्रयोग अति आवश्यक देखिन्छ। समुदाय तवरमा पुस्तकालयको स्थापना र प्रयोग मार्फत पठन संस्कृतिको विकास, क्षमताको विकास र आवश्यक विभिन्न सामग्रीहरूको प्रयोगले समुदायमा साक्षरता तथा सचेतनाको विकासमा मद्दत गर्दछ। यसमा बाल पुस्तकालय, वाचनालय, विद्युतीय पुस्तकालयका रूपमा रहने छ। समुदायमा स्थापना हुने र समुदायका लागि लक्षित गरिएका पुस्तकालय स्थानीय तह वा प्रदेश सरकारको सहयोगमा समुदायका सबै वर्ग, धर्म, लिङ्ग, जातजाति, भाषाभाषी लगायतका सबै उमेर र पेसा व्यावसायमा संलग्न नागरिकलाई बिना भेदभाव सदस्यता प्राप्त गरी वा नगरी पुस्तकहरूको आदान प्रदान वा निश्चित स्थानमा बसी अध्ययन वा प्रयोग गर्न पाउने गरी सञ्चालन भएको पुस्तकालय हुनेछ।

विभिन्न पेशा व्यवसाय, वर्ग र सबै क्षेत्रको लागि अति आवश्यक विषयवस्तुहरू र सन्दर्भ सामग्रीहरू पुस्तकालयमा उपलब्ध हुने गरी पठन संस्कृतिको विकास र प्रवर्द्धन गर्न सकिन्छ। यस गाउँपालिकामा

हाल कुनै पनि सामुदायिक पुस्तकालय छैन ।  तर यसलाई  सामुदायिक सिकाइ केन्द्र मार्फत सार्वजनिक पुस्तकालय तथा अन्य तवरले समुदाय पठन स्रोत सामग्रीको व्यवस्थापन मिलाई  सबैको सहज पहुँच पुग्ने गरी पुस्तकालय स्थापना र प्रयोग गर्न सकिन्छ ।

## ५.२.२ उद्देश्यहरू

क) समुदाय स्तरमा समेत पठन संस्कृतिको विकास र प्रवर्द्धन गर्नु,
ख) पाठकलाई विभिन्न किसिमका आवश्यक पठन सामग्रीहरू सरल र सहज रुपमा उपलब्ध गर्नु ।

## ५.२.३ रणनीतिहरू

क) सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास र परिचालन मार्फत पुस्तकालय व्यवस्थापन र प्रयोगमा जोड दिने ,
ख) पठन संस्कृतिको विकासका लागि समुदाय स्तरमा सचेतनामुलक कार्यक्रमहरू गर्ने तथा समुदायको आवश्यकतामा आधारित पुस्तक तथा सामग्रीहरू व्यवस्थापन गर्ने ।

## ५.२.४ उपलब्धि तथा नतिजा

**उपलब्धि**

(क) सामुदायिक तवरमा पुस्तकालय स्थापना भएको हुने छ ।
(ख) समुदाय स्तरमा रहेका आम नागरिकको पठन संस्कृतको विकास भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुस्तकालयको स्थापना | ० | | १ | | २ | | ३ |

## ५.२.५ मुख्य क्रियाकलापहरू:

| क्र. सं. | मुख्य क्रियाकलापहरू | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुस्तकालयको स्थापना | वटा | | १ | | १ | | १ | पालिका, सामुदायिक सिकाइ केन्द्र |
| २ | समुदाय तहमा पठन संस्कृतिको लागि सचेतनामूलक कार्यक्रम | पटक | | १ | १ | १ | १ | ५ | पालिका, सामुदायिक सिकाइ केन्द्र |

## ५.३ युवा तथा खेलकुद विकास

### ५.३.१ वर्तमान अवस्था

चिङ्गाड गाँउपालिका गाउँ कार्यपालिका अन्तर्गत रहने विभिन्न विषयगत शाखा मध्ये शिक्षा, युवा तथा खेलकुद शाखाले नै युवा तथा खेलकुद सम्बन्धी प्रचलित ऐन नियम एंव स्थानीय तहबाट निर्माण भई कार्यान्वयनमा आएका कार्यविधिहरू अनुरुप युवा तथ खेलुकदका निम्न कार्यहरू गर्ने व्यवस्था रहेको छ । यस अन्तरगत स्थानीय तहले स्थानीय स्तरका खेलकुद संरचनाको पूर्वाधार निर्माण सञ्चालन तथा विकास, स्थानीय स्तरमा खेलकुद प्रशासन् तथा संघसंस्थाको नियमन र समन्वय, खेलकुदको विकास र प्रवर्द्धन, खेलकुद प्रतियोगिता आयोजना र सहभागिता, खेलकुद सम्बन्धी पूर्वाधार विकास तथा संघीय युवा तथा खेलकुद मन्त्रालयको युवा स्वरोजगार कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक व्यवस्थापन गर्न पहल गरिने जस्ता विषयहरू उल्लेख गरेको छ ।

यसै सन्दर्भमा चिङ्गाड गाउँपालिकाको विद्यालय तथा युवाहरूको खेलकुद कार्यक्रमहरूलाई शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत शिक्षा समितिले संयोजन गर्दै आएको छ । यस अन्तर्गत विद्यालय स्तरका अन्तर विद्यालय खेलकुद सञ्चालन, राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको तयारी, छनोट र जिल्लास्तरको कार्यक्रममा सहभागिता, समुदाय स्तरमा युवा तथा खेलकुद संरचना एंव पूर्वाधार विकास र सहभागिता गराउँदै आएको छ । प्रतियोगिताको लागि आवश्यक अन्तरविद्यालय खेलकुद प्रतियोगिता कार्यक्रम तथा युवा खेलकुदका लागि खेलकुद सामग्री र आवश्यक स्रोत व्यवस्थापन गर्दै आएको छ ।विद्यालय तहमा खेलकुद विकासका लागि विभिन्न खेल सामग्रीहरूको वितरण र सहयोग भएता पनि खेल प्रशिक्षकको व्यवस्थापन तथा खेलकुदका गतिविधिहरू प्रभावकारी रुपमा बढाउन अति आवश्यक देखिन्छ । विद्यालय तहमा नै विभिन्न खेलमा बालवालिकालाई अभ्यस्त बनाई उनीहरूलाई खेलकुदमा सक्षम र प्रतिस्पर्धि बनाउन चिङ्गाड गाउँपालिका निरन्तर रुपमा लाग्नु पर्ने देखिन्छ ।

### ५.३.२ उद्देश्य

(क) स्थानीय स्तरका खेलकुद संरचनाको पूर्वाधार निर्माण सञ्चालन तथा विकास गर्नु,

(ख) खेलकुदको विकास र प्रवर्द्धन गर्नु र खेलकुद प्रतियोगिता आयोजना र सहभागिता सुनिश्चित गर्नु,

(ग) खेलकुद सम्बन्धी पूर्वाधार विकास गर्नु तथा विद्यालयस्तरमा विविध प्रकारका खेलकुद प्रतियोगिता सञ्चालन व्यवस्थापन एंव राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि तयारी गर्नु,

(घ) युवा स्वरोजगार सम्बन्धी तालिम तथा रोजगार व्यवस्थापन गर्नु ।

### ५.३.३ रणनीतिहरू

(क) गाउँपालिकाक्षेत्रमा खेलकुद समिति गठन र परिचालन गर्ने ,

(ख) खेलकुद संरचनाका लागि पूर्वाधार निर्माण गर्ने,

(ग) खेलकुदको सञ्चालन र विकास गर्ने

(घ) स्थानीयस्तरमा खेलकुल सम्बन्धी संघ प्रदेश र गैससहरूको समन्वय र सहकार्य गर्ने ,

(ङ) संघ र प्रदेशबाट जारी खेलकुद सम्बन्धी कानुनको अधिनमा रही कार्यविधि निर्माण र कार्यान्वयन गर्ने ,

(च) विद्यालय तथा युवा स्तरका खेलकुद प्रतियोगिता आयोजना र सहभागिता सुनिश्चित गर्ने

(छ) पालिकामार्फत आयोजना तथा सहभागिता हुने खेलकुद कार्यक्रममा आवश्यक सामग्री तथा स्रोतको व्यवस्थापन गर्ने

(ज) युवा स्वरोजगार कार्यक्रम कार्यान्वयनमा साझेदारी विकास गर्ने

## ५.३.४ मुख्य उपलब्धि, र नतिजा

**उपलब्धि**

विद्यालयस्तरका विधार्थी तथा समुदायस्तरका युवाहरूलाई खेलकुद प्रति उत्प्रेरित गर्दै सक्रिय सहभागित र प्रतिस्पर्धाको विकास भएको हुने ।

**नतिजा**

(क) गाउँपालिकास्तरमा विभिन्न खेलसम्बन्धी सहजकर्ता तथा सहभागी तयार हुने छ,

(ख) खेलकुलका लागि पूर्वाधारको निर्माण र व्यवस्थापन भएको हुनेछ

(ग) खेलकुद सम्बन्धी स्थानीय नीति तथा कार्यविधिहरू तयारी र कार्यान्वयन भएको हुने छ

(घ) खेलकुद सम्बन्धमा जिल्ला तथा प्रदेश स्तरका निकायसँग समन्वय र सहकार्य भएको हुने छ,

(ङ) खेलकुदको विकास र प्रवर्द्धन सम्बन्धमा विद्यार्थी र युवाहरूलाई अभिमुखिकरण भएको हुने छ,

(च) विभिन्न खेलहरूमा उत्कृष्ठ खेलाडी तथा प्रशिक्षकहरूलाई सम्मान भएको हुने छ,

(छ) युवा स्वरोजगार कार्यक्रम कार्यान्वयन भएको हुने छ ।

## ५.३.५ मुख्य क्रियाकलापहरू:

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय स्तरको खेलकुदको संरचना विकास | पटक | | १ | | १ | | २ | पालिका, संघ र प्रदेश |
| २ | विभिन्न खेलकुद सम्बन्धी निकायहरू सँग सहकार्य र समन्वय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |

| क्र.सं. | मुख्य क्रियाकलापहरू | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकी अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | अन्तरविद्यालय खेलकुद प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र विद्यालय |
| ४ | समुदायस्तरमा युवा खेलकुद प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र वडा |
| ५ | विद्यालय तथा युवा स्तरका खेलकुदका लागि आवश्यक कार्यविधि र निर्देशिका तयारी | विद्यालय | | १ | | | | | पालिका |
| ६ | खेलकुद सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ७ | उत्कृष्ठ खेलाडी तथा प्रशिक्षकहरूलाई सम्मान | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ८ | बिद्यालमा खेलकुद प्रशिक्षकको व्यवस्थापन | जना | | २ | | २ | | निरन्तर | पालिका |
| ९ | पालिका कप | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |

# परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ वर्तमान अवस्था

यस गाउँपालिकाको हकमा आन्तरिक स्रोतका क्षेत्रहरूको पहिचान तथा संभाव्यता अध्ययन, राजस्व परिचालन सन्बन्धी अध्ययन तथा सरोकारवालाबीच छलफल आवश्यक रहेको छ । गाउँपालिका क्षेत्र भित्र सञ्चालन भइरहेका अधिकांश विद्यालयमा शून्यदरबन्दी र राहत कोटा कम भएको कारण चरम शिक्षक अभाव झेलिरहेका छन् । प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरू अन्तर्राष्ट्रिय श्रम संगठनले तोकेको न्यूनतम ज्याला समेतको सुविधाविना अति न्यून पारिश्रमिकमा खटिरहेका छन् । प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरूका लागि उपयुक्त दरबन्दीको सिर्जना हुन सकेको छैन । अपर्याप्त सुविधाका कारण सहजकर्ता र कर्मचारीहरूमध्ये धैरैजसो अदक्ष र न्यून शैक्षिक योग्यताका नियुक्ति भइ कार्यरत छन् । जुन दीर्घकालीन सोचको अभाव कारण सिर्जित चुनौतीपूर्ण समस्याका रुपमा रहेको छ । सङ्गठनसंरचनाकै आधारमा कर्मचारीहरू परिचालन हुने र कर्मचारीहरू मार्फत नै सङ्गठनले सेवाप्रवाह गर्ने हुँदा यस गाउँपालिकाको साङ्गठनिक क्रियाकलापहरूलाई निर्देश गर्न यसको सङ्गठन संरचनाले निकै महत्त्वपर्ण भूमिका खेलेको हुन्छ । यो गाउँपालिकाले शिक्षाका विभिन्न क्षेत्रमा आफ्ना सेवा प्रवाहका गतिविधिहरूलाई व्यवस्थित गर्न तथा गुणस्तरीय बनाउनका लागि सङ्गठन स्वरूप स्वीकृत गरी सेवा सञ्चालन गर्नुपर्ने देखिन्छ । तसर्थ यस योजनामा संस्थागत क्षमता विकासका क्षेत्रलाई विशेष ध्यान दिने रणनीति तथा कार्यनीति अवलम्बन गरिएको छ ।

**यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको कर्मचारी संरचना:**




### ६.१.२ उद्देश्य

१. स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउने,

२. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु
३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु

### ६.१.३ रणनीति

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने,
- वि.व्य.स., शि.अ.सं. र अभिभावकहरूलाई जिम्मेवार बनाउने ।

### ६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालवालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक | ४० प्रतिशत | ४० | ४५ | ६० | ७० | ९० |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक | ५० प्रतिशत | ५५ | ६० | ७० | ८० | ९५ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण समयमा सम्पन्न गर्ने विद्यालय | ५५ प्रतिशत | ६० | ८० | ९० | ९५ | १०० |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय संख्या | ९० प्रतिशत | ९५ | ९८ | १०० | | |

### ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | १ | १ | १ | १ | १ | | | संघ, प्रदेश र स्थानीय |
